सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ कात्तिक २०८०, बिहीबार (9 Nov 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २०३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ३९८ विद्यालय क्षतिग्रस्त

५० हजारभन्दा धेरै विद्यार्थीको पढाइ प्रभावित

दुई जिल्लामा गरी ३९ विद्यार्थी, दुई शिक्षिका र एक कार्यालय सहयोगीको गयो ज्यान

■ प्रभावित बालबालिकालाई मनोपरामर्श आवश्यक

जाजरकोटमा **विष्णु शर्मा**,
रुकुम पश्चिममा **मनीष खड्का**

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका- १४ ज्यामिरकोट टाकुरामा रहेको जनविकास माविमा अध्ययनरत तीन विद्यार्थीले भूकम्पमा ज्यान गुमाए। कक्षा आठ र कक्षा पाँचमा अध्ययनरत एक छात्र र दुई छात्रा गुमाएको जनविकास माविको भवन पनि भूकम्पमा जोगिएन।

विद्यालयका दुई कच्ची भवन कामै नलाग्ने गरी पूर्ण रूपमा ध्वस्त भएका छन्। एउटा पाँचकोठे र अर्को तीनकोठे भवन पूर्ण रूपमा ध्वस्त भएको प्रधानाध्यापक दीपकसंगम थापाले जानकारी दिए। भूकम्पका कारण विद्यालय खण्डहर बनेको उनले बताए। तीन सय ५० विद्यार्थी रहेको विद्यालय दसैँपछि तिहारसम्मका लागि बिदा नै छ। ३ मंसिरदेखि खोल्ने शैक्षिक तालिका रहे पनि भूकम्पले क्षतिग्रस्त बनेपछि तोकिएको समयमा खोल्ने अवस्था नरहेको प्रधानाध्यापक थापाले बताए।

'पक्की भवन त खासै केही भएका छैनन्, करिब डेढ सय विद्यार्थीलाई बस्ने ठाउँको अभाव छ,' उनले भने, 'आधाजसो विद्यार्थीलाई राख्ने ठाउँ व्यवस्था नगरी तत्काल विद्यालय खोल्न सक्ने अवस्था छैन।' सरकार र दाताको सहयोग प्राप्त भए विद्यालयलाई थप व्यवस्थित गरेर चलाउन सकिने उनको भनाइ छ।

सानीभेरी गाउँपालिका- १० अर्माडाँडाको सरस्वती माविको पनि दुई-दुई कोठाका दुई भवन पूर्ण रूपमा क्षतिग्रस्त बनेका छन्। तीन सय ९५ विद्यार्थी अध्ययनरत रहेको विद्यालय तिहारपछि खोल्ने क्यालेन्डर भए पनि तत्काल सञ्चालनमा ल्याउन

» पृष्ठ ११ मा क्रमशः



रुकुम पश्चिमको आठबिसकोट नगरपालिका- १४ ज्यामिरकोटस्थित जनविकास माध्यमिक विद्यालयको क्षतिग्रस्त भवन। तस्बिर : **मनीष खड्का**/नयाँ पत्रिका

■ जाजरकोटमा ३२८ विद्यालयका १७३ भवन ध्वस्त, रुकुम पश्चिममा ७० विद्यालयमा क्षति

सामुदायिक र संस्थागत गरी ४४४ विद्यालय रहेको जाजरकोटमा अधिकांश विद्यालयका भौतिक संरचना ध्वस्त भएका छन्। हालसम्मको विवरणअनुसार ३२८ विद्यालयका १७३ भवन ध्वस्त भएको शिक्षा विकास तथा समन्वय इकाइ जाजरकोटका सूचना अधिकारी प्राविधिक सहायक तिलक भट्टराईले जानकारी दिए। उनका अनुसार ५ सय १६ कक्षाकोठा ध्वस्त भएका छन्। त्यस्तै, १३९ शौचालय, ४३ घेराबार, पाँच विज्ञान प्रयोगशाला र दुई आइसिटी ल्याबमा पूर्ण क्षति पुगेको छ। त्यस्तै, जिल्लाभर ४०८ विद्यालय भवनका १ हजार १ सय ४६ कक्षाकोठा, १९० शौचालय, ६१ घेराबार, ९ विज्ञान प्रयोगशाला, ११ पुस्तकालय र १५ आइसिटी ल्याबमा आंशिक क्षति पुगेको छ। यी भौतिक संरचनामा क्षति पुग्दा झन्डै ४० हजार विद्यार्थी प्रत्यक्ष प्रभावित हुने भट्टराईले बताए। जिल्लाभर ७१ हजार ७६८ विद्यार्थी रहेको उनले बताए। उता रुकुम पश्चिममा ५३ विद्यालयमा पूर्ण तथा १७ मा आंशिक क्षति भएको छ। जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका अनुसार आठबिसकोट नगरपालिकामा मात्रै ४३ विद्यालयमा क्षति पुगेको छ। ३३ विद्यालयमा पूर्ण र ९ वटामा आंशिक क्षति भएको इकाइ प्रमुख ताराप्रकाश पुनले बताए। त्यस्तै, सानीभेरी गाउँपालिकामा १२ मा पूर्ण र ७ मा आंशिक क्षति भएको गाउँ शिक्षा शाखा प्रमुख भूपालसिंह विष्टले बताए। त्यसबाहेक त्रिवेणी गाउँपालिकामा ३ विद्यालयमा पूर्ण, चौरजहारी नगरपालिकामा २ विद्यालयमा पूर्ण, बाँफीकोट गाउँपालिकामा २ विद्यालयमा पूर्ण तथा मुसीकोट नगरपालिकामा १ मा पूर्ण र १ मा आंशिक क्षति पुगेको शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ। आंशिक क्षति पुगेका विद्यालयमा पनि विद्यार्थीलाई भित्र राखेर पढाउन सकिने अवस्था नरहेको इकाइ प्रमुख पुनले बताए।

■ भूकम्प प्रभावित क्षेत्रमा पुगेको संसदीय समितिलाई उपप्रधानमन्त्रीको ब्रिफिङ-

साढे दुई अर्बबराबरको क्षति भएको प्रारम्भिक अनुमान छ

भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा करिब दुई अर्ब ४५ करोडबराबरको क्षति भएको छ। स्थलगत अध्ययन र अनुगमनका लागि पुगेको संसदीय समितिको टोलीसँग उपप्रधानमन्त्री, मन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले भूकम्पपछिको अवस्थाबारे ब्रिफिङ गरेका हुन्। ब्रिफिङका क्रममा सरकारी अधिकारीले हालसम्म करिब दुई अर्ब ४५ करोडबराबरको क्षति भएको प्रारम्भिक अनुमान प्रस्तुत गरेका थिए। सरकारी तथ्यांकअनुसार भूकम्पबाट ११ हजारभन्दा बढी घरमा आंशिक र १६ हजारभन्दा बढीमा पूर्ण रूपमा क्षति पुगेको छ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाको नेतृत्वमा ९ सदस्यीय टोली बुधबार सुर्खेत हुँदै जाजरकोट पुगेको छ। बुधबार बिहान सुर्खेत पुगेको टोलीले त्यहाँ उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासँग हालसम्मको खोज, उद्धार, स्वास्थ्य उपचार र राहतबारे जानकारी लिएको थियो।

मन्त्री खड्काले राहत वितरण एवं आवश्यक उद्धारका लागि नेपाली सेनाको हेलिकोप्टर तयारी अवस्थामा राखिएको, सबै घाइतेको उपचार भइरहेको, हाल एकजना घाइते मात्र आइसियूमा रहेका र अहिले अस्पतालमा ९९ जना घाइते उपचाररत रहेको जानकारी गराएका थिए। टोलीले बुधबार साँझ प्रमुख जिल्ला अधिकारीसहित सरोकारवालाबाट भूकम्पले पुऱ्याएको क्षति, उद्धार, राहत र पुनर्स्थापनाको प्रगतिबारे जानकारी लिएको छ।

सभापति खतिवडाका अनुसार अहिलेसम्म करिब ८० प्रतिशत पीडितलाई राहत उपलब्ध गराइएको, उद्धारको काम सकिएकाले अब राहत वितरणका काममा केन्द्रित भएको, आवश्यकताअनुसार कम्तीमा २० जना अट्ने त्रिपाल ठाउँठाउँमा राखेर पीडितलाई सहयोग उपलब्ध गराइएको छ। टोलीमा कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सांसद दिलेन्द्रप्रसाद बडू, एमाले नेता कृष्णगोपाल श्रेष्ठ, माओवादी प्रमुख सचेतक हितराज पाण्डे, राप्रपा नेता बुद्धिमान तामाङ, जनमोर्चाका चित्रबहादुर केसीलगायत छन्।

राहत र पुनर्स्थापनामा दलहरूको सक्रियता

एमालेले एक हजार स्वयंसेवक खटाउने, कांग्रेसका महामन्त्रीद्वय प्रभावित क्षेत्रमा



भूकम्प प्रभावित क्षेत्रबाट फर्किएपछि प्रधानमन्त्रीलाई लामिछानेका १४ सुझाव

(विस्तृत पृष्ठ ३)

सुरक्षाको कारण देखाउँदै पाकिस्तानबाट अफगान आप्रवासी निष्कासित, अर्थतन्त्रमा असर गर्ने



अफगान आप्रवासीको निष्कासनले पहिले नै तितक्त हुँदै गएको अफगानिस्तानसँगको सम्बन्धलाई थप तनावपूर्ण बनाउने र क्षेत्रीय सम्पर्कलाई असर गर्ने सम्भावना छ

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चिनियाँ कम्युनिस्ट पार्टीका तिब्बत सेक्रेटरी काठमाडौंमा

भूकम्पपछि पुनर्निर्माणमा सहयोग गर्ने प्रतिबद्धता

पर्शुराम काफ्ले/नयाँ पत्रिका

पाँचदिने औपचारिक भ्रमणमा आएका चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत स्वायत्त क्षेत्रका सचिव वाङ छुङछेङले भूकम्पपछिको पुनर्निर्माणमा नेपाललाई सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। बुधबार काठमाडौं आएलगत्तै उपराष्ट्रपति रामसहाय यादवसँगको शिष्टाचार भेटमा वाङले भूकम्पपछिको पुनर्निर्माणबारे चिनियाँ धारणा व्यक्त गरेका हुन्। १२ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आएका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालले स्वागत गरेकी थिइन्।

भेटमा उपराष्ट्रपति यादवले जाजरकोट र रुकुम पश्चिममा गएको विनाशकारी भूकम्पमा राहत सामग्री र सहानुभूतिका लागि चीन सरकारलाई धन्यवाद दिएका छन्। तिब्बत स्वशासित क्षेत्र दुई देशबीचको व्यापार, पर्यटन, संस्कृति र अन्य हितका क्षेत्रहरूमा द्विपक्षीय अन्तर्क्रियाको

» पृष्ठ ११ मा क्रमशः



उपराष्ट्रपति रामसहाय यादवसँग शिष्टाचार भेट गर्दै वाङ

प्रधानमन्त्री र राष्ट्रिय सभाका अध्यक्षसँग आज भेटवार्ता

तिब्बत सरकारका कार्यकारी प्रमुख रहेका चिनियाँ कम्युनिस्ट पार्टीका तिब्बत सेक्रेटरी वाङले बिहीबार बिहान प्रधानमन्त्री प्रचण्डसँग भेटवार्ता गर्ने कार्यक्रम छ। उनले बिहीबार बिहान ११ बजे संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीसँग र अपराह्न ४ बजे राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग पनि भेटवार्ता गर्दै छन्।

दोलखाको सुन तस्करीमा पनि क्रिप्टोमार्फत भुक्तानी



● एआइजी **किरण बज्राचार्य**, सिआइबी प्रमुख

यसअघि विमानस्थलबाट भित्रिएको ३६३ केजी सुन तस्करीको पनि क्रिप्टोमार्फत नै कारोबार भएको देखिएको थियो। दोलखाबाट सुन तस्करी गर्ने गिरोहले पनि त्यसैगरी भुक्तानी गरेको पाइएको छ। यसतर्फ पनि अनुसन्धान भइरहेको छ।

नवराज मैनाली/नयाँ पत्रिका

दोलखाको लामाबगर क्षेत्रबाट भएको सुन तस्करीको अन्तर्राष्ट्रिय भुक्तानी पनि क्रिप्टो कारोबारबाट भएको पत्ता लागेको छ। यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तस्करी भएको सुनको भुक्तानी पनि क्रिप्टोबाटै भएको थियो।

चीनबाट दोलखाको लामाबगर नाका हुँदै पटक-पटक सुन तस्करी भएको घटनामा हाल दोलखा प्रहरीले अनुसन्धान गरिरहेको छ। तस्करीको सुनको चीनमा करोडौं भुक्तानी क्रिप्टोमार्फत भएको प्रहरी अनुसन्धानमा पुष्टि भएको हो।

» पृष्ठ ११ मा क्रमशः



■ अनलाइन जुवादेखि सुन तस्करीको कारोबार क्रिप्टोबाट

सरकारसँग सफ्टवेयर किन्ने पैसा छैन

आपराधिक गतिविधिको भुक्तानी क्रिप्टोमार्फत बढिरहे पनि अनुसन्धानको प्राविधिक पक्ष भने कमजोर छ। यससम्बन्धी अनुसन्धान गर्ने न त सफ्टवेयर प्रहरीसँग छ, न त दक्ष जनशक्ति नै।

प्रहरीले यससम्बन्धी अनुसन्धानका लागि सफ्टवेयर खरिदका लागि गत वर्षदेखि नै बजेट माग्दै आएको छ। तर, सरकारले उपलब्ध गराएको छैन। क्रिप्टो कारोबार व्यापक हुँदै गएको भन्दै फेरि बजेट माग्दै प्रहरीले गृह मन्त्रालयलाई पत्राचार गरेको छ। 'सफ्टवेयरविना यसको अनुसन्धान एकदम जटिल छ,' सिआइबीका एक अधिकारी भन्छन्, 'त्यसरी जसरी पनि सफ्टवेयर खरिद गर्नुपऱ्यो भनेर फेरि बजेट मागेका छौं।' सो सफ्टवेयरका लागि करिब नौ करोड रुपैयाँ पर्दछ।

क्रिप्टो कारोबारले अवैध अर्थतन्त्रलाई बढाएको र कालो धनलाई प्रश्रय दिएको प्रहरी अधिकारी बताउँछन्। अनलाइन जुवा, हुन्डीजस्ता कारोबारको भुक्तानी क्रिप्टोमार्फत बढेको छ। सुन तस्करी तथा अन्य अपराधको कारोबार पनि अबका दिनमा क्रिप्टोमार्फत बढ्न सक्ने भन्दै प्रहरीले सफ्टवेयर खरिदका लागि सरकारसँग आग्रह गरेको हो। तर, सरकारले क्रिप्टोसमबन्धी अपराधको गम्भीरता नबुझ्दा यस्ता कारोबारको नियमन हुन सकेको छैन।



श्री नमुना मा.बि. भलायडाँडा

उदयपुरगढी -०८, उदयपुर
कोशी प्रदेश, नेपाल

बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मिति : २०८०/०७/२३

उपरोक्त सम्बन्धमा यस चालु आ.वा. २०८०/८१ मा उदयपुरगढी गाउँपालिका वार्ड नं. ८ अन्तर्गत यस श्री नमुना मा.बि. भलायडाँडाको निर्माणधिन Class 3-C-12 Block को भुइँ तल्लाका बाँकि कामहरु र पहिलो तल्लाका समेत थप निर्माण कार्य सम्पन्न गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवशायी फर्म तथा कम्पनिहरुलाई तपशिलमा उल्लेखित तथा प्रचलित शर्तहरुको अधिनमा रहि रीतपूर्वक विद्युतीय खरिद प्रक्रिया (E-bid) मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

क्र. सं.	ठेक्का नं.	कामको विवरण	लागत अनुमान रकम (VAT र PS बाहेक) रु.	बोलपत्र जमानत रकम रु.	बोलपत्र फारम खरिद रकम रु.	बोलपत्र बुझाउने अन्तिम मिति	बोलपत्र खुल्ने मिति	रकम जम्मा सम्बन्धि विवरण
1	SMV/NCB/ Works/01-2080/081	Construction of Ground Floor of Under Construction Class 3-C-12 Block Complete and First Floor upto Wall of Shree Namuna Ma.Vi. Bhalayadada	८४,५२,४५८.६६/-	२,२०,०००/-	३,०००/-	२०८०/०८/२५ **समय :** १२:०० बजे	२०८०/०८/२५ **समय :** १३:०० बजे	**बैंकको नाम:** सानिमा बैंक, उदयपुरगढ़ी शाखा, उदयपुर **राजस्व खाता नं.:** ०६७०१००२०००००१ **धरौटी खाता नं.:** ०६७०१००२०००००१ **कार्यालय कोड नं.:** १४०२४

नोट : बोलपत्र सम्बन्धि बृस्तृत जानकारीको लागि सम्पर्क नं. ९८४२९९८०१८, ९८५२८३५९२७, ९८६१९४८४४०, ९८४५२३०८२७, ९८४००३२६८२ अथवा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रधानाध्यापक

भूकम्पपीडितलाई ललितपुर महानगरको ५० लाख सहयोग

नयाँ पत्रिका

उपत्यकाका स्थानीय तहहरूले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितका लागि राहत तथा आर्थिक सहायता रकम घोषणा गरिरहेका छन्। प्रभावित क्षेत्रका स्थानीयको पुनर्वास तथा गाँसवासको लागि स्थानीय तहहरूले नगद रकम र राहत सामग्री सहयोग गरेका हुन्।

ललितपुर महानगरपालिकाले भूकम्पपीडितका लागि ५० लाख सहयोग गर्ने घोषणा गरेको छ। हाल फोहोरमैला व्यवस्थापनबारे भारतको विभिन्न स्थानको अवलोकन तथा भ्रमणमा रहेका मेयर चिरिबाबु महर्जनले महानगरको तर्फबाट ५० लाख रुपैयाँ भूकम्प प्रभावितहरूको लागि सहयोग गर्ने घोषणा गरेका हुन्। गत आइतबार ललितपुर महानगरको ४३औं कार्यपालिका बैठकमा भूकम्पपीडित परिवारको लागि सहायता गर्ने निर्णय भएको थियो। बैठकमा मेयर महर्जनको उपस्थिति नरहे पनि मेयर महर्जनले राहत रकम छुट्याउन उपमेयर मञ्जली शाक्य र अन्य कार्यपालिका सदस्यलाई रकम छुट्याउन अनुमति दिएका थिए।

काठमाडौं महानगरपालिकाले भूकम्पपीडितका लागि सोमबार नेपाली सेनाको विमानमार्फत महानगरले १४ लाख रुपैयाँको एक हजार चार सय थान कम्बल पठाएको छ। महानगरले सोमबार पठाइएको राहत पहिलो प्याकेजअन्तर्गत रहेको र थप अर्को प्याकेजमा राहत पठाइने जनाएको छ। महानगरका मेयर बालेन्द्र साहले यसबाहेक अन्य प्राविधिक तथा इन्जिनियरिङ सहयोग चाहिनेमा पनि महानगरले सहयोग गर्ने बताएका छन्। काठमाडौंकै चन्द्रागिरि नगरपालिकाले पनि भूकम्प प्रभावित क्षेत्रका लागि आठ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ।

ललितपुरकै गोदावरी नगरपालिकाले पनि भूकम्प प्रभावित क्षेत्रका स्थानीयवासीको पुनर्वासको लागि २५ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। भूकम्प प्रभावित क्षेत्रका बासिन्दाको पीडामा मलम लगाउन नगरपालिकाले थौरै भए पनि आर्थिक सहयोग गरेको मेयर गजेन्द्र महर्जनले जानकारी दिए। भक्तपुरका नगरपालिकाहरूले भने भूकम्प प्रभावितको लागि सहयोग गर्ने नगर्नेबारे निर्णय गरिसकेका छैनन्।

पीडितलाई देशभरकै स्थानीय तहहरूको साथ

उपत्यका मात्रै नभएर पश्चिम रुकुम र जाजरकोटका भूकम्पपीडितलाई देशभरका अधिकांश नगरपालिकाले आर्थिक तथा अन्य राहत सहयोग गरेका छन्। अधिकांश नगरपालिकाले राहत घोषणा गरेका छन् भने कतिपयले राहत सामग्री पीडितको हातमा पुऱ्याइसकेका छन्। चितवन महानगरपालिका, पोखरा महानगरपालिका, धरान उपमहानगरपालिका, वुटबल उपमहानगरपालिका, वर्दियाको राजापुर नगरपालिका, कालिकोटको नरहरिनाथ र रास्कोट नगरपालिका, डडेलधुराको पर्शुराम नगरपालिका, डोल्पाको ठूलीभेरी नगरपालिका, रुपन्देहीको सिद्धार्थनगर नगरपालिका, सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका, बर्दियाको बारबर्दिया नगरपालिका, भोजपुरका रामप्रसाद राई गाउँपालिका, पौवादुङ्मा गाउँपालिका, भोजपुर नगरपालिका र अरुण नगरपालिकाले आर्थिक तथा राहत सामग्री सहयोग गरेका छन्।

त्यस्तै, बझाङको रत्ननगर नगरपालिका, बाग्लुङका दशवटा नगरपालिका, बर्दियाको राजापुर नगरपालिका, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकालगायतले भूकम्पपीडितका लागि आर्थिक तथा राहत सामग्री सहयोग गरेका छन्।

प्लास्टिकजन्य फूलमाला किनबेच नगर्न निर्देशन

काठमाडौं/ काठमाडौं महानगरपालिकाले प्लास्टिकजन्य फूलमाला र सजावटका सामान किनबेच नगर्न निर्देशन दिएको छ। बुधबार सूचना जारी गर्दै महानगर क्षेत्रभित्र दिपावली तथा छठ पर्वमा घर, पसल सजाउन प्लास्टिकको फूल, माला तथा सजावटका सामानहरू किनबेच नगर्न आग्रह गरेको हो। महानगरअन्तर्गत नगर प्रहरी बल प्रमुख राजुनाथ पाण्डेका अनुसार आइतबारदेखि नै त्यस्ता सामान जफत गर्न थालिएको छ। 'प्लास्टिकजन्य फूलमाला र सजावटका सामान किनबेच नगर्न हामीले पहिले नै सूचना जारी गरेका थियौं। सूचनालाई अटेर गर्दै बेचबिखन गर्न थालेपछि जफत गर्न थालेका छौं,' नगर प्रहरी बल प्रमुख पाण्डेले भने, 'वातावरणीय हिसाबले पनि यस्ता काम उपयुक्त नभएकाले पहिलो चरणमा नराख्न भन्छौं। दोस्रोपटक पनि भेटिएमा जफत गर्छौं। तेस्रोपटक पनि त्यही कार्य दोहोरिएमा कारबाही गर्छौं।' उनका अनुसार प्लास्टिकजन्य सजावटको सामान बिक्री-वितरण नियमन नगर प्रहरी बलले बानेश्वर, कलंकी, गोगबु र बागदरबार क्षेत्रबाट गर्नेछ। नियमनको लागि भन्दै नगर प्रहरी बलको टास्क फोर्ससमेत खटिएको महानगरले जनाएको छ।

संक्षेपमा उपत्यका

नागार्जुन : नागार्जुन नपा- २ ठूलोभञ्ज्याङस्थित गैरीगाउँ डेरा गरी बस्ने सिन्धुपाल्चोक तातोपानीका ३७ वर्षीया सांगु शेर्पाको कोठामा जुवातास खेलिरहेको शेर्पासमेत ६ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनीहरूलाई दुई लाख ११ हजार दुई सय रुपैयाँ र ६ बुक तासहित पक्राउ गरेको हो।

धुम्बाराही : काठमाडौं मनपा- ४ धुम्बाराही पिपलबोटस्थित सुन्दर कार्कीको टहरामा जुवातास खेल्दै गरेका दोलखा भीमसेन नपा- ५ का ४० वर्षीय किरन थापासहित सातजनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त महाराजगन्जबाट खटिएको प्रहरीले उनीहरूलाई दुई लाख ९२ हजार रुपैयाँ, २० हजार रुपैयाँको बैंक चेक एक थान र ११ बुक तासहित पक्राउ गरेको हो।

इन्द्रचोक : काठमाडौं मनपा- २४ इन्द्रचोकबाट स्रोत नखुलेको २६ लाख ५७ हजार रुपैयाँसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने बर्दिया गेरुवा गापा- २ का २८ वर्षीय पुष्प सोडारी र बिजुलीबजारका ३९ वर्षीय अभिषेक अग्रवाल रहेका छन्। प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले सोडारीलाई उक्त रकमसहित पक्राउ गरी थप अनुसन्धानको क्रममा उक्त रकम अभिषेकबाट लिएको भनी खुल्न आएपछि उनलाई समेत प्रहरीले पक्राउ गरेको हो।

ललितपुर : ललितपुर मनपा- २५ आवासस्थित डा. रइफुल आलमको घरमा कोही नभएको अवस्थामा ढोका फोडेर सुनका विभिन्न गरगहना, ल्यापटपलगायतका सामान गरी करिब तीन लाख ६० हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

भक्तपुर : भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले विद्यालयको माध्यमिक तह राम्रो हुनु भनेको विद्यार्थीको शैक्षिक जग बलियो हुनु भएको बताएका छन्। नवीन आधारभूत विद्यालयको आयोजनामा बुधबार भएको स्वन्ती नखः (तिहार) र छठ शुभकामना आदान-प्रदान तथा पुरस्कार वितरणका क्रमा उनले यस्तो बताएका हुन्।

जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Head Office : Kalikanagar-11, Butwal, Rupandehi
Phone : 071-438157, 438158, 438159
Email : info@jalpamf.com **Website :** www.jalpamf.com

UNAUDITED FINANCIAL RESULT (Quarterly)

As at 1st Quarter (2080/06/30) of Fiscal Year 2080/81

Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 30th, Aswin 2080

Assets	This Quarter Ending	Immidiate Previour Year Ending
Cash and Cash equivalent	274,056,860	225,205,090
Statutory Balance and Due from Nepal Rastra Bank	23,000,000	23,000,000
Placement with Bank & Financial Institutions	75,000,000	67,500,000
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs and Cooperatives	-	-
Loan and Advances to Customers	4,509,121,571	5,097,129,682
Investment Securities	-	-
Current Tax Assets	12,998,437	-
Investment Property	-	-
Property and Equipment	51,923,632	59,510,998
Goodwill and Intangible Assets	1,752,344	2,520,703
Deferred Tax Assets	5,512,548	-
Other Assets	7,040,532	137,281,812
Total Assets	**4,960,405,924**	**5,612,148,285**
Liabilities		
Due to Bank and Financial Institutions	1,418,765,358	1,903,735,920
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits From Customers	2,632,806,883	2,609,432,340
Borrowing	-	-
Current Tax Liabilities	-	36,036,020
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	380,058,828	521,353,272
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**4,431,631,070**	**5,070,557,552**
Equity	-	-
Share Capital	182,800,000	160,000,000
Share Premium	-	-
Retained Earning	32,441,094	200,839,163
Reserves	313,533,761	180,751,570
Total Equity	**528,774,855**	**541,590,733**
Total Liabilities and Equity	**4,960,405,924**	**5,612,148,285**

Condensed Statement of Profit or Loss
For the Quarter Ended 30th Aswin 2080

Particular	Current Year		Previous Year	
	This Qtr	Upto This Qtr	This Qtr	Upto This Qtr (YTD)
Interest Income	161,992,051	161,992,051	195,049,350	195,049,350
Interest Expense	103,370,580	103,370,580	100,537,800	100,537,800
Net Interest Income	**58,621,471**	**58,621,471**	**94,511,550**	**94,511,550**
Fees and Commission Income	20,668,720	20,668,720	21,267,110	21,267,110
Fees and Commission Expense	-	-	-	-
Net Fee and Commission Income	**20,668,720**	**20,668,720**	**21,267,110**	**21,267,110**
Net Interest, Fee and Commission Income	**79,290,191**	**79,290,191**	**115,778,660**	**115,778,660**
Net Trading Income	-	-		-
Other Operating Income	6,353,190	6,353,190	3,147,070	3,147,070
Total Operating Income	**85,643,381**	**85,643,381**	**118,925,730**	**118,925,730**
Impairment Charge/(reversal) for loans and Other Losses	20,225,510	20,225,510	24,037,478	24,037,478
Net Operating Income	**65,417,871**	**65,417,871**	**94,888,252**	**94,888,252**
Operating Expense	**81,879,530**	**81,879,530**	**95,918,910**	**95,918,910**
Personnel Expenses	63,562,200	63,562,200	76,391,080	76,391,080
Other Operating Expenses	16,119,895	16,119,895	16,998,260	16,998,260
Depreciation and Amortization	2,197,435	2,197,435	2,529,570	2,529,570
Operating Profit	**(16,461,659)**	**(16,461,659)**	**(1,030,658)**	**(1,030,658)**
Non Operating Income		-	-	
Non Operating Expenses		-		-
Profit before Income Tax	**(16,461,659)**	**(16,461,659)**	**(1,030,658)**	**(1,030,658)**
Income Tax Expenses	-	-		
Current Tax	-	-	-	-
Deferred Tax	-		-	-
Profit for the Year	**(16,461,659)**	**(16,461,659)**	**(1,030,658)**	**(1,030,658)**

Condensed Statement of Comprehensive Income
For the Quarter Ended 30th Aswin 2080

Particular	Current Year		Previous Year	
	This Qtr	Upto This Qtr	This Qtr	Upto This Qtr (YTD)
Profit For the Period	**(16,461,659)**	**(16,461,659)**	**(1,030,658)**	**(1,030,658)**
Other Comprehensive Income	-	-	-	-
Actuarial Gain/Loss on defined benefit plan	-	-	-	-
Income tax relating to above items	-	-	-	-
Total Comprehensive Income for the period	**(16,461,659)**	**(16,461,659)**	**(1,030,658)**	**(1,030,658)**
Earning Per Share				
Basic Earning Per Share	(36.02)	(36.02)	(2.58)	(2.58)
Diluted Earning Per Share	(36.02)	(36.02)	(2.58)	(2.58)
Ratio As Per NRB Directive				
Capital Fund to RWA		8.79%		10.97%
Non Perfoming Loan (NPL) to total Loan		7.54%		3.61%
Total Loan Loss Provision to NPL		96.96%		109.97%
Cost of Fund		10.24%		8.97%
Base Rate		21.31%		

Statement of Distributable Profit Or Loss
For the Quarter Ended 30th Aswin 2080

Opening Retain Earning As on 2080.04.01	**51,795,784.39**
Net Profit or Loss as per Statement of Profit or Loss	**(16,461,659)**
1. Appropriation	**-**
a. General Reserve	-
b.Client Protection Fund	-
c. Corporate Social Responsibility Fund	-
Profit or (Loss) before Regulatory adjustment	**(16,461,659)**
Regulatory Adjustment	**(2893032.02)**
Transferred to Regulatory Reserve	**(2,893,032.02)**
Total Distributable Profit or Loss as on quarter ended Aswin 2080	**32,441,093.81**

Notes to Interim Financial Statement
1. The Interim Financial Statements have been prepared accordance with Nepal Financial Reportings as issued by the Accounting Standard Board, Nepal and Carve out issued by ICAN
2. Loan and advances are presented net of impairement charges and include accrued interest
3. The Unaudited Financial Figures may Change if directed by Statutory Auditor/Supervisory Authorities
4. The financial Statement has been updated in company's website : www.jalpamf.com

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम ३६ को उपनियम १ संग सम्बन्धित) आ. व. २०८०/८१ को प्रथम त्रैमासिक प्रतिवेदन (२०८०/६/३०)

१. वित्तीय विवरण

क. त्रैमासिक अवधिको बासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख. प्रमुख वित्तीय अनुपात

प्रति शेयर आम्दानी बार्षिकीकरण	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
(३६.०२)	(२९.३७)	२८९.२६	२७१४	१०.४१

२. व्यवस्थापकिय विश्लेषण

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:
लघुवित्त क्षेत्रमा देखिएको प्रतिकुल परिस्थितिका कारणहरुले गर्दा त्रैमासिक अवधिमा संस्थाले लिएको व्यवसाय विस्तार, कर्जा लगानी, बचत परिचालन आदि सूचकहरु लक्ष्य अनुसार सन्तोषजनक रुपमा प्रगतिउन्मुख देखिदैन। त्रैमासिक अवधिमा संस्थाको नाफा ऋणात्मक देखिएको छ। नेपाल राष्ट्र बैंकले "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन बमोजिम एक ऋणी सदस्यले एक लघुवित्त संस्थाबाट मात्रै ऋण लिन सक्ने व्यवस्था गरिदिएकोले ऋणी सदस्यले कर्जा चुक्ता गरे पश्चात् पनि अर्को वित्तीय संस्थामा कर्जा बाँकी भएका कारण यस वित्तीय संस्थाबाट कर्जा लिन नपाउने हुनाले ऋणी सदस्य र लगानीमा रहिरहेको कर्जा रकम दिन प्रतिदिन घटिरहेको तथा आम्दानी समेत संकुचन भएको देखिन्छ।

ख. आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
वित्तीय संस्थाले हाल २९ वटा जिल्लाहरुमा रहेका ९९ वटा शाखा कार्यालयहरु मार्फत १,०६,०८७ जना सदस्यहरुबाट जम्मा रू. २,६३,२८,०६,८८३/- बचत संकलन गरेको छ भने ४०३३५ जना सदस्यहरुमा कृषि, व्यापार, साना तथा घरेलु उद्योग, सेवा व्यवसाय लगायत विभिन्न क्षेत्रहरुमा कर्जा प्रवाह गरी कुल रू ४,८०,५६,९९,३९६/- कर्जा लगानीमा रहिरहेको छ। बचत तथा कर्जा सुविधाका अतिरिक्त संस्थाले आफ्नो ग्राहक संरक्षण कार्यक्रम अन्तर्गत परिवार नियोजन, सुत्केरी, महिलाहरुमा हुने पाठेघरको क्यान्सर, प्राकृतिक प्रकोपबाट हुने हानी नोक्सानी लगायत विभिन्न क्षेत्रमा राहत उपलब्ध गराउँदै आईरहेको छ। यसका अतिरिक्त ग्राहक सदस्यहरुलाई समय समयमा व्यवसायिक तालिम, व्यवसायिक अध्ययन अवलोकन भ्रमणको व्यवस्था समेत गर्दै आईरहेको छ। उच्चम विकास कार्यक्रम अन्तर्गत संस्थाले ग्राहकहरुको पशुपालन तथा कृषि क्षेत्रमा सहयोग गर्न घरदैलो प्राविधिक सेवा समेत उपलब्ध गराउँदै आईरहेको छ। संस्थाले आगामी दिनहरुमा पनि सदस्यहरुलाई प्रदान गर्दै आईरहको सेवालाई निरन्तरता दिदै वित्तीय पहुँच नपुगेका विपन्न तथा पिछडीएका समुदायहरुलाई लघुवित्त सेवा प्रदान गरी गरिबी तथा बेरोजगारीलाई न्यूनीकरण गर्न ठोस् योगदान पुऱ्याउने र ग्राहकवर्गमा दिगो तथा ग्राहकमैत्री लघुवित्त सेवा प्रदान गर्न प्रतिवद्ध रहेको छ।

ग. विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : नेपाल राष्ट्र बैंकले "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन बमोजिम एक जना ऋणी सदस्यले एक लघुवित्त संस्थाबाट मात्रै ऋण लिन सक्ने व्यवस्था गरिदिएकोले कर्जा चुक्ता गर्ने ऋणी सदस्यहरुले समेत अन्य वित्तीय संस्थाबाट कर्जा उपभोग गर्दै आईरहेको हुनाले त्यस्ता ऋणी सदस्यहरुलाई पुनः कर्जा लगानी गर्न नसक्दा संस्थाको लगानीमा रहिरहेको कर्जा घट्दो दरमा रहेको छ। नेपाल राष्ट्र बैंकको उक्त निर्देशनका कारण आगामी दिनमा समेत संस्थालाई कर्जा विस्तारमा कठिनाई हुन सक्ने देखिन्छ। साथै, तथाकथित् रुपमा गठन भएका लघुवित्त संस्था विरुद्धको संघर्ष समिति तथा लघुवित्त संस्थाहरु विरुद्ध गलत अभिव्यक्तिहरु दिने, किस्ता नतिर्नका लागि ऋणीहरुलाई भड्काउने तथा दवाव दिने, ऋण/ब्याज मिनाहा हुन्छ भन्दै ऋणी सदस्यहरुमा झुठा प्रचारबाजी गरी भ्रमित गर्ने, कर्मचारीहरुलाई केन्द्र सञ्चालन तथा किस्ता असुली नगर्नका लागि धम्क्याउने तथा हातपात गर्ने जस्ता क्रियाकलापका कारण संस्थाको कारोबार र लघुवित्त क्षेत्रमा गम्भिर असर परेको देखिन्छ। अर्को तर्फ कोभिड १९ र रुस-युक्रेन युद्धका कारण विश्वव्यापी रुपमा देखापरेको आर्थिकमन्दी र महँगीले समेत आर्थिक क्रियाकलापहरु गतिशिल रुपमा चलायमान हुन नसक्दा पनि समग्र लघुवित्त क्षेत्रमा जोखिम बढेर गएको देखिन्छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :
(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन।
(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संस्थापकले वा संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. लघुवित्त संस्थाको सेयर कारोबार सम्बन्धी विश्लेषण :
(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको सेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी रहेको छैन।
(ख) यस त्रैमासको शेयर कारोबार सम्बन्धी विवरण:

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कूल स्थेर कारोबार किता
१६९८.३०	१०३०	१०५८	६१	२९५०	७५०८८

५. समस्या तथा चुनौती :
लघुवित्त क्षेत्रमा अवैधानिक क्रियाकलाप गरिरहेको लघुवित्त विरुद्धको संघर्ष समितिले नेपालको लघुवित्त क्षेत्रमा गम्भिर प्रभाव पारिरहेकोमा यस वित्तीय संस्था पनि त्यसबाट अछुतो रहन सकेको छैन। लघुवित्त क्षेत्रमा देखिएको सदस्य/कर्जामा दोहोरोपना, बहु बैंकिङ्ग, तरलता संकट, बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध विपन्न वर्ग कर्जाको ब्याजदरमा वृद्धिका कारण लागतमा वृद्धि, नियमनकारी निकायहरुबाट हुने नीतिगत परिवर्तनबाट सृजना हुन सक्ने असर आदि वित्तीय संस्थाको समस्या तथा चुनौतीहरु हुन्। वित्तीय संस्थामा रहेका दक्ष तथा अनुभवी जनशक्तिको उचित व्यवस्थापन गरी कर्मचारीहरुलाई समय सापेक्ष तालिम प्रदान गरिएको, समयानुकुल व्यवासायिक रणनीतिहरु तयार गरिएको तथा वित्तीय संस्थाको सेवामा विविधिकरण गरी वित्तीय संस्थाको समस्या तथा चुनौतीलाई समाधान गर्ने प्रयत्न गरिएको छ।

६. संस्थागत सुशासन :
यस वित्तीय संस्था संस्थागत सुशासन कायम गर्न सदैव प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनमा ध्यान दिदै संस्थाले अन्य विषयहरुका अतिरिक्त देहाय अनुसारका कदमहरुको समेत अवलम्बन गरेको छ।
क) यस संस्थाको संचालक समिति, व्यवस्थापन, सेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन, कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, नियम तथा कार्यविधिहरु तर्जुमा गर्ने तथा आवश्यकता अनुसार संशोधन गर्ने गरेको र उक्त नीति तथा निर्देशनहरुलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ।
ख) संस्थाले आफ्नो कारोबारलाई चुस्त, दुरुस्त राख्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा अन्य आवश्यक समिति, उपसमितिहरुको गठन गरेको छ। उक्त समिति तथा उपसमितिहरुको बेला बेलामा बैठक बसी काम गर्ने क्रममा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा व्यवस्थापनलाई आवश्यक निर्देशनहरु दिने गरेको छ।
ग) केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुको लेखा तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी तथा चुस्त दुरुस्त बनाई राख्न शाखाहरुमा त्रैमासिक रुपमा सुपरिवेक्षण तथा अर्धवार्षिक रुपमा आन्तरिक लेखापरिक्षण हुँदै आईरहेको छ। सुपरिवेक्षण तथा लेखापरीक्षणले औल्याएका कमी कमजोरीहरुलाई यथाशिघ्र सुधार गरिएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडको वार्षिक साधारण सभासम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०७/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडको मिति २०८०/०७/१५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उल्लेखित मिति, स्थान र समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

सभा हुने मिति, स्थान र समय :

सभा हुने मिति : २०८० साल मसिर महिना ०८ गते (तदनुसार २४ नोभेम्बर, २०२३)।
स्थान : बि.एल.सी. सभा कक्ष, थापाथली, काठमाडौं।
समय : १२:३० बजे।

वार्षिक साधारण सभाको छलफलको विषयहरू :

क. साधारण प्रस्तावहरु :
१. संचालक समितिको वार्षिक प्रतिवेदन २०७९/०८० उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० को कम्पनीको वार्षिक आर्थिक विवरणमा छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. आ.व. २०७९/०८० को मुनाफाबाट लाभांस बापत कर सहित २२.१ प्रतिशत नगद लाभांश वितरण गर्ने।
५. विविध।

ख. विशेष प्रस्तावहरु
१. आ.व. २०७९/०८० को मुनाफाबाट लाभांस बापत २० प्रतिशत बोनस शेयर वितरण गर्ने र सो बापत लाग्ने कर रकम नगद लाभांशबाट कट्टा गर्ने।
२. बोनस शेयर जारी पश्चात आवश्यक्ता अनुसार प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

Norvic International Hospital
नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.
थापाथली, काठमाडौं, नेपाल
इमेल: info@norvichospital.com
वेवसाइट: www.norvichospital.com
फोन नं.: ०१-४९७०४३२

राहत र पुनर्स्थापनामा दलहरूको सक्रियता

एमालेले एक हजार स्वयंसेवक खटाउने, कांग्रेसका महामन्त्रीद्वय प्रभावित क्षेत्रमा

नयाँ पत्रिका

एमालेले भूकम्प प्रभावित जाजरकोट र पश्चिम रुकुममा पीडितको पुनर्स्थापनाका लागि एक हजार स्वयंसेवक परिचालन गर्ने निर्णय गरेको छ। १ मंसिरबाट पार्टीको कर्णाली प्रदेश कमिटीको अगुवाइमा एक हजार स्वयंसेवक पुनर्स्थापनाको काममा परिचालित हुने गरी सचिवालय बैठकले निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले बताए। जसअनुसार उनीहरूले पाँच हजार कार्यदिनभन्दा बढी त्यहाँ घरटहरा निर्माणमा काम गर्ने, एक करोड बढी मूल्यको श्रम गर्ने पनि उनले जानकारी दिए। '०७२ को भूकम्पपछि जस्तै हाम्रा हजार स्वयंवेकले हजारौँ टहरा बनाएर पीडितलाई न्यानो घरमा बसाएर मात्र फर्किनेछन्,' ज्ञवालीले भने।

सचिवालय बैठकले पीडितको राहत वितरणमा राजनीतीकरण नगरी पारदर्शी र प्रभावकारी बनाउन पनि सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ। बैठकले पार्टीको जिल्ला र पालिका अधिवेशन आगामी जेठसम्म आयोजना गर्न सकिने गरी समयसीमा थप गरेको छ। यसअघि आगामी माघ मसान्तभित्र अधिवेशन गर्ने गरी एमालेले कार्यतालिका बनाएको थियो। एमालेले आगामी १४ मंसिरदेखि पुष्पलाल मध्यपहाडी लोकमार्गकेन्द्रित तीनहप्ते विशेष अभियान सञ्चालन गर्ने भएको छ। केन्द्रीय सचिवालयको बुधबारको बैठकले विशेष अभियान चलालउने निर्णय गरेको हो। उपमहासचिव प्रदीप ज्ञवाली र विष्णु रिमालको नेतृत्वमा खटिएको टोलीले अभियान सञ्चालनको व्यवस्थापकीय



तयारी अध्ययन गरेलगत्तै सचिवालय बैठकले अभियानको मिति सार्वजनिक गरेको हो।

उपमहासचिव ज्ञवालीले पहाडको समस्याको पहिचान गरी समृद्धिको अभियान चलाउने, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाउने र कम्युनिस्ट पार्टी स्थापनाको ७५औँ वर्ष प्रवेशका अवसरमा इतिहास स्मरण गर्दै विभिन्न सन्देश प्रवाह गर्ने उद्देश्यले अभियान सञ्चालन गरिने जानकारी दिए। अभियानको उद्घाटन एमाले अध्यक्ष केपी ओलीले १४ मंसिरमा बैतडीको झुलाघाटमा बिहान साढे ८ बजे राष्ट्रिय झन्डोत्तोलन गरेर गर्नेछन्।

■ कांग्रेस महामन्त्रीद्वयले राहतमा समन्वय र दीर्घकालीन पुनर्स्थापनाबारे अध्ययन गर्ने

कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा स्थलगत अनुगमनका लागि भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिम पुगेका छन्। मुख्य सचिव कृष्णप्रसाद पौडेलका अनुसार बुधबार पार्टीको 'केन्द्रीय अनुगमन तथा व्यवस्थापन सहजीकरण समिति' तर्फबाट अनुगमन र सहजीकरणका लागि दुवै महामन्त्री प्रभावित क्षेत्रमा पुगेका हुन्। पौडेलका अनुसार महामन्त्रीद्वय केही दिन प्रभावित क्षेत्रमै रहनेछन्।

थापा र शर्माले सातबुँदे कार्यादेशअनुसार तत्कालीन राहत र दीर्घकालीन पुनर्स्थापनाका विषयमा अध्ययन र कांग्रेसका तर्फबाट आवश्यक सहजीकरण गर्नेछन्। 'उहाँहरू अनुगमन तथा व्यवस्थापन सहजीकरण समितिका तर्फबाट प्रभावित क्षेत्रमा जानुभएको हो। केही दिन प्रभावित क्षेत्रमै रहनुहुनेछ। महामन्त्रीद्वयले सातबुँदे कार्यादेशअनुसार प्रभावित क्षेत्रमा पार्टीका तर्फबाट सहजीकरण गर्नुहुनेछ। आवश्यकता परे केन्द्रमा प्रधानमन्त्रीलाई र प्रदेशमा मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराई सहजीकरण र समाधान गर्नुहुनेछ,' पौडेलले भने।

कार्यादेशअनुसार वास्तविकता पहिचान गरी अविलम्ब राहत व्यवस्थापनका लागि सहजीकरण गर्ने, राहत वितरणमा 'एकद्वार प्रणाली'लाई पालना गराउन आवश्यक सुझाव र सहजीकरण गर्ने, उद्धार र राहतका लागि संघसंस्था र व्यक्तिहरूबाट प्रतिकूलता भए स्थितिलाई व्यवस्थापन गर्न भूमिका खेल्ने, उद्धार र राहत क्रममा कांग्रेसको स्थानीय भूमिका प्रभावकारिता बनाउनेछन्। त्यस्तै, घाइते र अन्य प्रकारका बिरामीको उपचारमा असहजताको स्थिति व्यवस्थापनका अलगै संयन्त्र निर्माणमा समन्वय गर्ने, सुत्केरी, अपांगता भएका, बालबालिका एवं वृद्धवृद्धालाई विशेष प्राथमिकता साथ तत्कालीन व्यवस्थापनमा रहेका कमजोरी पहिचान र निदानमा आवश्यक समन्वय गर्ने र कांग्रेसको धारणा कार्यान्वयनमा केन्द्रित हुने कांग्रेसले जनाएको छ।

मंगलबार कांग्रेसले भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा पुनर्निर्माणमा प्रदेश र स्थानीय तहलाई सक्रिय भूमिका दिन सरकारलाई सुझाव दिएको थियो। सभापति शेरबहादुर देउवासहितका पदाधिकारीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट गरी २० बुँदे सुझाव दिएका थिए। सुझावमा राहत र पुनर्निर्माणमा अनुभवी कर्मचारी परिचालन, अस्थायी आवासको व्यवस्था, उद्धार र पुनर्स्थापनामा एकद्वार प्रणाली अनुसरण गर्दा प्रदेश सरकार र स्थानीय सरकारलाई नेतृत्वदायी भूमिका दिन र संघीयताको मर्मअनुसार केन्द्रको समन्वयकारी भूमिका हुनुपर्ने उल्लेख गरेको छ।

भूकम्प प्रभावित क्षेत्रबाट फर्किएपछि प्रधानमन्त्रीलाई लामिछानेका १४ सुझाव



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले परिवर्तनका लागि विगतमा तातो गोली थाप्न तयार भएका भूकम्प प्रभावित जिल्लाका जनतालाई चिसोबाट बचाउन आग्रह गरेका छन्। भूकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिमबाट फर्किएलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर लामिछानेले पीडितले तत्काल भोगेका समस्या र थप बन्दोबस्तीबारे १४बुँदे सुझाव दिएका हुन्।

लामिछानेले भूकम्प प्रभावित क्षेत्रमा पठाइएका त्रिपालहरू गुणस्तरीय नभएको भन्दै परीक्षण गरेर मात्रै पठाउन सुझाव दिएका छन्। 'विपत्का वेला समयमा नपुऱ्याइएका सामानको महत्त्व हुँदैन रहेछ भन्ने सिकाइसाथ फर्किएको छु,' लामिछानेको सुझाव छ, 'त्यसैले सरकारले प्रभावित क्षेत्रमा चाहिएका सामग्री तत्काल पुऱ्याओस्। भूकम्प प्रभावित क्षेत्रमा पठाइएका त्रिपालहरूको गुणस्तर राम्रो नभएकाले अब पठाइने त्रिपालको गुणस्तर परीक्षण गरेर मात्रै पठाइयोस्। राहत सामग्रीको आवश्यकता कुन-कुन वस्तुको कति मात्रामा हो भन्ने स्पष्ट सन्देश नपुग्दा अनावश्यक र सहज पाइने वस्तुको चाङ लाग्ने देखिन्छ। आवश्यक सामग्रीको कमी हुने देखिन्छ।'

भूकम्प प्रभावित जनता आफ्नो जोहो आफैँ गर्ने संघर्षरत रहेको अनुभव रास्वपा लामिछानेले प्रधानमन्त्रीसँग बाँडेका छन्। यस्तो अवस्थामा परिवर्तनका लागि विगतमा तातो गोली थाप्न तयार भएका जनतालाई चिसोबाट बचाउनुस् भन्ने सुझाव दिँदा प्रधानमन्त्री गम्भीर भएको रास्वपाले जनाएको छ। 'राहत सामग्री जिल्ला प्रशासन कार्यालयमा थुप्रो लागेको छ, तर भूकम्पपीडितले पाएका छैनन्,' लामिछानेले प्रधानमन्त्रीलाई बुझाएको सुझावपत्रमा भनिएको छ, 'प्रमुख जिल्ला अधिकारीले मात्रै सम्हाल्न सक्ने स्थिति रहेन। सरकारको त्यसतर्फ ध्यान जाओस्।'

रास्वपाले ५१ स्वयंसेवक उपलब्ध गराउँछौँ भन्दा सरोकारवालाले लिन नचाहेको भन्दै लामिछानेले प्रधानमन्त्री प्रचण्डसँग गुनासो पोखे। राहत वितरणमा पनि एकरूपता नदेखिएको लामिछानेको अनुभव थियो। 'दलगत हिसाब अथवा त्यस ठाउँको जनप्रतिनिधि कुन पार्टीका हुन् त्यही पार्टीका समर्थकले मात्रै राहत पाएको गुनासो आमसमुदायले गरेका छन्। राहतमा राजनीति नगरिदिनू भनी सम्बन्धित सबैको ध्यानाकर्षण गर्नुपर्ने देखिएको छ,' प्रधानमन्त्रीलाई लामिछानेको सुझाव छ।

जाजरकोट जिल्ला अस्पतालमा देखिएको समस्याबारे पनि लामिछानेले प्रधानमन्त्रीलाई अवगत गराएका छन्। 'अस्पतालमा राम्रो काम भइरहेको भए तापनि जाजरकोट जिल्ला अस्पतालमा स्टेब्लाइजर थिएन। अस्पताल ५० बेडको भए पनि त्यहाँ सामान्य शल्यक्रियासमेत हुन नसकी रिफर गर्नुपर्ने अवस्था रहेको, उपकरणहरू नरहेको, ओटी (अपरेसन थिएटर) र आइसियू कोठा खाली रहेको एवं विशेषज्ञका सबै दरबन्दी खाली रहेको बुझ्छौँ। यी सबै कुरामा सरकारको तुरुन्त ध्यान जाओस्,' उनको सुझाव छ।

■ नक्कली भुटानी शरणार्थी प्रकरण

पाँचजनाको बयान सकियो, प्रमाण जुटाउनतर्फ प्रहरी

नयाँ पत्रिका

राज्यका उच्चपदस्थ व्यक्तिकै संलग्नतामा नेपाली नागरिकतालाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै भएको संगठित ठगी घटनाको दोस्रो चरणको अनुसन्धानमा प्रहरीले पाँच अभियुक्तको बयान लिएको छ। थप परेका जाहेरीका आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंले बयान गरेर थप प्रमाण संकलन अघि बढाएको छ।

प्रहरीले पूर्वसभासद् आङटावा शेर्पा तथा बिचौलियाहरू सानु भण्डारी, केशव दुलाल, रामशरण केसी र सागर राईको बयान लिएको हो। उनीहरूले यसअघिजस्तो यसमा संलग्न कसैको पनि नाम लिएका छैनन्। पहिलो चरणमा दायर भएको मुद्दामा पाँचजना पुर्पक्षका लागि थुनामा छन्। पाँचजनाको नाममा किटानी जाहेरी परेकाले उनीहरूको बयान गरेर थप प्रमाण संकलन थालिएको काठमाडौं परिसरका एक अधिकृतले बताए।

'उनीहरूलाई यसअघि नै नाइकेहरूले प्रभावमा पारेको देखिन्छ,' ती अधिकृतले भने, 'त्यही कारण यसमा संलग्न उच्चपदस्थको नाम लिएका छैनन्, तर हामीले अन्य प्राविधिक रूपमा अनुसन्धान गरिरहेका छौं।' दोस्रो चरणको अनुसन्धानमा यसमा संलग्न उच्चपदस्थलाई जोगाउन प्रहरीमाथि समेत दबाब रहेको स्रोत बताउँछ। पहिलो चरणको अनुसन्धानमा उनीहरूले यो कुरा बयानमा मात्र बताएनन्, त्यसको प्रमाणसमेत दिएका थिए। खासगरी सानु भण्डारीले सबैको पोल खोलेका थिए। यसपटक थप व्यक्ति नतानिने भएपछि अनुसन्धान कमजोर हुने पीडितको आशंका छ। दोस्रो चरणमा १८ जनाको जाहेरी छ।

यसअघि संगठित अपराध, राज्यविरुद्धको कसुर, ठगी र लिखत किर्ते मुद्दा दायर भएको थियो। नयाँ जाहेरीका आधारमा कुन-कुन मुद्दा चल्ने तय भएको छैन। यसअघि अनुसन्धान प्रभावित गर्ने उद्देश्यले नै सरकारले काठमाडौंका उपत्यका अपराध अनुसन्धान कार्यालय, जिल्ला प्रहरी परिसर, काठमाडौं र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुखलाई हटाएको थियो। यो मुद्दामा फरार रहेका अभियुक्तको खोजीमा पनि प्रहरीले चासो दिएको छैन।

पूर्वमन्त्रीद्वय बालकृष्ण खाण र टोपबहादुर रायमाझीका साथै पूर्वगृसचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, पूर्वसभासद् आङटावा शेर्पा, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हज कमिटीका पूर्वअध्यक्ष शमशेर मियाँ थुनामा छन्। खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुरका छोरा सन्दीप, बिचौलियाहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन र सागर राई जेलमै छन्। उनीहरू जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पुगेका छन्। यो मुद्दामा पक्राउ परेकामध्ये केशव तुलाधर, टंक गुरुङ र लक्ष्मी महर्जन भने धरौटीमा छुटेका थिए। ३० जनालाई प्रतिवादी बनाइएकोमा अन्य ११ जना अझै फरार छन्।

■ सेयर किनबेचको कागज गरेर पैसा फिर्ता

पूर्वगृहमन्त्री खाणमाथि समेत प्रहरी अनुसन्धान सुरु भएपछि उनले एक करोड फिर्ता गरेको प्रहरी दाबी छ। उनले पूर्वसभासद् शेर्पामार्फत एक करोड सानु भण्डारीलाई फिर्ता गरेका थिए। तर, शेर्पाले ७० लाख आफैँ राखी ३० लाख मात्र भण्डारीलाई दिएका थिए। त्यसरी पैसा फिर्ता गर्दा हाइड्रोको सेयर किनबेचको कागज गराइएको खुलेको छ। नयाँ पत्रिकाले प्राप्त गरेको सो कागजमा कृष्ण पौडेललाई साक्षीसमेत राखिएको छ। २३ वैशाख ०८० मा यस्तो कागज गरिएको थियो। त्यस्तै, आर्थिक लेनदेनका थप ह्वाट्सएप च्याटहरूसमेत भेटिएका छन्। तत्कालीन गृहसचिव पाण्डे र दुलालबीच आर्थिक लेनदेनको विषय छ।

संघीय सरकारलाई मधेश सरकारको ३० दिने अल्टिमेटम

जनकपुरधाममा **हरिश खुद्दार**

प्रहरी समायोजनसहितका विषयमा मधेश प्रदेश सरकारले संघीय सरकारलाई ३० दिनको अल्टिमेटम दिने भएको छ। मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार पत्रकार सम्मेलन गरी प्रहरी समायोजन, निजामती कर्मचारी समायोजन, गुठी अधीनस्थ जग्गाको व्यवस्थापन तथा वनसम्बन्धी अधिकार प्रदेश सरकारले पाउनुपर्नेसहितका माग लिएर बिहीबार साढे १० बजे प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने र सो माग ३० दिनभित्र सम्बोधन नभए दोस्रो चरणको विरोधको कार्यक्रम घोषणा गर्ने चेतावनी दिए। मुख्यमन्त्री, मन्त्रीहरू विभिन्न पार्टीका संसदीय दलका नेताहरूले संयुक्त रूपमा प्रधानमन्त्रीलाई पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाउने यादवले बताए।

> प्रहरी समायोजन, निजामती कर्मचारी समायोजन, गुठी अधीनस्थ जग्गाको व्यवस्थापन तथा वनसम्बन्धी अधिकार प्रदेश सरकारले पाउनुपर्ने माग

'प्रहरी, कर्मचारीसहितका विषयमा पटक-पटक ताकेता गर्‍यौं,' उनले भने, 'तर अब लिखित रूपमै प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँछौं। ३० दिनभित्र ती माग पूरा नभए वारपारको आन्दोलन गर्छौं।' अहिले आन्दोलनको कार्यक्रम भने तय नभएको उनले बताए। संघीय सरकारको लापरबाहीका कारण प्रदेश सरकारले विकास निर्माणको कामलाई गति दिन नसकेको यादवले आरोप लगाए। पत्रकार सम्मेलनमा कांग्रेस मधेश संसदीय दलका नेता कृष्णप्रसाद यादव, माओवादी संसदीय दलका नेता भरतप्रसाद साह, एकीकृत समाजवादी दलका नेता चन्दन सिंहसहितका नेताको सहभागिता थियो। मुख्यमन्त्री, मन्त्री तथा दलका नेताहरू बुधबार बेलुका नै काठमाडौं गएका छन्।

■ पाँच वर्षदेखि कार्यान्वयन भएन प्रहरी समायोजन

मधेश सरकारले ०७५ मै प्रदेश प्रहरी ऐन प्रदेश सभाबाट पारित गराई तत्कालीन प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थबाट प्रमाणीकरण गरेको थियो। ऐन पारित भएको पाँच वर्ष भइसक्दा पनि संघीय सरकारको उदासीनताका कारण अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन। प्रदेश प्रहरी गठनका लागि प्रदेश सरकारले संघीय सरकारलाई लिखित तथा मौखिक रूपमा पटकपटक ध्यानाकर्षण गराउँदै आएको छ। संविधानमा प्रदेशको शान्ति सुरक्षाको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारको रहे पनि संघीय सरकारले प्रहरी समायोजन विषय टुंगो नलगाउँदा अहिलेसम्म प्रदेश प्रहरी गठन प्रक्रिया अगाडि बढ्न सकेको छैन।

नेपाल तथा प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ६, ७, ८ को कार्यान्वयन गर्न संघीय सरकार उदासीन रहँदै आएको छ। तत्कालीन गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले २६ माघ ०७८ मा प्रहरी समायोजन तथा प्रदेश प्रहरी गठनको विषयमा प्रदेश सभामा संकल्प प्रस्ताव पेस गरी पारित भएको थियो। तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले प्रधानमन्त्री शेरबहादुर देउवालाई समेत प्रहरी समायोजन गरी प्रदेश प्रहरी गठन प्रक्रियाको मार्ग खुला गर्न ०७९ मै ज्ञापनपत्रसमेत बुझाएका थिए। मुख्यमन्त्री राउतसहित गृह तथा सञ्चारमन्त्री साहसहितका मन्त्रीहरू एक साता प्रदेश प्रमुख कार्यालयको परिसरमा धर्नामा समेत बसे। त्यसपछि प्रधानमन्त्री देउवाले ०७९ को प्रदेश र प्रतिनिधिसभाको चुनाव सम्पन्न भएलगत्तै प्रहरी समायोजन प्रक्रिया अगाडि बढाउने मौखिक आश्वासन दिएपछि प्रदेश सरकारले दोस्रो चरणको कार्यक्रम स्थगित गरेको थियो।

सातवटै प्रदेशमध्ये मधेश प्रदेशले पहिलोपटक प्रदेश प्रहरी ऐन ल्याएको थियो। तत्कालीन प्रदेश सरकारले प्रदेश प्रहरी गठन प्रक्रिया अगाडि बढाउन संघीय सरकारलाई दवाब दिने उद्देश्यले ०७९ मा सातै प्रदेशका गृहमन्त्री तथा मुख्य न्यायाधिवक्तालाई बोलाएर जनकपुरधाम घोषणापत्रसमेत जारी गरेको थियो। संघीय प्रहरी ऐन र प्रहरी कर्मचारी ऐन आएको चार वर्ष भइसक्दा पनि संघीय सरकारले प्रहरी समायोजन र प्रदेश प्रहरी गठन प्रक्रिया अगाडि नबढाएर असंवैधानिक कार्य गर्दै आएको प्रदेशका पूर्वगृह तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवले आरोप लगाए। खस-पहाडी शासकले अझै पनि संघीयतालाई आत्माले स्वीकार नगरेकै कारण प्रदेश प्रहरी गठन र प्रहरी समायोजन प्रक्रिया अगाडि बढ्न नसकेको उनको भनाइ छ। 'विनाबन्दुकको कुन सरकार र कस्तो सरकार हुन्छ ? उनीहरूले आफैंले बनाएको संविधानलाई कार्यान्वयन गर्न किन ढिलाइ गरिरहेका छन् ? यसले देखाउँछ कि केन्द्रीय शासन सत्तामा बस्ने शासकहरूलाई अझै पनि संघीयता पचेको छैन। उनीहरू संघीयता नै समाप्त गर्ने षड्यन्त्रमा लागका छन्,' यादवले भने।

आलमको मुद्दामा १५ दिनभित्र बहस नोट पेस गर्न अदालतको आदेश

काठमाडौं/ इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा पुर्पक्षका लागि जेलमा रहेका मोहम्मद अफ्ताव आलमसँग सम्बन्धित मुद्दामा अदालतले बहस नोट पेस गर्न आदेश गरेको छ। जिल्ला अदालत रौतहटका अनुसार बहसमा उत्रिएका अधिवक्ताले मुद्दामा गरिएका बहस नोट बनाएर अदालत पेस गर्नुपर्नेछ। नोट अबको १५ दिनभित्र अदालतमा पेस गर्नुपर्नेछ। अदालतले बुधबार बहस नोट १५ दिनभित्र पेस गर्न पक्ष र विपक्षमा बहस गर्ने अधिवक्तालाई आदेश गरेको छ।

अदालतका न्यायाधीश उद्धव ढोडारीले मुद्दामा गरिएका बहस १५ दिनभित्र लिखित नोट बनाएर पेस गर्न अदालतले आदेश गरेको जानकारी दिए। 'आलमसँग सम्बन्धित मुद्दामा बुधबार पनि बहस भयो। अदालतले अबको १५ दिनभित्र बहस नोट पेस गर्न आदेश गरेको छ। आदेशपछि मुद्दाको पक्ष र विपक्षबाट बहस गर्ने अधिवक्ताले आफूले गरेको बहसको लिखित नोट बनाएर अदालतमा पेस गर्नुपर्नेछ। मुद्दाको फैसला त्यसपछि मात्रै होला,' उनले भने। मुद्दाको बहस जिल्ला न्यायाधीश बाबुकाजी बानियाँको इजलासमा मंगलबारदेखि भइरहेको छ। मुद्दामा जटिलता देखिएपछि अदालतले बहस नोट पेस गर्न आदेश दिएको न्यायाधीश ढोडारीले बताए। 'मुद्दा जटिल प्रकृतिको छ। त्यसो हुँदा बहस नोट पेस गर्न भनिएको हो। जटिल मुद्दामा यस प्रकारमा अभ्यास हुने गरेका छन्,' उनले भने।

अदालतका अनुसार आलमविरुद्धको मुद्दामा सरकारी वकिल पक्षको बहस मंगलबार नै सकिएको थियो। जाहेरीवालातर्फका वकिलको बहस भने बुधबार सकिएको छ। आलम पक्षका वकिलको बहस पनि मंगलबार नै सकिएको थियो। बाँकी रहेका केही वकिलले बुधबार बहस गरेका थिए।



लेकसाइडका पसल २४सै घन्टा खोल्न आदेश

कास्की/ उच्च अदालत पोखराले फेवाताल लेकसाइड क्षेत्रका पसल २४ सै घन्टा खोल्न दिन अन्तरिम आदेश जारी गरेको छ। अदालतका कामु मुख्य न्यायाधीश राजनप्रसाद भट्टराईको एकल इजलासले बुधबार सो आदेश दिएको हो। लेकसाइडको स्ट्रिट नम्बर १५ स्थित पहारी मार्गमा बी बराल कोल्ड स्टोर्स एन्ड वाइन सप सञ्चालन गर्दै आएकी व्यवसायी देवीकुमारी बरालले दिएको निवेदनका सम्बन्धमा बुधबार भएको बहसपछि अदालतले यस्तो आदेश दिएको हो।

Global IME Bank Limited

Invitation for Bids for Supply of the Robotic Process Automation to Global IME Bank Limited

Date of publication: November 9, 2023

Global IME Bank Limited invites sealed bids from eligible bidders for the **Supply of Robotic Process Automation**

1. **Eligibility Criteria for the Bidders**
   a. The Bidder must be a firm/company/organization registered under applicable Act in Nepal.
   b. Other Requirements of the bidder:

Software	The Bidder must provide the Framework to Implement the RPA
Deployment Experience	• Demonstrated expertise in RPA technologies and implementations. • Proven track record of successful RPA projects in banking industries. • Authorized partnerships or OEM with RPA technology providers. • References from satisfied clients. • Experience in implementation of RPA in at least 5 organizations with 2 Commercial banks of Nepal.
Team	Should have at least 10 RPA Developers. List the names of the developer along with their certification details.

2. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non-refundable fee of NPR 2,000.00 [NPR Two Thousand Only] till 1 P.M. on November 27, 2023. Cash should be deposited in Account No.: 003700524005 (Other Income-Misc.)
3. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before 4:30 P.M on November 27, 2023. Bids received after this deadline will not be accepted.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on November 28, 2023 at Global IME Bank Limited, Corporate office.
5. Bids must be valid for a period of 120 Days from the date of bid opening and must be accompanied by a bid bond or cash deposit voucher amounting to a mínimum of 5% of the Bid amount. The bank has the right to extend the validity of BID as per requirement.
6. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Eligible Bidders may obtain further information from Global IME Bank Limited, General Service Department, Kamaladi, Kathmandu.
8. The Bank reserves the right to reject any or all bids without assigning any reasons whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

General Service Department
Tel: 01–4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A rated

कानुनको गलत अभ्यासले उब्जाएको समस्या

उपप्रमुख वा उपाध्यक्षको अनुगमन प्रतिवेदनविना भुक्तानी गर्ने मिल्दैन भन्नु गलत अवधारणा र गलत अभ्यास मात्र होइन, कानुनको गलत व्याख्या र गलत प्रयोगसमेत हो



● यमनाथ गिरी

अग्रलेख

निर्माणाधीन आयोजना अलपत्र पर्नु र सम्पन्न आयोजना पनि गुणस्तरहीन हुनु नेपालको हकमा सामान्यजस्तै हुन थालेको छ। यस्तो हुनुमा आयोजना व्यवस्थापनको एउटा महत्वपूर्ण पक्ष अनुगमन प्रणाली प्रभावकारी नहुनुलाई जिम्मेवार मानिन्छ। तीनै तहका सरकारले आयोजना तथा कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाउने कुरा बर्सेनि नीति तथा कार्यक्रममार्फत प्रस्तुत गरिरहेकै हुन्छन्। राष्ट्रिय योजना आयोगले अनुगमन तथा मूल्यांकनसम्बन्धी कार्यमा रहेका अस्पष्टता हटाउन तथा त्यसलाई व्यवस्थित बनाउन अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ जारी गरेको छ भने भर्खर मात्र राष्ट्रिय सभाले अनुगमन तथा मूल्यांकन विधयेक पारित गरी प्रतिनिधिसभामा पठाएको छ। त्यसो त स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१६) ले उपप्रमुख/उपाध्यक्षलाई स्थानीय तहबाट सञ्चालित आयोजना वा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण गरी कार्यपालिकामा प्रतिवेदन पेस गर्ने जिम्मेवारी सुम्पेको छ। तर, जिम्मेवारी कार्यान्वयका विधि र प्रक्रियाबारे रहेको अस्पष्टता र गलत प्रयोगका कारण समस्या सिर्जना हुनुका साथै अधिकार प्रयोगमा नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने निकायबीच द्वन्द्व सिर्जना हुन थालेको छ।

यसअघि कर्मचारीमा मात्र सीमित रहेको अनुगमनमा जनप्रतिनिधिलाई समेत जिम्मेवार बनाइएको छ। तर, यही कानुनी प्रावधानलाई टेकेर स्थानीय तहका उपाध्यक्ष/उपप्रमुखले आयोजना तथा कार्यक्रमको भुक्तानी प्रक्रिया पनि आफ्नो नियन्त्रणमा हुनुपर्छ भन्ने अभिव्यक्ति दिन थालेका छन्। उनीहरूका अनुसार स्थानीय तहमा कार्यरत कर्मचारीलाई जनप्रतिनिधिले नियन्त्रण र निगरानीमा राख्नुपर्छ। उपाध्यक्ष/उपप्रमुखको प्रतिवेदन र सिफारिसविना भुक्तानी गर्न नहुने उनीहरूको तर्क छ। यही आधारमा कतिपय स्थानीय तहमा अन्तिम भुक्तानीका लागि उपाध्यक्ष/उपप्रमुखको सिफारिसलाई अनिवार्य बनाइएको पनि छ। परिणामतः स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाको गलत प्रयोगले जनप्रतिनिधि र कर्मचारीको क्षेत्राधिकारमा द्वन्द्व उत्पन्न हुन थालेको छ। साथै, उपाध्यक्ष/उपप्रमुख पनि त्यही कारण अख्तियारको फन्दामा पर्न थालेका छन्।

यसरी हेर्दा आर्थिक कारोबार गर्ने कुनै अख्तियारी वा अधिकार नै नभएका स्थानीय तहका उपाध्यक्ष/उपप्रमुख सोही कारण अख्तियारको फन्दामा पर्नु आश्चर्यको विषय हो। स्थानीय तहका उपप्रमुख/उपाध्यक्षले आफ्नो काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका विषय एवं उल्लिखित शब्दको अर्थ र परिभाषाबारे जानकार हुन आवश्यक छ।

राष्ट्रिय सभाबाट पारित अनुगमन तथा मूल्यांकन विधेयक र राष्ट्रिय योजना आयोगले प्रकाशित गरेको अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ ले अनुगमन र मूल्यांकनलाई फरक-फरक विषयका रूपमा परिभाषा गरेको छ। जसअनुसार योजना कार्यान्वयनमा स्रोत तथा साधनको प्रवाह उचित ढंगले भए/नभएको तथा अपेक्षित नतिजा हासिल भए/नभएको सम्बन्धमा निगरानी, निरीक्षण, अवलोकन, सूचना संकलन, विश्लेषण तथा सुधार कार्यलाई अनुगमन भनी परिभाषित गरेको छ। त्यसैगरी, मूल्यांकन भन्नाले योजना सुरु गर्नुअघि, बीच र अन्त्यमा उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिएको अध्ययन भनी परिभाषित गरेको छ। मूल्यांकनले कार्यक्रम वा आयोजनाको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना र प्रभावलगायत विषयको अध्ययन गर्छ। जहाँ अनुगमनले कार्यान्वयनको चरणमा भएका प्रगति, गुणस्तर, समस्या तथा चुनौतीबारे अध्ययन गर्छ। अनुगमन आयोजना वा कार्यक्रम कार्यान्वयनको अवधिभर गरिने योजनाको एक प्रक्रिया हो। अनुगमनले आयोजना कार्यान्वयनको चरणमा लक्ष्यअनुसार काम भए/नभएको, गुणस्तर रहे/नरहेको तथा कार्यान्वयनको चरणमा आइपरेका समस्या तथा चुनौती के-के छन् भन्नेबारे जानकारी दिन्छ। आयोजना वा कार्यक्रम नीति नियमअनुसार सञ्चालन भइरहेका छन् वा छैनन् ? गुणस्तर कायम गरिएको छ वा छैन ? आयोजना वा कार्यक्रम कार्यान्वयनको अवस्था के छ ? कार्यान्वयनको चरणमा कुनै समस्या तथा चुनौती आइपरेका छन् वा छैनन् ? भन्नेबारे निर्णयकर्ता वा व्यवस्थापनलाई सही सूचना वा जानकारी दिनु हो। साथै, आयोजना वा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका जोखिम कम गर्न, स्रोतको सही व्यवस्थापन गर्न, पारदर्शिता र जवाफदेहिता कायम गर्न, समस्या तथा चुनौती पहिचान गरी निराकरण गर्न, योजना कार्यान्वयनलाई निरन्तर सुधार गर्न र तथ्यांक वा प्रमाणका आधारमा योजना वा कार्यक्रमबारे आवश्यक निर्णय लिने कार्यमा अनुगमनले सहयोग गर्ने हो। अनुगमन गर्नु भनेको मूल्यांकन गर्नु वा भुक्तानीका लागि निरीक्षण गर्नु होइन। उपप्रमुख वा उपाध्यक्षको अनुगमन प्रतिवेदनविना भुक्तानी गर्ने मिल्दैन भन्नु गलत अवधारणा र गलत अभ्यास मात्र होइन, कानुनको गलत व्याख्या र गलत प्रयोगसमेत हो। त्यसैले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(ख) ५ अनुसार 'योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्ने' भन्नुको अर्थ उपाध्यक्ष वा उपप्रमुखले विभिन्न विधि प्रयोग गरी



अनुगमन तथा सुपरीवेक्षण गर्ने र सोको प्रतिवेदन कार्यपालिका बैठकमा पेस गर्ने भन्ने हो। यसरी पेस भएको प्रतिवेदनउपर कार्यपालिकामा छलफल हुन्छ। कार्यपालिकाले अनुगमन गरिएको कार्यक्रम वा आयोजनाको प्रगति अवस्था, समस्या, चुनौती तथा सिफारिसबारे जानकारी लिन्छ। त्यसको अध्ययन गरेर कसैलाई सचेत गराउनुपर्ने भएमा सचेत गराउँछ। काम रोक्नैपर्ने अवस्था भएमा रोक्न आदेश दिन्छ। कामको गति बढाउनुपर्ने भएमा बढाउन आदेश दिन्छ। अनुगमन प्रतिवेदनमा प्रस्तुत सुझावबारे थप अध्ययन गर्न आवश्यक भएमा सो सम्बन्धमा थप निर्णय गर्ने र समस्या तथा चुनौती निराकरणका लागि आवश्यक निर्णय गर्छ। उपाध्यक्ष तथा उपप्रमुखले अनुगमनका क्रममा जे देखिन्छ, सरोकारवालासँगको छलफलबाट जे जानकारीमा आउँछ, त्यही उल्लेख गरी सुझावसहित कार्यपालिकामा पेस गर्ने हो, न कि भुक्तानीका लागि सिफारिस गर्ने। त्यसैले उपाध्यक्ष वा उपप्रमुखले हामीले हस्ताक्षर नगरेसम्म कुनै पनि योजना वा आयोजनाको भुक्तानी हुँदैन भन्ने भ्रम पाल्नु अज्ञानता हो। किनकि, कानुनतः भुक्तानीका लागि सिफारिस गर्ने अधिकार सम्बन्धित प्राविधिक कर्मचारीको हो। निर्माण व्यवसायी, परामर्शदाता तथा उपभोक्ता समितिमार्फत भएका काम लागत अनुमानअनुसार नभएमा, तोकिएअनुसार कामको गुणस्तर नभएमा, फर्जी बिल भरपाई पेस गरेमा, कानुनतः भुक्तानी रोक्ने अधिकार सम्बन्धित कर्मचारी, लेखाउत्तरदायी कर्मचारी र प्रमुख प्रशासकीय अधिकृतमा मात्र हुन्छ। किनभने, खर्च गर्ने, लेखा राख्ने, प्राविधिक मूल्यांकन गर्ने, भुक्तानी दिने र फरफारक गर्ने पनि कर्मचारीले नै हो। दफा १६ मा अनुगमन र सुपरीवेक्षण उल्लेख भएकै भरमा जनप्रतिनिधिले अन्तिम भुक्तानीमा आफ्नो भूमिका खोज्नु अनुगमन र मूल्यांकनसम्बन्धी ज्ञानको अभावले पनि हुन सक्छ। तर, कर्मचारीले पनि कानुनी व्यवस्थाबारे सचेत गराउन छाडेर अन्तिम भुक्तानीका लागि तयार गरिने कागजातमा उपाध्यक्ष वा उपप्रमुखको हस्ताक्षर गराउनु कानुनको गलत व्याख्या र प्रयोगलाई बढावा दिनु हो। यदि यो प्रक्रिया समयमै रोक्न सकिएन भने प्रमुख प्रशासकीय अधिकृत, लेखा कर्मचारी र सम्बन्धित कर्मचारीसँगै जनप्रतिनिधिलाई पनि अख्तियारले तानिरहने देखिन्छ र भविष्यमा यो दर अझै बढ्ने निश्चित छ। तसर्थ, कानुनअनुसार आफ्नो काम, कर्तव्य र अधिकारलाई राम्रोसँग बुझेर काम गर्दा मात्र पनि जनप्रतिनिधि अहिले आइपरेका र भविष्यमा आइपर्न सक्ने समस्याबाट मुक्त हुन सक्ने देखिन्छ।

> जिम्मेवारी कार्यान्वयनका विधि र प्रक्रियाबारे रहेको अस्पष्टता र गलत प्रयोगका कारण समस्या सिर्जना हुनुका साथै अधिकार प्रयोगमा नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने निकायबीच द्वन्द्व सिर्जना हुन थालेको छ

जनप्रतिनिधिबाट निरन्तर उठ्दै गरेको एउटा प्रश्न के हो भने के आफ्नो पालिकाभित्र भएका योजना वा कार्यक्रमको गुणस्तर कार्यान्वयन भएन भने त्यसलाई रोक्ने अधिकार जनप्रतिनिधिलाई छैन र ? अवश्य छ। अहिलेको अनुगमनसम्बन्धी कानुनी व्यवस्थाअनुसार पनि काम गुणस्तरीय भइरहेको छैन भने अनुगमन प्रतिवेदनमा काम रोक्ने सुझाव दिन सकिन्छ र कार्यापालिकामार्फत सोसम्बन्धी निर्णय गर्न सकिन्छ। तर, विद्यमान कानुनले भुक्तानीका लागि निर्णय गर्ने वा सिफारिस गर्ने अधिकार भने नदिएको स्पष्ट छ।

उपाध्यक्ष वा उपप्रमुखको कार्यजिम्मेवारी पर्याप्त भएन भन्ने सुनिन्छ। तर काम, कार्यबोझ कम भयो भन्दैमा कानुनी व्यवस्थाबाहिर गएर काम गर्ने अधिकार कसैलाई पनि हुँदैन। त्यसैले उनीहरूको तर्क स्विकार्न सकिँदैन। उनीहरूको कार्यबोझ कम भयो भन्नुमा कानुनमा भएका व्यवस्थाबारे पूर्ण जानकारी नहुनु पनि हुन सक्छ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा १६ ले उपाध्यक्ष वा उपप्रमुखका लागि आठवटा काम, कर्तव्य र अधिकार तोकेको छ। जसअनुसार न्यायिक समितिको संयोजकका रूपमा काम गर्ने, गैरसरकारी संस्थाका कार्यको समन्वय गर्ने, उपभोक्ताहित संरक्षणसम्बन्धी कार्यको समन्वय गर्ने र योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नेलगायत रहेका छन्। साथै, कार्यपालिका सदस्य र गाउँ तथा नगरसभा सदस्यका रूपमा गर्नुपर्ने कार्य त नियमित रूपमा रहेकै हुन्छन्। सोही ऐनको दफा ४७ को उपदफा १ र २ मा गरी २४ वटा क्षेत्रमा विवाद निरूपण गर्ने न्यायिक अधिकार दिएको देखिन्छ। त्यसैगरी, दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिको संयोजक भई काम गर्ने जिम्मेवारी प्रदान गरेको देखिन्छ। सो समितिलाई विभिन्न ६ वटा काम, कर्तव्य र अधिकार प्रत्यायोजित गरेको पाइन्छ। अहिलेको अवस्थामा स्थानीय सरकारको आन्तरिक आयलाई लिएर संघीयताकै स्थायित्वमा प्रश्न उठ्न थालिसकेको अवस्थामा स्थानीय सरकारको आन्तरिक आय वृद्धि गर्ने प्रमुख स्रोत राजस्वको प्रभावकारी परिचालनको जिम्मेवारी पाउनु आफैंमा न्यायिक निरूपण र अनुगमनभन्दा कम महत्वपूर्ण होइन। त्यसैगरी, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, स्रोत अनुमान तथा बजेट निर्धारण गर्ने र बजेट प्रस्तुत गर्नेलगायत कानुनले तोकेका काम गर्दा नै स्थानीय सरकारका उपप्रमुख र उपाध्यक्षलाई पर्याप्त कार्यबोझ देखिन्छ। कार्यबोझका कारण मूल्यांकनसम्बन्धी कार्य गरेको भन्ने तर्क कुनै पनि हिसाबले पुष्टि नहुने मात्र होइन, अनुगमन र मूल्यांकनसम्बन्धी ज्ञानको कमीसमेत भएको ठहरिन्छ। उपाध्यक्ष वा उपप्रमुखहरूको अनुगमन र मूल्यांकनसम्बन्धी क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ। यदि अहिलेको अवस्थालाई नै निरन्तरता दिने हो भने अनुगमनका लागि पाएको जिम्मेवारी जानेर वा नजानेर मूल्यांकनको काममा प्रयोग हुन जान्छ। जुन कानुनको गलत प्रयोग मात्र होइन, गलत व्याख्यासमेत हुन जान्छ। कानुनको गलत प्रयोग गरी अधिकारको दुरुपयोगले स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीबीच कार्यक्षेत्रको विवाद उत्पन्न हुने तथा उपाध्यक्ष र उपप्रमुखलाई तोकिएका अन्य काम, कर्तव्य पूरा नहुने हुँदा स्थानीय सरकारको कार्यदक्षता र कार्यक्षमतामा समेत प्रश्न उठ्न सक्छ। त्यसैले अनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्थाको बुझाइमा एकरूपता ल्याउन कर्मचारी र जनप्रतिनिधिको सोसम्बन्धी क्षमता विकासमा तीनै तहका सरकार लाग्नुपर्ने देखिन्छ।

(गिरी स्थानीय शासन सहयोग कार्यक्रम, सुदूरपश्चिम प्रदेशमा अनुगमन तथा प्रतिवेदन विज्ञका रूपमा कार्यरत छन्)

३ प्रश्न

तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत **डा. गोविन्दराज पोखरेल**लाई



०७२ को भूकम्पपछि हामीले कति सिक्यौं, कति सुधार गऱ्यौं ?

पहिलो भूकम्पपछि हामीले उद्धार, उपचार, राहत र व्यवस्थापनबारे धेरै सिक्यौं। अहिलेको भूकम्प प्रभावित क्षेत्रमा एकद्वार प्रणालीबाट सहयोग वितरण भइरहेको छ। जिल्लाले पालिका र पालिकाले वडामार्फत राहत वितरण गरिरहेका छन्। यो हामीले विगतबाटै सिकेका हौं। अहिले भूकम्पपछि तथ्यांक संकलन पनि निकै व्यवस्थित भएको छ। मृतक, घाइते, भत्केका संरचना आदिको तथ्यांक स्थानीय तहले संकलन गरिसकेका छन्। अब प्रभावित क्षेत्रमा छिटै पुनर्निर्माण हुनुपर्छ र भूकम्पप्रतिरोधी संरचना बन्नुपर्छ भन्ने अवधारणा बलियो बनेको छ।

यस्ता विपत्तिको सामना गर्न हामी किन तयारी अवस्थामा रहन सकेनौं ?

हामी तयार नरहेको होइन। तयार रहन राहत सामग्री 'स्टोरेज' गरी राख्नुपर्ने हुन्छ। त्यस्ता सामग्री लामो समयसम्म स्टोरेज गरेर राख्दा खेर जाने सम्भावना पनि हुन्छ। तर, जेजस्तो भए पनि अबका दिनमा हामीले प्रत्येक जिल्लामा कम्तीमा पाँच हजार त्रिपाल मौज्दात राख्नुपर्ने देखिन्छ। यति गर्न सकियो भने देशभर जहाँ आवश्यक परे पनि तत्काल नजिकको जिल्लाबाट समेत लगेर वितरण गर्न सकिन्छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणजस्ता संरचनालाई नीतिगत औजारका साथ साधन, स्रोतसम्पन्न बनाउनुपर्छ।

अहिले राहत वितरणको अवस्था कस्तो छ ?

सन्तोषजनक नै छ। सबैले भनेजति पर्याप्त राहत त पाउनुभएको छैन। तर पनि वितरण व्यवस्थित भएकाले सबैतिर पुगिरहेको छ। कतिपय दुर्गम स्थानमा सेनाको एमआई हेलिकोप्टर बस्न सक्ने स्थानसमेत नभएकाले राहत सामग्री पुऱ्याउन कठिनाइ भइरहेको छ।

प्रेरक प्रसंग

भालुले सुनाएको गोप्य सन्देश

विजय र राजु सानैदेखिका साथी थिए। एउटै गाउँका हुनाले उनीहरू साथसाथै हुर्किए। उनीहरू सँगसँगै स्कुल जान्थे। राजु विजयलाई निकै माया पनि गर्थे। विजयको एउटा गोडामा पोलियो भएको थियो। उनी गोडा खोच्याएर हिँड्थे।

दुवै साथी एक दिन बिदामा जंगलको बाटो हुँदै कतै जाँदै थिए। जाँदाजाँदै उनीहरूले टाढाबाट एउटा अजंगको भालु आफूहरूतिरै आइरहेको देखे। आफूहरूतिर आइरहेको भालु देख्दा स्वाभाविक रूपमा उनीहरू दुवै डराए। भालु झन्झन् नजिक आइसकेपछि रूख चढ्न सिपालु राजु हत्तपत्त नजिकैको रूखमा चढे। उनले आफ्ना साथीबारे रत्तिभर चिन्ता लिएनन्। विनोद आफ्नो कमजोर खुट्टाकै कारण रूख चढ्न सक्दैनथे। उनलाई आफ्नो मृत्यु नजिक-नजिक आइरहेको भान भयो। विजयले एकछिन ठन्डा दिमागले सोचे। उनले कतै सुनेका थिए, कुनै पनि जनावरले लासलाई आक्रमण गर्दैन। त्यसैले उनी भुइँमा लम्पसार परेर सुते र शान्त भई सास रोके। भालुले उनको नाकनजिकै आएर सुँघ्यो। सास रोकेका उनलाई मरेको ठान्यो र कुनै हानि नपुऱ्याई आफ्नो बाटो लाग्यो।



भालु त्यहाँबाट टाढा पुगिसकेपछि राजु हतार-हतार रूखबाट ओर्लिए र विजय भएको ठाउँमा पुगे। डरले निलोकालो भएको अनुहार लिएर उनले विजयलाई प्रश्न गरे- 'भालुले तिमीलाई केही त गरेन नि ? अनि, तिम्रो काननिर आएर भालुले केही भन्दै थियोजस्तो लागेको थियो। भालुले तिम्रो कानमा भन्यौ चैं के मित्र ?'

राजुको प्रश्न सुनिसकेपछि विजय एकछिन मौन रहे। केही बेरको मौनतापछि गम्भीर हुँदै उनले भने- 'खासै त्यस्तो त केही भनेन। तर, तिमीलाई देखाउँदै भन्यो, यस्ता निर्दयी स्वार्थी साथीबाट अलि टाढै बस्नू।'

टिप्पणी nayapatrikaofficial @naya_patrika

नेतृत्वले समयमै सोच्नुपऱ्यो

गत शुक्रबार राति गएको भूकम्पबाट जाजरकोट, रुकुम पश्चिमलगायत जिल्लामा धेरै मानिसको ज्यान गएर थुप्रै घर ध्वस्त पारेको समाचार हामी सबैले सुनेकै छौं। यत्रो दिनसम्म पनि त्यहाँका जनताले राहत पाएका छैनन्। राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूको जम्बो टोली प्रभावित क्षेत्रमा पुगे पनि राहत वितरणको काम भने खासै प्रभावकारी भएको छैन। यसरी भिआइपीहरूको लस्कर त्यहाँ जानुभन्दा त खुरुक्क उनीहरूको आतेजाते र त्यहाँ हुने खानपिन र बसोवासको खर्च राहतमा जोडिदिए कति जाती हुँदो हो ! नेतृत्वले यसतर्फ अविलम्ब सोच्नुपऱ्यो।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

राहत वितरणमा विलम्ब किन ?

सरकारले जाजरकोट भूकम्पपछि प्रभावितको उद्धारमा तदारुकता देखाए पनि तिनलाई राहत वितरण गर्ने कार्यमा भने निकै ढिलासुस्ती गरिरहेको छ। सरकारी कोषमा अर्बौं रुपैयाँ हुँदा पनि भूकम्पपीडित सामान्य त्रिपालसमेत नपाएर चिसोमा सुत्न विवश हुनुभन्दा दुःखको कुरो अर्को के नै हुन सक्ला र ? प्रभावित क्षेत्रमा भिआइपीहरूको लस्कर लाग्नुभन्दा पनि त्यहाँ उद्धार र राहत वितरण गर्ने टोलीको लस्कर लाग्नुपर्ने होइन र ? यसतर्फ हाम्रा नेतृत्वकर्ताहरूको ध्यान किन जान नसकेको होला ?

● **सरु प्रजापति**
कीर्तिपुर, काठमाडौं

भाषण मात्र नगरौं

प्रधानमन्त्री प्रचण्डले मूलपानी, चितवन र विराटनगरका रंगशालालाई राष्ट्रिय गौरवका आयोजनामा राखेर निर्माण गर्ने दाबी गरेका रहेछन्। उनको यो दाबी सकारात्मक छ। उनले बोलेको कुरा पूरा भयो भने राष्ट्रको क्रिकेट विकासमा कोसेढुंगा साबित हुन पनि सक्छ। तर, हाम्रा अधिकांश नेताले जे बोल्छन्, त्यो गर्दैनन् र जे बोल्दैनन्, त्योचाहिँ पक्कै गर्छन्। त्यसैले प्रधानमन्त्रीको यो दाबी पनि कार्यान्वयन होला र रंगशाला बन्लान् भन्ने विश्वास कसरी गर्नु खै ?

● **सुजना बुढामगर**
कलंकी, काठमाडौं

किन दुब्लाए प्रिन्ट मिडिया ?

कुनै समय नेपालमा छापा माध्यमको जगजगी थियो। सबैलाई पत्रपत्रिका नपढी नहुने बानी परेको थियो। साथै, विश्वसनीय पनि तिनै थिए। त्यतिबेलाका पत्रपत्रिका २० पृष्ठभन्दा बढीमा समेत छापिन्थे। तर, अहिले पत्रपत्रिकाहरू दुब्लाएर मुस्किलले ८ पेज छापिन थालेका छन्। यो सम्पूर्ण प्रिन्ट मिडिया र त्यसमा संलग्न व्यवस्थापक, श्रमजीवी पत्रकार तथा कर्मचारी र सरोकार राख्ने पाठक सबैका लागि चिन्ताको विषय हो।

पत्रपत्रिकालाई कसरी मोटो बनाउने ? कसरी बढीभन्दा बढी पाठ्यसामग्री र विज्ञापन प्रकाशित गर्ने ? कसरी प्रिन्ट मिडियालाई पहिलेकै अवस्थामा पुऱ्याउने ? यसबारे प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघ र सम्पूर्ण मिडिया हाउसले विचार विमर्श चलाउनुपर्छ। पत्रपत्रिका समाचारले मात्र मोटाउँदैनन्। त्यसमा विज्ञापनदाता र पाठकको माया पनि आवश्यक हुन्छ। टेलिभिजन, अनलाइन न्युज पोर्टल र सामाजिक सञ्जालले घटना घटेको छिनको छिनमै समाचार सम्प्रेषित गरिदिन्छन्। तिनै समाचार प्रिन्ट माध्यममा आउन २४ घन्टा लाग्छ। बासी समाचारप्रति पाठकको रुचि हुँदैन र तिनले तिनै बासी समाचारका लागि पत्रिका किन्दैनन्। केही वर्षदेखि देशमा छाएको आर्थिक मन्दीले पनि देशमा उद्यम व्यापार प्रताडित छ। उनीहरूले पैसा खर्च गरेर विज्ञापन दिन नसकुन्जेल पत्रपत्रिका मोटाउन सक्दैनन्। एक-एक अक्षर र एक-एक सेमिको महत्व हुन्छ, छापा माध्यममा। त्यस्तो महत्वपूर्ण ठाउँमा प्रकाशन हुने सामग्रीले देश विकासमा रचनात्मक सहयोग पुगोस् भन्ने अपेक्षा गर्नु नाजायज नहोला।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

भारतलाई मात्र कोइलाको प्रयोग घटाउन किन दबाब ?

भारतलाई अर्ती दिने विज्ञहरूले कोइला क्षेत्रका श्रमिकलाई हरित रोजगारीमा स्थानान्तरण गर्नु सजिलो र तत्काल गर्न सकिने काम होइन भनेर बुझ्नुपर्ने हो



देश/विदेश

● शान्तनु गुहा रे

पछिल्लो समय भारतलाई जलवायु परिवर्तनको कारकका रूपमा चित्रित गर्ने एउटा ठूलो र विश्वव्यापी प्रयासले तिव्रता लिन थालेको छ। भारतको ऊर्जा नीति विश्वव्यापी मापदण्डसँग मेल नखाएको भनेर नयाँदिल्लीको ऊर्जा नीतिमाथि आलोचना भइरहेको छ। विशेषतः पश्चिमबाट आइरहेको यस्तो आलोचनामा आलोचकहरूले भारतलाई उत्सर्जनका मापदण्डहरू पालना गर्न माग गर्दै छन्, जुन जीवनमा उनीहरूले नै कहिल्यै पालना गरेनन्। यो बहस भयानक रूपमा एकपक्षीय छ। भारत हरितगृह ग्यास उत्सर्जन गर्ने तेस्रो ठूलो देश हो भनेर कोकोहोलो मच्चाउनेले भारतले जोगाएका विशाल वन क्षेत्र र कार्बन सोस्नमा त्यसको यागदानको चर्चा गर्दैनन्। कोइला वातावरणका लागि हानिकारक छ भन्ने कुरा जानेर पनि भारतले कार्बनमा आधारित अर्थव्यवस्थाबाट छिटै बाहिर निस्कन सकिँदैन भन्ने पनि बुझेको छ। यसको अजंगको मानवीय लागत हुनेछ। जोड दिनुपर्ने प्रश्न विकसित राष्ट्रहरूले उनीहरूले गर्नुपर्ने उत्सर्जनमा कटौती गरे त भन्ने हो ? भारतमाथि चाहिँ कोइला एकैपटक प्रयोग गर्न छाड्न किन दबाब दिइँदै छ ?

महामारीका कारण गरिबीमा धकेलिएका करिब ७ करोड ५० लाख मानिस (दैनिक २ डलरभन्दा कममा बाँचेका)लाई पुनः गरिबीबाट बाहिर उकास्न भारतलाई ऊर्जा चाहिन्छ। कुपोषण अन्त्य गर्न, स्वास्थ्य र शिक्षालाई सुधार गर्न, उद्योगधन्दा र कृषिको उत्पादकत्व बढाउन पनि ऊर्जा महत्त्वपूर्ण छ र भारतमा विद्युत् उत्पादन गर्न कोइला एकदमै सस्तो र हाल प्रणालीमा प्रयोग भइरहेकाले हटाउन कठिन माध्यम हो। एकपटक भारतको बिजुली खपतलाई हेर्दौं। भारतको वार्षिक प्रतिव्यक्ति बिजुली खपत ९७२ किलोवाट छ, जुन अमेरिकीले गर्ने खपतको जम्मा ८ प्रतिशत र जर्मनले गर्ने खपतको १४ प्रतिशत मात्र हो। भारतको ऊर्जा खपत बढ्दै जानेछ। अध्ययनले सन् २०४० सम्ममा भारतमा ऊर्जाको माग वृद्धि हुने देखाएको छ। यसलाई वायु र सौर्य ऊर्जाजस्ता नवीकरणीय र परम्परागत ऊर्जा स्रोतबाट पूरा गरिनेछ। यस्तोमा अहिले भारतको ७५ प्रतिशत विद्युत् स्रोत रहेको कोइलालाई एकैपटक प्रयोग गर्न सम्भव छैन।

रोजगारीको कुरा गर्दा भारतीय कोइला क्षेत्रमा ४० लाखभन्दा बढी मानिस आबद्ध छन्। भारतका लगभग आधा जिल्ला (८०० भन्दा बढी) कोइलामा निर्भर छन्। बिजुली उत्पादन गर्नुबाहेक कोइलाले सिमेन्ट, इँटा, मल, स्टिल, स्पन्ज आइरनजस्ता गैरऊर्जा क्षेत्रका उद्योगहरूमा पनि योगदान पुऱ्याउँछ। हाल विकसित राष्ट्रहरूले तिनको अर्थतन्त्रलाई उचाइमा हिजो कोइलाकै भरपूर प्रयोग गरे। आज भारतलाई भने उनीहरूले पाठ सिकाइरहेका छन्। हरित ऊर्जातर्फको संक्रमण महँगो हुने पश्चिमकै अनुभवले देखाएको छ। अभिलेखअनुसार अमेरिकामा कोइलाखानीहरू बन्द हुँदा त्यसले ठूलो बेरोजगारी सिर्जना गऱ्यो, साथमा स्थानीय समुदायलाई तहसनहस पाऱ्यो। भारतलाई अर्ति दिने विज्ञहरूले कोइला क्षेत्रका श्रमिकलाई हरित रोजगारीमा स्थानान्तरण गर्नु सजिलो र तत्काल गर्न सकिने काम होइन भनेर बुझ्नुपर्ने हो।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले भारतजस्ता देशले भन्दा पहिले विकसित राष्ट्रहरूले कोइलाबाट बाहिर निस्कनुपर्ने आग्रह गरेका छन्। यी विज्ञहरू यो कुराचाहिँ सम्झन चाहँदैनन्। के



यस्तो भएको छ त ? अहँ, भएको छैन। खराब त के भने पश्चिमा देशहरूले जीवाश्म इन्धनबाट बाहिर निस्कने आफ्नो समय तय गरेका छन्, तर समयसीमा तय गर्दा नवीकरणीय ऊर्जामा संक्रमण हुन अधिकतम समय राखेका छन्। उनीहरू भारतका बारेमा भने अनावश्यक रूपले आलोचक भएका छन्। विश्वले थाहा पाउनैपर्छ, भारत (एक अर्बभन्दा बढी जनसंख्या भएको राष्ट्र र विश्वको तेस्रो ठूलो उत्सर्जनकर्ता) आफ्नो ऊर्जा क्षेत्रलाई डिकार्बोनाइज (कार्बन उत्सर्जन कटौती) गर्ने कठोर प्रयास गरिरहेको छ। भारतले सन् २०३० सम्ममा ४५० गिगावाट नवीकरणीय ऊर्जा क्षमता निर्माण गर्ने लक्ष्य राखेको छ। यद्यपि, सन् २०३० सम्म भारतको विद्युत् उत्पादनको आधा हिस्सा कोइलाकै हुनेछ। त्यसबाहेक कोइला उद्योगले राज्य र केन्द्र सरकारहरूलाई रोयल्टी, वस्तु तथा सेवा कर (जिएसटी) र अन्य करसहित थुप्रै खालका करहरू भुक्तानी गर्छ। भारतमा कोइलामा केन्द्र र राज्य सरकारको निर्भरता उनीहरूको कर राजस्वको क्रमशः २५ प्रतिशत र १३ प्रतिशत रहेको छ। यसैगरी, केन्द्र र राज्य सरकारको ऊर्जा कर राजस्वमा कोइलाको योगदान क्रमशः १० प्रतिशत र २ प्रतिशत छ। यस्तै, विद्युत् (जसको बहुमत हिस्सा कोइला क्षेत्रबाट हुन्छ)ले केन्द्र र राज्य सरकारको ऊर्जा कर राजस्वमा क्रमशः ७ प्रतिशत र १५ प्रतिशत योगदान गरिरहेको छ। यसबाट राज्यकोषमा करौंडौं जम्मा हुन्छ। यसर्थ, ग्लास्गोमा सम्पन्न कोप-२६ ले लक्षित गरेजसरी कोइलालाई तत्काल फेजआउट (प्रयोगबाट हटाउने) गर्दा सरकारहरूले संकलन गरिरहेका करमा गम्भीर रूपले प्रभावित गर्नेछ। यसले अन्ततोगत्वा अर्थतन्त्रमा माइक्रो-इकोनोमिक स्तरमै नकारात्मक असर पार्नेछ। आलोचना गरिरहेको पश्चिमले यी कुरालाई ध्यानमा राख्न जरुरी छ। भारतले कोइलालाई फेज-आउट त गर्छ, तर पश्चिमा देशहरूले भनेजसरी नभएर आफ्नै आवश्यकता र सर्तका आधारमा।

(शान्तनु गुहा रे सेन्ट्रल युरोपियन न्युजका एसिया सम्पादक हुन्)
-एनडिटिभीबाट

'दिमाग खराब'को 'हजुरी' रिलिज

निश्चल बस्नेत निर्देशित सिनेमा 'दिमाग खराब'को नयाँ गीत 'हजुरी' सार्वजनिक भएको छ। शुक्रबारबाट रिलिज हुने सिनेमामा खगेन्द्र लामिछाने, दयाहाङ राई, स्वस्तिमा खड्का, अर्पण थापा, विजय बराल, सुमन कार्की, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडालगायतको अभिनय छ। आकाश बरालको लेखन र मनोज पण्डित स्क्रिप्ट डाक्टर रहेको सिनेमा राजनीतिक विषयमा केन्द्रित रहेर निर्माण भएको हो।



अमेरिकाका ८ सय ८८ स्क्रिनमा एनिमल

रणवीर कपुर अभिनीत फिल्म 'एनिमल' अमेरिकाका आठ सय ८८ वटा हलमा रिलिज हुने भएको छ। अमेरिकामा सबैभन्दा धेरै स्क्रिनमा प्रदर्शन हुने रेकर्ड पनि यस फिल्मको नाममा बन्नेछ। यसअघि शाहरूख खान अभिनीत जवान आठ सय ५० वटा स्क्रिनमा प्रदर्शन भएको थियो। एनिमलमा अनिल कपुर, बबी देओल, रश्मिका बन्दना, तृप्ति डिम्रीलगायत कलाकारको अभिनय छ।



ट्रेकिङ जाँदा यस्ता खानेकुरा...





सञ्जीव गुरुङ
अध्यक्ष, माउन्टेन गाइड एसोसिएसन अफ नेपाल

● अहिलेको समय घुमघामका लागि निकै उत्तम समय हो। मौसम सफा देखिने भएकाले पनि धेरै मानिस यस समय घुम्नका लागि निस्कन्छन्। यस सिजन ठूलो संख्यामा विदेशी पर्यटकहरूसमेत नेपालमा आउँछन्। तर, ट्रेकिङ जानुअघि हामीले केही पूर्वतयारी गर्नुपर्ने हुन्छ। आफूलाई चाहिन सक्ने खानेकुरा बोक्न बिर्सनुहुँदैन। किनकि, ट्रेकिङ रुटमा भनेकै ठाउँमा होटेल-रेस्टुरेन्ट नभेटिन सक्छ।

● पानी बोक्न भुल्नुहुँदैन। तपाईंको शरीर हाइड्रेट रहन आवश्यक छ। कम्तीमा पनि तीन लिटर पानी यात्राका क्रममा तपाईंसँग हुनुपर्छ। पानीको बोतलसँगै पानी शुद्धीकरण गर्ने पियूष पनि बोक्नु राम्रो हुन्छ।

● लामो दूरीको ट्रेकिङ गर्दै हुनुहुन्छ भने इनर्जी ड्रिंक्स बोक्न नबिर्सनुस्। यसले तपाईंको शरीरलाई ऊर्जा दिन्छ।

● हाइजेनिक खानेकुरा खाइरहने गर्नुपर्छ। ड्राई फ्रुट्सले पनि तपाईंलाई इनर्जी दिन्छ। यसमा शरीरलाई आवश्यक पर्ने प्रोटिनको मात्रा प्रचुर हुन्छ। तपाईंले स्याउ, अंगुर, सुन्तला, केरालगायत केही ताजा फलफूल पनि बोक्न सक्नुहुन्छ। बिस्कुट, पाउरोटीलगायत तयारी खानेकुरा पनि बोक्नुपर्छ। मैदा नभएर जौबाट बनेका खानेकुरा बोक्नु राम्रो हुन्छ। तयारी चाउचाउ पनि साथमा बोक्दा हुन्छ।

● कफी वा टी-ब्याग पनि बोक्नु राम्रो हुन्छ। यसले तपाईंको मुड फ्रेस गर्छ र इनर्जी पनि दिन्छ। नट र चकलेट बोक्दा धेरै भारी हुँदैन, यी निकै पोषक तत्त्वले भरिएको हुन्छ।



नयाँ सोफा किन्दा

● कोठाको सजावटमा सोफाको महत्त्वपूर्ण भूमिका हुन्छ। त्यसैले महँगो रकम खर्चिएर मानिसहरू आकर्षक सोफा किन्न चाहन्छन्। यद्यपि, महँगो सोफा मात्रै राम्रो हुन्छ भन्ने छैन। साधारण सोफाले पनि कोठालाई राम्रो देखाउँछ। तर, केही कुरामा ध्यान दिन जरुरी छ।

● घरको क्षेत्रफल, कोठाको स्पेस, त्यसमा प्रयोग भएका फर्निचर, भित्तामा झुन्ड्याइएका चित्रकला र लाइटिङलाई ख्याल गर्नुस्। त्यसअनुसार सुहाउँदो आकार र डिजाइनको सोफा छनोट गर्नुपर्छ।

● हेर्दा राम्रो भएर मात्रै हुँदैन। सोफा आरामदायी हुन जरुरी छ। त्यसैले सोफामा कस्तो फ्याब्रिक प्रयोग गरिएको छ भन्ने याद गर्नुपर्छ। कटन तथा पोलियुरेथानको मिक्स फ्याब्रिक धेरै सोफामा प्रयोग हुन्छ।

चिसोबाट बालबालिकालाई कसरी जोगाउने ?

डाक्टरको सल्लाह



प्रा.डा. आरपी चौधरी
प्रमुख बाल सर्जन, ईशान बाल तथा महिला अस्पताल

मौसम परिवर्तनको समय मानिसलाई विभिन्न रोगले सताउँछ। विशेषगरी, बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीहरूमा यस समय विभिन्न भाइरसको संक्रमण देखिन्छ। जसकारण ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, छाती दुख्ने, जिउ दुख्नेलगायत समस्या देखिन्छन्। विशेषगरी, बालबालिकालाई ज्वरो र सुक्खा खोकीले सताइरहेको देखिन्छ। भाइरल इन्फ्लुएन्जाका कारण बच्चामा अचानक ज्वरो आउने, टाउको दुख्ने, निरन्तर खोकी लाग्ने, छाती दुख्ने, शरीर दुख्ने, घाँटी दुख्ने, नाकबाट पानी बग्नेलगायत लक्षण देखिन्छन्। सुरुमा रुघाखोकी लाग्छ। तर, यसलाई बेवास्ता गर्दा टाइफाइड, निमोनियालगायत समस्या देखिने जोखिम पनि रहन्छ। त्यसैले वेलैमा सचेत रहन आवश्यक छ।



कस्ता समस्या देखिन्छन् ?

श्वासप्रश्वासमा समस्या : जाडो मौसममा बालबालिकामा श्वासप्रश्वासमा बढी समस्या देखिन्छ। यो समयमा रुघाखोकी लाग्ने, निमोनिया हुने, चिसोले बालबालिकामा दमजन्य रोगलगायतका रोग लाग्ने हुन्छ। धुलोधुवाँ, प्रदूषणका कारणले यस्ता समस्या देखिने हुन्छ।

छालाको समस्या : चिसोमा बालबालिकामा छालाको समस्या बढी देखिन्छ। छाला सुक्खा हुने, फुस्रो हुने, फुट्ने, चिरा पर्ने, एलर्जी हुने हुन्छ।

अन्य समस्या : चिसो मौसममा न्यानो गराउनका लागि बालबालिकालाई हिटर, दाउरा बाल्ने, हट ब्यागले सेक्ने गरिन्छ। तर, कहिलेकाहीं तातोले बालबालिकालाई पोल्ने, विपत्ति निम्तिन सक्ने जोखिम हुने भएकाले विशेष सतर्क रहन जरुरी छ।

फ्लुका लक्षण

- अचानक ज्वरो आउने।
- नाकबाट पानी बग्ने। रुघाखोकी लाग्ने।
- छिटोछिटो श्वास फेर्ने, श्वासप्रश्वासमा समस्या।
- घ्यारघ्यार हुने।
- ओठ, जिब्रो निलो भएर जाने।
- छाला फुट्ने, सुक्खा हुने, चिरिने, एलर्जी हुने।
- बच्चाले आमाको दूध नखाने, रुने।
- बान्ता गर्ने।

सतर्कताका उपाय

- चिसोमा बालबालिकालाई बिहान-बेलुका बाहिर नलैजाने। लिएर जानुपर्दा टाउकोदेखि पैतालासम्म शरीर ढाक्ने कपडा लगाएर न्यानो बनाई लैजाने।
- बच्चालाई ज्वरो वा खोकी छ भने विद्यालय पठाउनु हुँदैन। यस्तो अवस्थामा स्कुल पठाउँदा अर्को बच्चालाई सर्न सक्छ। बच्चा बिरामी भएमा घरमै हेरचाह गर्नुपर्छ।
- रुघाखोकी लागेका व्यक्तिबाट टाढा राख्नुपर्छ।
- अहिले हावा प्रदूषित छ। बाइक तथा स्कुटरमा यात्रा गराउनु हुँदैन। हावाका माध्यमबाट विभिन्न रोगको संक्रमण हुन सक्छ।
- बच्चालाई अनिवार्य रूपमा मास्क लगाइदिनुपर्छ।
- बाहिरबाट कोही मानिस घरमा जाँदा आफूले लगाएको लुगा कपडा फुकालेर मात्रै बच्चासँग भेट्ने गर्नुपर्छ।
- बच्चालाई भेट्नुअघि हात अनिवार्य धुनुपर्छ। बच्चाहरू चञ्चले हुन्छन्। हातले फोहोर छोएर फेरि त्यही हातले मुख घुँदा कीटाणुले संक्रमण गर्न सक्ने जोखिम रहन्छ। त्यसैले वेला-वेलामा साबुनपानीले उनीहरूको हात धोइदिनुपर्छ। बिहान-बेलुकी ब्रस अनिवार्य गराउनुपर्छ। चिसोले छाला फुस्रो हुने, फुट्ने, चिरा पर्ने हुँदा मोस्चराइजर क्रिम लगाइदिनुपर्छ।
- खानपिनमा ध्यान दिने। पोषिलो, झोलिलो पदार्थ खुवाउने, भिटामिनयुक्त फलफूल प्रशस्त खुवाउने। सिजनल फ्लुबाट बच्न भ्याक्सिन लगाउने।
- बालबालिकामा कुनै समस्या देखिएमा हेलचेक्रयाइँ गर्नुहुँदैन। तुरुन्तै अस्पताल लैजानुपर्छ।

श्री रिपुमर्दिनी सैनिक महाविद्यालय, बाँसबारी, काठमाडौं

विभिन्न निर्माणसम्बन्धी बोलपत्र आव्हानको सूचना

(ठेक्का सूचना नं. NAWF/SAMV/NC/BASBARI/2080/81/54)

(प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२३ गते)

१. चालु आ.ब. २०८०/८१ मा यस महाविद्यालयमा तपसिलमा उल्लेखित बास्केटबल कोर्ट, स्टेनलेश स्टील रेलिङ्गलगायतको निर्माण कार्य सम्पन्न गर्न e-Gp system को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक फर्महरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http//www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	कामको बिवरण	बोलपत्र जमानत अंक ने.रू.	मान्य हुने अबधि	दस्तुर ने.रू.	लागत अनुमान (मु.अ.करबाहेक)ने.रू.	बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलुवा गर्ने मिति र समय	कै.
१.	बास्केटबल कोर्ट, स्टेनलेश स्टील रेलिङ्गलगायतका निर्माण कार्य	१,२४,०००।-	१२० दिन	३,०००।-	४३,७१,०४७।७४	२०८०।०८।२४ गते १२:०० बजेसम्म	२०८०।०८।२४ गते १३:०० बजे	

२. साथै, उक्त कार्यहरूसम्बन्धी थप जानकारीका लागि यस महाविद्यालयको फोन नं. ०१-४३७४३३५ मा सम्पर्क गर्न सकिनेछ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बर्दिबासको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बर्दिवासबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

१. **ऋणीको विवरण:**
शंकर राय यादव/लालो देवीको नाति, बद्रि राय यादव/सागर देवी यादवको छोरा, पुनम देवी यादवको पति, महोत्तरी जिल्ला, सोनमा गा.पा., वडा नं.०७ (साविक महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.०४) वस्ने **रविन्द्र प्रसाद यादव** (ना.प्र.नं. ९१०९३६७६, जारी मिति २०४७/११/२७, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. मुसहर रायको नाति, शंकर राय यादव/लालो देवीको छोरा, सागर देवी यादवको पति, महोत्तरी जिल्ला, सोनमा गा.पा, वडा नं.०७ वस्ने **बद्रि राय यादव** (ना.प्र.नं. ९१०९०७६४, जारी मिति २०४३/१०/१३, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
२. जगत नारायण राय यादव/कुश्मा देवी यादवको नातिनी, राजेन्द्र यादव/वृषकला देवी यादवको छोरी, बद्रि राय यादव/सागर देवी यादवको बुहारी, विरेन्द्र यादवको पत्नी, महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं.०७ (साविक महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स वडा नं.०४) वस्ने **सरिता कुमारी यादव** (ना.प्र.नं. १८२०५३/१८५, जारी मिति २०६६/०२/०१, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
३. राम बृष यादव/अजल देवी यादवको नातिनी, सुर्य देव यादव/राज कुमारी यादवको छोरी, बद्रि राय यादवको बुहारी, रविन्द्र प्रसाद यादवको पत्नी, महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. ०७ (साविक महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स वडा नं. ०४) वस्ने **पुनम देवी यादव** (ना.प्र.नं.१८३०५३/२७८, जारी मिति २०६३/१०/०७, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
४. दर्शन राय यादव/शीला देवी यादवको नातिनी, जदु राय यादव/रिझो देवी यादवको छोरी, शंकर राय यादव/लालो देवीको बुहारी, बद्रि राय यादवको पत्नी, महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं.०७ (साविक महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स वडा नं.०४) वस्ने **सागर देवी यादव** (ना.प्र.नं. ९१०९०७६५, जारी मिति २०४३/१०/१२, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।
५. शंकर राय यादव/लालो देवीको नाति, बद्रि राय यादव/सागर देवी यादवको छोरा, सरिता कुमारी यादवको पति,महोत्तरी जिल्ला, सोनमा गा.पा., वडा नं.७ (साविक महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स. वडा नं.४) वस्ने **विरेन्द्र यादव** (ना.प्र.नं. ९१०९३८२४, जारी मिति २०५६/०६/१२, जिल्ला प्रशासन कार्यालय महोत्तरी)।

धितो सुरक्षणको विवरण:
१. **बद्री राय यादव**को नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, सुन्दरपुर गा.वि.स./न.पा. वडा नं.०४ स्थित कित्ता नं.१२२६ को क्षेत्रफल ०-२-८-१३.५ (वि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **ऋणीको विवरण:**
औद्योगिक व्यावसाय ऐन २०७३ को दफा १५ (उप) दफा २ अन्तर्गत, प्रदेश सरकार, प्रदेश नं.२, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाहीमा मिति २०७६/०६/०७ मा प्रा.फ.र.नं.७८६२/०७६/०७७ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं.०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **राजु माछा पालन** (प्रोप्राइटर नवराज मुखियाको नाति, जलेश्वर मुखिया/लक्ष्मिनिया देवीको छोरा, मुर्ति देवीको पति, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ०६ (साविक सर्लाही जिल्ला चन्द्रनगर गा.वि.स. वडा नं. ०२) वस्ने **हरिचन मुखिया विन**, ना.प्र.नं. ३९/१७१, जारी मिति २०४६/०२/२०, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. नवराज मुखियाको नाति, जलेश्वर मुखिया/लक्ष्मिनिया देवीको छोरा, मुर्ति देवीको पति, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ०६ (साविक सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ०२) वस्ने **हरिचन मुखिया विन** (ना.प्र.नं. ३९/१७१, जारी मिति २०४६/०२/२०, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
२. जदु मुखिया/सोमनी देवीको नातिनी, चुल्हाई विन/कुमारी देवीको छोरी, जलेश्वर मुखिया/लक्ष्मिनिया देवीको बुहारी, हरिचन मुखिया विनको पत्नी, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ०६ (साविक सर्लाही जिल्ला चन्द्रनगर गा.वि.स. वडा नं. ०२) वस्ने **मुति देवी** (ना.प्र.नं. १८६५२६७६, जारी मिति २०६१/०५/१६, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
३. जलेश्वर मुखिया/लक्ष्मिनिया देवीको नाति, हरिचन मुखिया विन/मुति देवीको छोरा सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ०६ (साविक सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ०२) वस्ने **राम किसुन मुखिया** (ना.प्र.नं. १९-०१-७४-१११५०, जारी मिति २०७४/११/१३, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

धितो सुरक्षणको विवरण:
१. **हरीचन मुखिया विन**को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स./न.पा. वडा नं.६/क स्थित कित्ता नं.९३ को क्षेत्रफल १-०-०-० (वि.क.धु.क) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनि कुमारी बैंक लि. र ऋणी **राजु माछा पालन** कायम रहि प्रदेश १ यातायात व्यवस्था कार्यालय सुनसरीमा दर्ता कायम रहेको चे.नं.MAT464602MSR06554, ई.नं.4SPCR10DYX616054, सवारी नं. प्रदेश १-०२-००२ च ५२६३ को TATA Xenon Yodha SC थान १।
३. ऋणी **राजु माछा पालन**को सम्पूर्ण चल अचल श्री सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिने धितोसुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय बर्दिबास फोन नं. ०४४-५५०५८०/५५०५५८/५५०६८०

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

Project of Urban Development and Building Construction, Dhankuta

Invitation for Bids

Notice No. 06/080/081

First Date of Publication: 2080/07/23 B.S.

1. Project of Urban Development and Building Construction, Dhankuta invites 1S1E-procedure, electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under their respective Bidding Procedures. Major qualification criteria, name and identification of the contracts are mentioned below though the details are in the bidding document.

S. No.	Contract ID. & Name of Procurement	Estimate Amount (Inclusive of PS & VAT)	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs)
1	PUDBC/DKT/NCB/WORKS/22/080/081, Construction and Upgradation of Road and Drain Works Connecting Pyauli-Yaku-Bharlabot at Arun Rural Municipality, Bhojpur	96,62,194.14	2,70,000/-	3000/-
2	PUDBC/DKT/NCB/WORKS/23/080/081, Construction and Upgradation of Road and Drain Works Connecting Thani-Sawabari-Sahidbhumi at Dhankuta Municipality, Dhankuta	48,31,213.52	1,40,000/-	3000/-
3	PUDBC/DKT/NCB/WORKS/24/080/081, Construction and Upgradation of Road from Kalika School to Tallo Gaude, Khandbari Municipality, Sankhuwasabha	24,14,061.55	70,000.00	3000/-
4	PUDBC/DKT/NCB/WORKS/25/080/081, Construction and Upgradation of Road and Drain Works Connecting Kafle-Mahabhir-Khurila-Milanchowk in Ward No.10, Bhojpur Municipality, Bhojpur	77,28,841.54	2,20,000.00	3000/-

2. All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on 2080/08/24 (10th December, 2023) (or as per the date adjusted by e-GP System). Detail electronic bid Submission procedure is as e-GP directives of PPMO. Further information can be obtained from www.bolpatra.gov.np/eGP or from Project of Urban Development and Building Construction, Dhankuta, Tel 026-523830, E-mail: pudbc.dhankuta@gmail.com/pudbcdhankuta@outlook.com
3. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.

Project Chief

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति २०८०/०७/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ईलाम शाखा, ईलाम

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं दर्ता नं. २२२५४७/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/१० मा दर्ता कायम भएको **दाहाल बन्धु अर्थोडक्स चिया प्रशोधन उद्योग**
कम्पनी दर्ता ठेगाना : ईलाम न.पा. वडा नं. १, ईलाम
स्थायी लेखा नं. ६०९६०९०५५, मिति २०७६/०५/१०
संचालक तथा व्यक्तिगत जमानतकर्ता : मोती राम दहाल
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा सवारी साधन कर्जा

२. प्रदेश सरकार, प्रदेश नं. १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, ईलाममा उद्योग दर्ता नं. ५१८३/२०७७/०७८ अन्तर्गत मिति २०७८/०१/२४ मा दर्ता कायम भएको **इलाम गोल्ड चिया तथा कृषि उपज प्याकेजिङ्ग उद्योग**
फर्म दर्ता ठेगाना : ईलाम न.पा. वडा नं. १, साखेजुङ, ईलाम
स्थायी लेखा नं. ६१५९५७३७९, मिति २०७८/०१/२६
प्रोप्राइटर/संचालक : गीता सापकोटा
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

मोती राम दाहाल
ना.प्र.नं. ८७३/३६३ जारी मिति २०४४/११/२६ जि.प्र.का. ईलाम
बाबुको नाम : दधिराम दाहाल
बाजेको नाम : लक्ष्मिकान्त दाहाल
स्थायी ठेगाना : साखेजुङ - ६, ईलाम
हालको ठेगाना : ईलाम न.पा. वडा नं. ०१, ईलाम

गीता सापकोटा
ना.प्र.नं. ०२-०१-७५-०२०५२ जारी मिति २०७५/०७/१९ जि.प्र.का. पाँचथर
बाबुको नाम : बालकृष्ण सापकोटा
पतिको नाम : मनोज दाहाल
स्थायी ठेगाना : कुम्मायक गा.पा. वडा नं. १, पाँचथर
हालको ठेगाना : ईलाम न.पा. वडा नं. ०१, ईलाम

डम्बर कुमारी लुइटेल
ना.प्र.नं. १५२६/८५५९ जारी मिति २०४५/०१/२० जि.प्र.का. पाँचथर
बाबुको नाम : पदम लाल लुईटेल
पतिको नाम : मोती राम दाहाल
ससुराको नाम : दधिराम दाहाल
स्थायी ठेगाना : नवमीडाँडा - १, पाँचथर
हालको ठेगाना : ईलाम न.पा. वडा नं. ०१, ईलाम

मनोज दाहाल
१)	१) तत्कालीन श्री ५ को सरकार, हाल नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. ३५५१२ अन्तर्गत मिति २०६२/०४/१७ मा प्राईभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, ब्रहमपूरी गा.वि.स. वडा नं. ६ स्थित **शाह ब्रदर्श इन्टरनेशनल प्रा.लि.** **संचालक तथा जमानीकर्ता: विनोद कुमार साह**	१) रितसेन साह तेलीकी बुहारी, गौरी नारायण साह तेलीकी पत्नी, सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बस्ने रामपति देवी साह तेलीको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ ख (हाल लालबन्दी न.पा. वडा नं. ४) स्थित कित्ता नं. १८० को क्षेत्रफल ०-२-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) शाह ब्रदर्श इन्टरनेशनल प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण	**धितोको विवरण**
२)	२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलू तथा साना उद्योग विभाग, घरेलू तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.नं. ४६५८/०७३/०७४ (स्थानीय व्यापार) अन्तर्गत मिति २०७३/०६/१९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ स्थित **आराध्या ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: खुश्बु कुमारी**	१) रितसेन साह तेलीको नाती, गौरी नारायण साहको छोरा, सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बस्ने विनोद कुमार साहको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, भेल्ही गा.वि.स. वडा नं. ६ (हाल ब्रहमपूरी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ८४० र १३१० को क्षेत्रफल क्रमशः ०-४-१२ र ०-०-१३ (विगाहा) को जग्गा र सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ०८ स्थित कित्ता नं. ८२ को क्षेत्रफल ००१० ९.६० (वर्ग मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) भाग नारायण साह रौनीयारकी छारी, गौरी नारायण साहकी बुहारी, विनोद कुमार साहकी पत्नी, सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बस्ने खुश्बु कुमारीको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, विष्णुपूर गा.वि.स. वडा नं. ९ क (हाल मलंगवा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६३८ को क्षेत्रफल ०-०-१० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) भाग नारायण साह रौनीयारकी छारी, गौरी नारायण साहकी बुहारी, विनोद कुमार साहकी पत्नी, सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बस्ने खुश्बु कुमारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगातमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. वडा नं. ९ ख (हाल ब्रम्हपुरी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ५७२ को क्षेत्रफल ०-२-५-० (विगाहा) को जग्गा र सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. वडा नं. १ क (हाल ब्रम्हपुरी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ६१३ को क्षेत्रफल ०-७-०-० (विगाहा) को जग्गा सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. १० स्थित कित्ता नं. १८२ को क्षेत्रफल ७३.०० (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) आराध्या ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) विनोद कुमार साह	२) खुश्बु कुमारी	३) गौरी नारायण साह तेली	४) रामपति देवी साह तेली
स्थायी ठेगानाः सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. वडा नं. ६ हालको ठेगानाःसर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बाबुः गौरी नारायण साह बाजेः रितसेन साह तेली	ठेगानाः सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बाबुः भाग नारायण साह रौनीयार ससुराः गौरी नारायण साह पतिः विनोद कुमार साह	स्थायी ठेगानाः सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. वडा नं. ६ हालको ठेगानाःसर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ बाबुः रितसेन साह तेली बाजेः अमृत साह तेली	स्थायी ठेगानाः सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. वडा नं. ६ हालको ठेगानाःसर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ ससुराः रितसेन साह तेली पतिः गौरी नारायण साह तेली

	ऋणीको विवरण	धितोको विवरण
२)	प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्रा.फ.र.नं. ९१४४/०७६ स्थानीय व्यापार अन्तर्गत मिति २०७६/०४/१६ मा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ स्थित **प्रजापती हार्डवेयर एण्ड सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: शिवप्रसाद प्रजापती (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स. वडा नं. ६ हालको ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बाबुः राम मिलन प्रसाद प्रजापती बाजेः रामहर्ष कोहार	१) रामेश्वर कोहारको नाति, रामहर्ष कोहारको छोरा, कपिलवस्तु जिल्ला, तौलिहवा न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बस्ने राम मिलन प्रसाद कोहारको नाममा मालपोत कार्यालय तौलीहवा, कपिलवस्तुको लगातमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, वरगदवा गा.वि.स. वडा नं. ६क (हाल कपिलवस्तु न.पा. वडा नं. २) स्थित कित्ता नं. १३१७ को क्षेत्रफल ०-११-५ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) प्रजापती हार्डवेयर एण्ड सप्लायर्सकोस्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) रामामिलन प्रसाद कोहार	२) अम्बिका प्रसाद प्रजापती	३) श्याम प्रकाश प्रजापती
स्थायी ठेगानाः कपिलवस्तु जिल्ला, तौलिहवा न.पा. वडा नं. ८ हालको ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बाबुः रामहर्ष कोहार बाजेः रामेश्वर कोहार	स्थायी ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. ६ हालको ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बाबुः राम मिलन प्रसाद कोहार बाजेः रामहर्ष कोहार	स्थायी ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स. वडा नं. ६ हालको ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बाबुः राम मिलन प्रसाद कोहार बाजेः रामहर्ष कोहार
४) अकालमती देवी प्रजापती	**५) उनिता देवी प्रजापती**	**६) पूनम प्रजापती**
स्थायी ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. ६ हालको ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बाबुः विश्वनाथ प्रसाद कोहार ससुराः राम मिलन प्रसाद कोहार पतिः अम्बिका प्रसाद प्रजापती	ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बाबुः त्रिभुवन कोहार ससुराः राम मिलन प्रसाद कोहार पतिः श्याम प्रकाश प्रजापती	स्थायी ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. ६ हालको ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा. वडा नं. २ बाबुः रामदास प्रजापती ससुराः राम मिलन प्रसाद प्रजापती पतिः शिव प्रसाद प्रजापती

	ऋणीको विवरण	जमानीकर्ताको विवरण
३)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा प्रा.फ.र.नं.९७३/१००४५/०७४/०७५ अन्तर्गत मिति २०७४/०५/१४ मा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं.४ रहेको **एक्सप्रेस इन्टरनेशनल** प्रोप्राईटर तथा जमानीकर्ता: मधुकर बस्नेत स्थायी ठेगानाः ललितपुर जिल्ला, टिकाथली गा.वि.स वडा नं. ७ हाल ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बाबुः लक्ष्मण बस्नेत बाजेः कृष्ण बहादुर बस्नेत	**शुष्मा राई** स्थायी ठेगानाः खोटाङ जिल्ला, रुपाकोट मझुवागाढी न.पा. वडा नं.५ हालको ठेगानाः झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बाबुः राम घन राई ससुराः लक्ष्मण बस्नेत पतिः मधुकर बस्नेत
	धितोको विवरण	
	१) कृष्ण बहादुर बस्नेतको नाति, लक्ष्मण बस्नेतको छोरा, ललितपुर जिल्ला, टिकाथली गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भइ हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बस्ने मधुकर बस्नेतको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगातमा दर्ता कायम रहेको सुनसरी जिल्ला, हाँसपोसा गा.वि.स. वडा नं. १ख (हाल इटहरी न.पा वडा नं. १), स्थित कित्ता नं. ९७००, ९६९९ र ९६९८ को क्षेत्रफल क्रमश : ०-१-१५-०, ०-१-१८.५-० र ०-२-१९.५-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) कृष्ण बहादुर बस्नेतको नाति, लक्ष्मण बस्नेतको छोरा, ललितपुर जिल्ला, टिकाथली गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भइ हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बस्ने मधुकर बस्नेतको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगातमा दर्ता कायम रहेको झापा जिल्ला, बुधवारे गा.वि.स. वडा नं. ९क स्थित कित्ता नं. ८१६० र ३१०८ को क्षेत्रफल क्रमश: ०-०-१५.५-० र ०-१-०-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) एक्सप्रेस इन्टरनेशनल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २३ कार्तिक ०८०

पूर्वाधारमा बिमा क्षेत्रको सात अर्ब लगानी

जलविद्युत्, पर्यटन, कृषिजस्ता पूर्वाधारमा लगानी बढाउने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालका जीवन तथा निर्जीवन बिमा कम्पनीहरूले पूर्वाधार क्षेत्रमा करिब सात अर्ब लगानी गरेका छन् । नेपालमा अहिले १४-१४ वटा जीवन र निर्जीवन बिमा कम्पनी सञ्चालनमा छन् । त्यसमध्ये सात जीवन र चार निर्जीवन कम्पनीले आव ०७९/८० सम्म जलविद्युत्, पर्यटन, व्यावसायिक भवनलगायतका पूर्वाधारमा सात अर्ब ५१ लाख लगानी गरेको नेपाल बिमा प्राधिकरणको तथ्यांक छ । सञ्चालनमा रहेका दुई पुनर्बिमा र सात लघुबिमा कम्पनी भने पूर्वाधारमा लगानी गरेका छैनन् ।

कम्पनीहरूको विभिन्न कोषमा तथा बिमाशुल्कमार्फत संकलन गरेको रकम विभिन्न क्षेत्रमा लगानी गर्न पाउँछन् । हाल बिमा कम्पनीले बैंकको निक्षेप, सेयर बजार, सूचीकृत कम्पनीको साधारण सेयर, पब्लिक कम्पनीको डिभेन्चर, सरकारको ऋणपत्र, म्युचुअल फन्ड, घरजग्गा, पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्न सक्छन् । कम्पनीहरूले पूर्वाधारमा टेक्निकल रिजर्भ (विभिन्न माध्यमबाट गणना गरिएको कम्पनीको लगानीयोग्य पैसा) को १० प्रतिशतसम्म लगानी गर्न सक्छन् ।

अहिले बिमा क्षेत्रमा झन्डै सात खर्ब हारहारीमा दीर्घकालीन तथा अल्पकालीन लगानीयोग्य पैसा छ । त्यसमा सात अर्ब मात्रै पूर्वाधार क्षेत्रमा लगानी भएको नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए । यीबाहेक अन्य पैसा मुद्दती निक्षेप, सेयर बजारलगायतका क्षेत्रमा लगानी भएको प्राधिकरणको तथ्यांकले देखाएको छ ।

पूर्वाधारमा लगानी गर्ने मामिलामा सरकारी स्वामित्वको राष्ट्रिय बिमा संस्थान अग्र स्थानमा देखिएको छ । उक्त कम्पनीले जलविद्युत्लगायतका क्षेत्रमा चार अर्ब ८७ करोड १७ लाख लगानी गरेको छ । कम्पनीले ४५६ मेगावाटको अपर तामाकोशी, सरकारी स्वामित्वको एचआईडिसिएल, जलविद्युत् उत्पादन कम्पनीमा लगानी गरेको छ ।

दोस्रो स्थानमा रहेको निजी क्षेत्रको एसियन लाइफ इन्स्योरेन्सले पूर्वाधारमा एक अर्ब ४४ करोड २० लाख लगानी गरेको छ । तेस्रो स्थानमा रहेको शिखर इन्स्योरेन्सले २२ करोड ६१ लाख लगानी गरेको छ । यीबाहेक सगरमाथा लुम्बिनी इन्स्योरेन्सले १२ करोड २५ लाख, सन् नेपाल लाइफ इन्स्योरेन्सले नौ करोड ८२ लाख, प्रभु लाइफ इन्स्योरेन्सले ६ करोड, सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले पाँच करोड, प्रभु इन्स्योरेन्सले चार करोड ६० लाख, नेपाल लाइफ इन्स्योरेन्सले चार करोड ५४ लाख, सिटिजन्स लाइफ इन्स्योरेन्सले दुई करोड २९ लाख र आईजिआई प्रुडेन्सियल इन्स्योरेन्सले दुई करोड पूर्वाधारमा लगानी गरेका छन् । रकमका आधारमा पूर्वाधारमा बिमा कम्पनीको लगानी भए पनि मुद्दती निक्षेप, शेयर कारोबार जस्ता उपकरणमा सिमित लगानी विस्तार हुनु सकारात्मक रहेको पौडेल बताउँछन् ।

यद्यपि, यो रकम अघिल्लो आवको तुलनामा कम हो । असार ०७९ सम्म पूर्वाधारमा सात अर्ब ४५ करोड ५६ लाख लगानी थियो । नेपाल लाइफले ठूलो रकम कुनै एक परियोजनाबाट फिर्ता ल्याउँदा कुल तथ्यांक घटेको हो ।

अहिले बिमा क्षेत्रको ७० प्रतिशतभन्दा बढी रकम बैंकको मुद्दती निक्षेपमा लगानी भएको छ । फलस्वरूप बिमा क्षेत्रको खर्बौं लगानीयोग्य पैसाको सही सदुपयोग हुन नसकेको बिमा क्षेत्रका विज्ञहरू बताउँछन् ।

यद्यपि, बिमा क्षेत्र जोखिमसम्बन्धी व्यवसाय गर्ने भएकाले पटक-पटक ग्राहकको दाबी भुक्तानी गरिराख्नुपर्छ । त्यसका लागि तत्काल लगानी प्रतिफल तथा फिर्ता आउने क्षेत्रमा लगानी गर्नुपर्ने बिमा क्षेत्रको बाध्यता छ ।

यता सरकारले सन् ०३५ सम्म विद्युत्जडित क्षमता साढे २८ हजार मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ । त्यसको लागि झन्डै ६२ खर्ब लगानी आवश्यक देखिएको छ । यसैगरी सडक, पर्यटन पूर्वाधारमा पनि ठूलो लगानी आवश्यक छ । त्यो लगानी जुटाउन स्वदेश तथा विदेशका विभिन्न स्रोतहरू परिचालन गर्नुपर्ने अवस्था छ । यसमा बिमा क्षेत्र उपयुक्त विकल्प हुने स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्की बताउँछन् ।

■ के भन्छन् बिमा कम्पनीहरू ?

बिमा कम्पनीहरूले भने लगानी प्रतिफल तथा सुरक्षाको ग्यारेन्टी भएमा पूर्वाधारमा लगानी गर्न तयार रहेको बताउँछन् । बिमा कम्पनीहरूले जोखिम बहनको व्यवसाय गर्ने हुनाले लगानीको प्रतिफल, लगानीको सुरक्षा तथा नगद प्रवाह हुने वातावरण हुनुपर्ने उनीहरू बताउँछन् । नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले पूर्वाधार क्षेत्रमा लगानी बढाउन बिमा कम्पनीहरूलाई प्रोत्साहन आवश्यक रहेको बताए । 'सामान्यता अहिले जीवन बिमा पोलिसीहरूको औसत अवधि १५ वर्ष छ । त्योअनुसार हामीसँग १५ वर्षसम्मलाई लगानी गर्ने पैसा हुन्छ । बीचमा आउने दाबी भुक्तानीका लागि भने केही रकम रिजर्भमा राख्नुपर्छ । तर, नयाँ व्यवसायले नगद प्रवाह पनि भइरहेको हुन्छ, त्योअनुसार कम्पनीसँग लगानी गर्न पैसा हुन्छ,' उनले भने, 'तर, त्यो लगानी सुरक्षा तथा प्रतिफलको ग्यारेन्टी भने हुनुपर्छ । त्यसका लागि केही प्रोत्साहनमुलुक नीति सरकारले ल्याउनुपर्छ । त्यसपछि हामी पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्न तयार हुन्छौ नै । अब कम्पनीहरू मुद्दती निक्षेपमा लगानी गरेर मात्रै बस्नुहुँदैन ।'

अहिले बिमा कम्पनीहरूको आम्दानी बैंकको ब्याजदरमा निर्भर छ । बैंकहरूको ब्याजदरमा आउने परिवर्तनले कम्पनीहरूको आम्दानी पनि तलमाथि भइरहन्छ । पूर्वाधारजस्ता बढी प्रतिफल दिने क्षेत्रमा लगानी बढाउन सकेमा बिमितले पाउने बोनस र लगानीकर्ताले पाउने प्रतिफल पनि राम्रो हुने कम्पनीहरू बताउँछन् ।

राष्ट्रिय बिमा संस्थानका प्रमुख प्रशासक कवि पाठक पनि पूर्वाधारमा लगानी गर्न सकिने बताउँछन् । तर, त्यसका लागि विज्ञहरू नहुँदा लगानी विस्तार गर्न नसकिएको उनको भनाइ छ । यसैगरी, नेपाल बिमक संघका अध्यक्ष तथा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) पनि अब बिमा कम्पनीहरूले पूर्वाधारमा लगानी विस्तार गर्दै जाने बताए । 'अहिले बिमा कम्पनीहरूले पूर्वाधारमा लगानी गर्न सुरु गरिसकेको छन् । तर, यस्तो लगानी एकैचोटी ह्वात्तै बढ्दैन । हामी बिस्तारै यस्तो लगानीको विस्तार गर्दै जान्छौं,' उनले भने, 'हामीलाई बैंकमा राखेर ब्याज आम्दानी गर्नुभन्दा प्रत्यक्ष रूपमा लगानी गर्दा नै राम्रो हुन्छ । तर, त्यसका लागि कम्पनीको क्षमता पनि बढाउनुपर्छ ।'

नेपाल पुनर्बिमा कम्पनीको सिइओ शंकर रायमाझीले लगानीको वातावरण नहुँदा पूर्वाधारमा लगानी गर्न नसकिएको बताए । 'यसै पनि हामीसँग लगानी गर्न ठूलो पुँजी बनिसकेको छैन । त्यसमाथि पर्यटन, जलविद्युत् जस्ता पूर्वाधारमा लगानी गर्ने वातावरण अझै छैन । राजनीतिक विकृतलगायतका कारण त्यस्ता क्षेत्रमा लगानी गर्न हाम्रा लागि जोखिम नै देखिन्छ,' उनले भने ।

■ नेपाल लाइफको सहायक कम्पनी

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्न छुट्टै इन्भेष्टमेन्ट कम्पनी स्थापना गर्ने तयारी गर्न लागेको छ । दुई अर्ब पुँजीसहित सहायक कम्पनीको रूपमा इन्भेष्टमेन्ट कम्पनी स्थापना गर्न लागेको सिइओ पराजुलीले बताए । उक्त कम्पनी स्थापना भएपछि त्यसैमार्फत पूर्वाधारलगायतका क्षेत्रमा लगानी गरिने उनको भनाइ छ ।

■ पूर्वाधारमा कुन कम्पनीको कति लगानी ? (रु. लाखमा)

जीवन बिमातर्फ	
राष्ट्रिय बिमा संस्थान	४८,७१७.१०
नेपाल लाइफ	४५४.८८
एसियन लाइफ	१४,४२०.६६
सन् नेपाल लाइफ	९८२.८
सिटिजन्स लाइफ	२२९
प्रभु लाइफ	६००
सानिमा रिलायन्स लाइफ	५००
निर्जीवन बिमातर्फ	
प्रभु	४६०
शिखर	२,२६१.७८
सगरमाथा लुम्बिनी	१,२२५.००
आइजिआई प्रुडेन्सियल	२००

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सस्तिँदै कर्जाको ब्याजदर

औसत आधार दर १० प्रतिशत, नौवटा बैंकको आधार दर एकल अंकमा

नयाँ पत्रिका

वाणिज्य बैंकहरूको कर्जाको ब्याजदर सस्तिन थालेको छ । बाह्य क्षेत्रमा सुधार आइरहेको र रेमिट्यान्समा समेत वृद्धि हुँदा बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजीको पर्याप्तता बढ्न थालेको छ । निक्षेपमा उल्लेख्य वृद्धि हुँदै जाँदा कर्जासमेत सस्तिँदै गइरहेको तथ्यांकले देखाएको छ । निक्षेपको ब्याजदरमा आउने परिवर्तनले आधार दरलाई प्रभावित पार्छ । निक्षेपमा ब्याजदर बढेमा आधार दरसमेत बढ्ने गर्छ भने घटेमा आधार दरसमेत कम हुने गर्छ । बैंकहरूले असोजमा व्यक्तिगत मुद्दती निक्षेपमा औसत १०.२६ प्रतिशत र संस्थागत निक्षेपमा औसत ८.१८ प्रतिशत ब्याजदर कायम गरेको थियो । कात्तिकमा भने व्यक्तिगत निक्षेपमा औसत ९.९६ प्रतिशत र संस्थागत निक्षेपमा औसत ७.८५ प्रतिशत ब्याजदर तोकेका छन् । महँगो ब्याजदरमा मुद्दती कायम रहेका निक्षेपहरूको समेत नवीकरण हुँदा अहिले आधार दर क्रमशः घट्दो क्रममा छ ।

चालू आर्थिक वर्षको पहिलो त्रैमासमा कुल २० वटा वाणिज्य बैंकहरूमध्ये नौवटा बैंकहरूको आधार दर एकल अंकमा आइपुगेको छ । नेपाल बैंकर्स संघका अनुसार स्ट्यान्डर्ड चार्टर्ड, राष्ट्रिय वाणिज्य, नेपाल बैंक, सिद्धार्थ, नबिल, एभरेष्ट, सानिमा, एनएमबि र नेपाल इनभेष्टमेन्ट मेगा बैंकको आधार दर एकल अंकमा आइपुगेको हो । अहिले नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले विगतमा जस्तो 'उच्च ब्याजदर' भन्ने अवस्था नरहने बताए छन् । अमेरिकाको केन्द्रीय बैंक फेडरल रिजर्भले समेत ब्याजदर स्थिर राखेकाले तत्काल ब्याजदर नबढ्ने संकेत मिलेको उनको भनाइ छ ।

सबैभन्दा कम आधार दर स्ट्यान्डर्ड चार्टर्ड बैंकको ८.४२ प्रतिशत छ । राष्ट्रिय वाणिज्य बैंकको आधार दर ८.७० प्रतिशत र नेपाल बैंकको ९.१९ प्रतिशत छ । त्यस्तै, सिद्धार्थ बैंकको आधार दर ९.५३ प्रतिशत, नबिल बैंकको ९.५८ प्रतिशत, एभरेष्ट बैंकको ९.७० प्रतिशत, सानिमा बैंकको ९.७५ प्रतिशत र नेपाल इनभेष्टमेन्टको ९.९९ प्रतिशत कायम भएको छ ।

सबैभन्दा बढी आधार दर घट्नेमा सिद्धार्थ र स्ट्यान्डर्ड चार्टर्ड छन् । गत आर्थिक वर्षको असोजसम्मको तुलनामा चालू आवको सोही अवधिमा स्ट्यान्डर्ड चार्टर्डको आधार दर ०.८४ र सिद्धार्थ बैंकको आधार दर ०.९० प्रतिशत बिन्दुले घटेको छ । नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको आधार दरमा समेत ०.८१ प्रतिशतले घटेको छ ।

■ आधार दर उच्च रहेका वाणिज्य बैंकहरू

११ वाणिज्य बैंकहरूको आधार दर भने अझै १० प्रतिशतभन्दा माथि छ । सबैभन्दा बढी आधार दर हुनेमा लक्ष्मी, हिमालयन र कुमारी बैंक छन् । कुमारी बैंकको आधार दर १०.९१ प्रतिशत छ भने हिमालयन बैंकको १०.८६ प्रतिशत छ । त्यस्तै, लक्ष्मी सनराइज बैंकको आधार दर १०.८० प्रतिशत कायम रहेको संघको तथ्यांक छ । माछापुच्छ्रे बैंकको आधार दर १०.०१ प्रतिशत, ग्लोबल आइएमई बैंकको १०.०७ प्रतिशत, प्रभुको १०.१४ प्रतिशत, नेपाल एसबिआईको १०.२५ प्रतिशत र कृषि विकास बैंकको आधार दर १०.३८ प्रतिशत छ । एनआइसी एसिया बैंकको आधार दर १०.५६ प्रतिशत छ भने सिटिजन्स इन्टरनेसनल बैंकको १०.६० प्रतिशत कायम भएको छ । त्यस्तै, प्राइम कमर्सियल बैंकको आधार दर १०.४६ प्रतिशत छ ।

तिहारको व्यापारमा छैन उत्साह

भोजराज भण्डारी/नयाँ पत्रिका

तिहार आउन केही दिन मात्र बाँकी भए पनि सर्वाधिक खपत हुने भाइमसला, झिलिमिली बत्तीदेखि फूलमालाको व्यापारमा उत्साह देखिएको छैन । आर्थिक मन्दीको प्रभावले विगतका वर्षको तुलनामा व्यापार करिब ४० प्रतिशतले घटेको व्यवसायीहरू बताउँछन् । तिहारमा प्रयोग हुने भाइमसला, विद्युतीय झिलिमिली वत्तीलगायतका व्यवसायमा उत्साह नदेखिएको राष्ट्रिय व्यापार-व्यवयासी महासंघका संस्थापक अध्यक्ष नरेश कटुवाललले बताए । उनले भने, 'यो समयमा तिहारलक्षित वस्तुको व्यापार साबिकभन्दा बढ्नुपर्ने हो, तर विगत वर्षहरूको तुलनामा करिब ४० प्रतिशतले घटेको छ ।' उनका अनुसार मन्दीको कारण विगतमा जस्तो माग नभएको हुँदा थोक व्यापारीले तिहारलक्षित सामग्री नै कम आयात गरेका छन् ।

भाइमसलाको मूल्य यथावत्

गत वर्षको तुलनामा भाइमसलाहरूको मूल्य भने बढेको छैन । विगतका वर्षहरूमा तिहारको समयमा झन्डै दोब्बरले मूल्य बढ्न गए पनि यसपटक मूल्य स्थिर नै रहेको नेपाल खुद्रा व्यापार व्यवसायी संघका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठले बताए । उनले भने, 'आर्थिक मन्दीले विगतको जस्तो व्यापार छैन, तर मूल्यमा परिवर्तन आएको छैन ।' भाइमसलामा प्रयोग हुने ड्राइफ्रुड अन्य समयमा पनि माग भइरहने भएकाले मूल्यमा खासै परिवर्तन नआएको उनको भनाइ छ । गत वर्ष काजु प्रतिकिलो १५ सय देखि १८ सयसम्ममा बिक्री भएको थियो, अहिले पनि मुल्यमा खासै परिवर्तन नभएको उनले बताए । त्यस्तै, आलमन्ड, किसमिस, छोकडाको मूल्य प्रतिकिलो १५ सयदेखि चार सय रुपैयाँसम्म रहेको छ ।

तिहारलाई लक्षित गरेर यस वर्ष ४० करोड रुपैयाँबराबरको झिलिमिली वस्तु आयात गरिएको नेपाल विद्युत् व्यवसायी संघले जनाएको छ । यो गत वर्षभन्दा तीन करोड मात्रै बढी हो । संघका अध्यक्ष रेशम देवकोटाले आर्थिक मन्दीका कारण व्यापार सुस्त रहेकाले आयात पनि नबढाएको बताए । उनले भने, 'यस वर्ष बत्ती आयात केही बढाएको भए पनि मन्दीको असरले होला खासै उत्साह छैन ।' यस वर्ष झिलिमिली बत्तीको मूल्यमा विगतको जस्तै धेरै नबढेको बताए । उनले भने, 'गतवर्ष १० प्रतिशतले बढेकोमा यस वर्ष मन्दीको कारणले उपभोक्तामा उत्साह छैन, सामान बिक्री गर्नुपर्ने बाध्यताले लागत मूल्य बढे पनि बिक्री मूल्य बढाउन सक्ने अवस्था छैन ।' संघका अनुसार यस वर्ष २० रुपैयाँदेखि १५ सयसम्मको बत्तीहरू रहेको छन् ।

४० लाख माला खपत हुने

तिहारमा प्रयोग हुने फूलमाला यसपटक आन्तरिक उत्पादनले धान्ने भएको छ । खपत हुनेमध्ये ८५ प्रतिशत फूलमाला आन्तरिक उत्पादनले धान्ने फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिए । उनले भने, 'यसपटक आन्तरिक उत्पादन राम्रो छ, सातै प्रदेशमा समयमै तिहारलक्षित फूल उत्पादन भएको हुँदा आयात कम गर्ने भएका हौं ।' अघिल्लो वर्षको तिहारमा १८ लाख १५ हजार मखमली, सयपत्री र गोदावरी फूलका माला खपत भएको थियो । १४ लाख ५२ हजार सयपत्री माला मात्र खपत भएको थियो भने तीन लाख ६३ हजार माला आयात गरिएको थियो ।

एसोसिएसनका अनुसार तिहारभरि सयपत्री, मखमली, गोदावरी गरी जम्मा करिब ४० लाख माला खपत हुने अनुमान छ । सयपत्री मालाको मूल्यमा अघिल्लो वर्षको तुलनामा भने खासै अन्तर नरहेको उनले बताए । उनका अनुसार सयपत्री मालाको औसत मूल्य प्रतिगोटा ५५ रुपैयाँ, मखमली फूलको मालाको मूल्य औसतमा प्रतिगोटा ३५ देखि ४० रुपैयाँ र गोदावरी मालाको तीन सय ५० देखि चार सय रुपैयाँसम्म पर्नेछ । अघिल्लो वर्षको तुलनामा दुई करोड रुपैयाँको भन्दा बढी कारोबार हुने अनुमान रहेको अध्यक्ष तामाङले जानकारी दिए ।

अरुण-३ पीडितको आन्दोलन स्थगित

संखुवासभा/ अरुण तेस्रो जलविद्युत्का पिडीतले मुआब्जा पाउने भएपछि ६९ दिनपछि आन्दोलन स्थगित गरेका छन् । सरकार र लगानी बोर्डले मुआब्जावापतको ५३ करोड निकासा गरिसकेकाले बिहीबारदेखि सम्पूर्ण आन्दोलन स्थगित गरिएको अरुण तेस्रो प्रवेशमार्ग स्थानीय मुआब्जा संघर्ष समितिका उपाध्यक्ष कुमार गुरुङले बताए ।

संघर्ष समितिका केन्द्रीय अध्यक्ष जनीकुमार राईले १६ कात्तिकको मन्त्रिपरिषद बैठकपछि ४५४ रोपनी छुट जग्गाको मुआब्जा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भएकाले आन्दोलन स्थगित गरिएको बताए ।



६० लाख डिम्याट खाता

काठमाडौं/ सेयर बजारमा डिम्याट खाता खोल्ने लगानीकर्ताको संख्या ५९ लाख ९२ हजार एक सय ८३ पुगेको छ । पछिल्लो समय सेयर बजारमा आइरहेको गिरावटका कारण डिम्याट खाता खोल्नेको संख्या घटेको सिडिएसी एन्ड क्लियरिङ लिमिटेडले जनाएको छ । कोरोनाको समयमा दैनिक १२ हजारसम्मको डिम्याट खाता खोलिएको थियो भने अहिले दैनिक दुईदेखि तीन हजार मात्र पुग्ने गरेको छ ।

कोरोनाको समयमा नेप्से परिसूचक ३२ सयको विन्दुमा रहेको अवस्थामा डिम्याट खाता खोल्ने लगानीकर्ताको संख्या झन्डै सात गुणाले बढेको थियो । तर, सेयर बजार ओरालो लागेसँगै डिम्याट खाता खोल्नेको संख्या पनि घटेको सिडिएसीका प्रवक्ता सुरेश न्यौपानेले बताए । त्यस्तै, ६० लाखले डिम्याट खाता खोलेर मेरो सेयरको खाता खोल्नेको संख्या भने ३५ लाख ५३ हजार पाँच सय २५ रहेका छन् ।

म्याङ्लुङ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
तेह्रथुम

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२३)

यस नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुका लागि आ.व. ०८०/८१ का लागि अत्यावश्यक औषधि तथा सर्जिकल सामानहरु खरिद गर्नु पर्ने भएको हुँदा यो सूचना प्रकाशित गरिएकोछ । उल्लेखित प्रक्रिया E-GP System बाट हुनेछ । साथै थप जानकारीको यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइट www.myanglungmun.gov.np बाट समेत बुझ्न वा हेर्न समेत सकिनेछ ।

तपशील
02/MM/SQ/GOODS/080/081

सि.नं.	विवरण	मू.अ. कर बाहेक अनुमानित मूल्य	धरौटी रकम	कै
१	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद	१५,३९,५६५/-	४०,०००/-	

प्रमुख प्रशासकीय अधिकृत

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८० साल कार्तिक महिना २३ गते बिहीबार)

यस विकास बैंक लि.को तपसिलका शाखा कार्यालय गल्याङ्गबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१. कर्जा शिर्षक : व्यवसायीक अधिविकर्ष तथा आवधिक कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
ऋणीको नाम : ॐ साई कृपा किराना पसल प्रोप्राइटरको नाम : चिन्तामणि बस्याल प्रा.फ.र.नं. : १८८५/०७१/०७२ दर्ता मिति : २०७१/११/१२ स्थायी लेखा नं. : ३०३३४०७०० दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय स्याङ्जा रजिष्टर्ड ठेगाना : स्याङ्जा जिल्ला जगत्रदेबि वडा नं. ८	**१. नाम : चिन्तामणी बस्याल** बाबुको नाम : लाल प्रसाद बस्याल बाजेको नाम : बैकुण्ठ बस्याल स्थायी ठेगाना : स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना.प्र.नं. : २२९१० जारी मिति र जिल्ला : २०६२/१२/१८, स्याङ्जा
२. नाम : शारदा तिवारी बस्याल बाबुको नाम : हुमकान्त तिवारी पतिको नाम : चिन्तामणी बस्याल ससुराको नाम : लाल प्रसाद बस्याल स्थायी ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ३ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना.प्र.नं. : ४१३५२ जारी मिति र जिल्ला : २०५४/०७/१९, स्याङ्जा	**३. नाम : आनन्द बस्याल** बाबुको नाम : लाल प्रसाद बस्याल बाजेको नाम : बैकुण्ठ बस्याल स्थायी ठेगाना : स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना.प्र.नं. : ३९९३९ जारी मिति र जिल्ला : २०५४/०४/२२, स्याङ्जा
४. नाम : अनिशा बस्याल बाबुको नाम : चिन्तामणी बस्याल बाजेको नाम : लाल प्रसाद बस्याल स्थायी ठेगाना: स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. १ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना.प्र.नं. : ४२-०२-७८-०२६५० जारी मिति र जिल्ला : २०७८/०७/२१, स्याङ्जा	**५. नाम : अञ्जलि बस्याल** बाबुको नाम : चिन्तामणी बस्याल बाजेको नाम : लाल प्रसाद बस्याल स्थायी ठेगाना: स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. १ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना.प्र.नं. : ४२-०२-७५-०१९९१ जारी मिति र जिल्ला : २०७५/०४/१४, स्याङ्जा

२. कर्जा शिर्षक : व्यवसायिक आवधिक कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
ऋणीको नाम : शारदा किराना पसल प्रोप्राइटरको नाम : शारदा तिवारी बस्याल प्रा.फ.र.नं. : २६४/०७८/७९ दर्ता मिति : २०७८/०८/०१ स्थायी लेखा नं. : ६१७१९७२०९ दर्ता रहेको निकाय : घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्जा ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ०३	**१. नाम : चिन्तामणी बस्याल** बाबुको नाम : लाल प्रसाद बस्याल बाजेको नाम: बैकुण्ठ बस्याल स्थायी ठेगाना : स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.वडा नं. ६ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना प्र नं. : २२९१०, जारि मिति र जिल्ला : २०६२/१२/१८, स्याङ्जा
२. नामः शारदा तिवारी बस्याल बाबुको नाम : हुमकान्त तिवारी पतिको नाम : चिन्तामणी बस्याल ससुराको नाम : लाल प्रसाद बस्याल स्थायी ठेगाना : स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं. ३ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना.प्र.नं. : ४१३५२ जारि मिति र जिल्ला : २०५४/०७/१९, स्याङ्जा	**३. नाम : अनिशा बस्याल** बाबुको नाम : चिन्तामणी बस्याल बाजेको नाम : लाल प्रसाद बस्याल स्थायी ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. १ हालको ठेगाना : स्याङ्जा जिल्ला गल्याङ्ग न.पा. वडा नं. ३ ना.प्र.नं. : ४२-०२-७८-०२६५० जारि मिति र जिल्ला : २०७८/०७/२१, स्याङ्जा

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
मिति २०७९/१२/२३ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

नबिल बैंकले एक करोडबराबरको सहयोग गर्ने

काठमाडौं/ नबिल बैंक लिमिटेडले भूकम्प प्रभावित क्षेत्रका जनतालाई राहत सामग्री उपलब्ध गराएको छ। प्रभावित क्षेत्रको जनताको उद्धार तथा राहतका लागि बैंकले एक करोड रुपैयाँबराबरको राहत सामग्री वितरण गर्ने निर्णय गरेको हो।

जिल्ला विपत् व्यवस्थापन समिति जाजरकोटले सञ्चालन गरेको एकद्वार राहत संकलन र वितरण केन्द्रलाई बैंकको प्रतिनिधित्व गर्दै प्रमुख बजार अधिकृत कृष्ण सुवेदीले सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्मालाई पहिलो चरणको राहत हस्तान्तरण गरेको जनाइएको छ।

प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले प्रभावित क्षेत्रका जनताको घाउमा मलम लगाउन सहयोग पुगोस् भनेर बैंकले खाद्यान्न, त्रिपाल, ब्ल्यांकेट, औषधिलगायतका एक करोड रुपैयाँबराबरको राहत सामग्री उपलब्ध गराउने बताए।

एलजी ओएलइडी टिभी बिक्रीमा नयाँ कीर्तिमान

नयाँ पत्रिका

एलजी ओएलइडी टिभीले सन् २०२३ को पहिलो ६ महिनामा सर्वाधिक बिक्रीको कीर्तिमान कायम गरेको छ। ६ महिनामा १३ लाख ३० हजारभन्दा बढी सिपमेन्ट गरी कम्पनीले नयाँ 'बेन्चमार्क' निर्माण गर्न सफल भएको हो।

मार्केट रिसर्च फर्म ओम्डियाका अनुसार एलजीले कुल सिपमेन्टका आधारमा पहिलो ६ महिनामा विश्वव्यापी ओएलइडी टिभी बजारको ५५ प्रतिशतभन्दा बढी बजार ओगट्न सफल भएको जनाइएको छ। उत्पादनको १० वर्ष मनाउँदै गर्दा ओएलइडी टिभी सेगमेन्टको नेतृत्व स्थापना गर्न सफल भएको कम्पनीले दाबी गरेको छ। साथै, एलजीले ओएलइडी टिभीको प्रतिष्ठालाई प्रिमियम टिभी सेगमेन्टको शिखरमा राख्न सफल भएको जनाइएको छ।

त्यस्तै, एलजीले ओएलइडी र एलसिडी गरी एक करोड युनिट टिभी बिक्री गर्न सफल भएको कम्पनीले जनाएको छ। यसैकारण, एलजी कम्पनीले विश्वव्यापी टिभी बजारको १६-२५ सेयरको खुद नाफा हासिल गरेको दाबी गरेको छ। एलजीले आफ्नो प्रिमियम र अल्ट्रा-लार्ज डिस्प्लेका लागि रणनीतिक बजारीकरण सक्रियताका साथ अपनाउँदै आफ्नो भण्डारणको व्यवस्थापनलाई सुदृढ गर्दै र



उच्चतम नाफाका लागि निरन्तर लागिरहेको जनाएको छ। कम्पनीले आफ्नो कुल आम्दानीको करिब ३० प्रतिशत नाफा एलजी ओएलइडीमार्फत प्राप्त गरिरहेको उल्लेख छ।

एलजी ओएलइडी टिभीले अर्धवार्षिक अवधिमा कुल नाफाको ९.३ प्रतिशत हासिल गरी विश्वव्यापी टिभी बजारमा आफ्नो पहिलो स्थान कायम राखेको दाबी गरिएको छ। ओम्डियाले ओएलइडी टिभीले भविष्यमा अझ उत्कृष्ट प्रदर्शन गर्न तथा दुई लाखभन्दा बढी मूल्य पर्ने टिभी सेगमेन्टको ४३ प्रतिशतसम्म बजार ओगट्ने प्रक्षेपण गरेको कम्पनीले जनाएको छ।

एलजीले ओएलइडी टिभीहरू नेपाली बजारमा पनि उपलब्ध गराइरहेको छ। ४२ इन्चदेखि ८३ इन्चसम्म उपलब्ध यी टिभीहरू नेपालभर एलजी ब्रान्डको आधिकारिक विक्रेता चौधरी ग्रुपअन्तर्गतको सिजी इलेक्ट्रोनिक्सले बिक्री गरिरहेको छ।

विभिन्न कम्पनीले गरे राहत सामग्री तथा सहयोग रकम हस्तान्तरण

जाजरकोट र रुकुम पश्चिममा भएको भूकम्पपीडित जनताका लागि विभिन्न संघ संस्था तथा कम्पनीले राहत सामग्री तथा सहयोग रकम हस्तान्तरण गर्ने क्रम जारी रहेको छ। नगद सहयोग गर्नेले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम प्रदान गरिरहेका छन्।

■ महासंघले प्रदान गऱ्यो तेस्रो खेप राहत सहयोग

नेपाल उद्योग वाणिज्य महासंघले करिब २२ लाख रुपैयाँबराबरको राहत सामग्री हस्तान्तरण गरिसकेको छ। महासंघ कर्णाली च्याप्टरमार्फत कार्तिक १७ गते पहिलो चरणको राहत सामग्री हस्तान्तरण गरेको जनाइएको छ। त्यस्तै, कर्णाली च्याप्टरमार्फत नै राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा दोस्रो चरणको राहत सामग्री हस्तान्तरण गरिएको महासंघले जनाएको छ।

महासंघले काठमाडौंमा गृह मन्त्रालयको विपत् व्यवस्थापन समितिमार्फत बुधबार तेस्रो खेपको राहत सामग्री हस्तान्तरण गरेको जनाइएको छ। सहयोग सामग्रीमा म्याट्रेस, टेन्ट, खाद्यान्न, लत्ताकपडा, औषधि, पानीसहितका सामग्री रहेको जनाइएको छ। यसैगरी, अन्य संघसंस्थामार्फत संकलित राहत सामग्रीलाई सरकारको आग्रहमा ढुवानीमा सहजीकरण पनि गरिरहेको महासंघले जनाएको छ।

■ सूर्य नेपालले दियो एक करोड ८० लाखबराबर



सूर्य नेपाल प्रालिले भूकम्पका कारण भएको क्षतिमा तत्काल उद्धार, राहत तथा पीडितहरूको पुनर्स्थापनामा मद्दत पुऱ्याउने उद्देश्यले एक करोड ४० लाख रुपैयाँ सहयोग गरेको छ। कम्पनीले आफ्नो व्यावसायिक सामाजिक दायित्वअन्तर्गत सहयोग गरेको हो।

सहयोग रकमको चेक प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा हुने गरी कम्पनीका प्रबन्ध निर्देशक रवि रायवरम, भाइस प्रेसिडेन्ट रवि केसीलगायतका पदाधिकारीको टोलीले प्रधानमन्त्री प्रचण्डलाई हस्तान्तरण गरेको जनाइएको छ। कम्पनीले थप ३५ लाख रुपैयाँबराबरको खाद्यान्न, टारपाउलिन र ब्ल्यांकेटहरू जाजरकोट पठाइसकेको तथा पाँच लाख रुपैयाँबराबरको औषधि वीर अस्पतालको प्रभावित क्षेत्रतर्फ जाने टोलीलाई हस्तान्तरण गरिसकेको कम्पनीले जनाएको छ।

■ एनआइसी एसियाले गऱ्यो सहयोग रकम हस्तान्तरण

एनआइसी एसिया बैंक लिमिटेडले जाजरकोट भूकम्पबाट प्रभावितहरूका लागि उद्धार तथा राहत वितरण गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप राहत उद्धार कोषमा ५१ लाख रुपैयाँ नगद सहयोग प्रदान गरेको छ। उक्त रकमबराबरको चेक बैंकका प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेले प्रधानमन्त्री पुष्पकमल दाहाललाई हस्तान्तरण गरेका हुन्।

बैंकले आइतबार राहत कोषमा ५१ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको थियो। यस विनाशकारी भूकम्पमा परी ज्यान गुमाउने सम्पूर्णमा बैंक परिवारले श्रद्धाञ्जली अर्पण गर्दै घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको जनाएको छ।

■ गोर्खा ब्रुअरीले हस्तान्तरण गऱ्यो एक करोड



गोर्खा ब्रुअरी प्रालिले भूकम्पपीडितको पुनर्स्थापनाका लागि नेपाल सरकारलाई एक करोड रुपैयाँ सहयोग गरेको छ। उक्त रकमको चेक कम्पनीका नायब प्रबन्ध निर्देशक सुरेन्द्र सिलवाललले प्रधानमन्त्री पुष्पकमल दाहाललाई हस्तान्तरण गरेका छन्।

नायब प्रबन्ध निर्देशक सिलवाललले गोर्खा ब्रुअरीले देशलाई विपत्को घडीमा सहयोग गर्न पाएकोमा सन्तुष्टि रहेको बताए। यसअघि पनि गोर्खा ब्रुअरीले देशमा आइपरेको प्राकृतिक विपत्तिमा उल्लेख्य सहयोग गर्दै आएको स्मरण गरे। कोभिड महामारी र ०७२ को महाभूकम्पपछि उल्लेख्य सहयोग गरेको उनले स्मरण गरे। कम्पनीले हाल कार्ल्सबर्ग, टुबोर्ग र गोर्खा बियरजस्ता ब्रान्डद्वारा नेपालमा संगीत, खेलकुदलगायत अन्य विभिन्न क्षेत्रको विकासमा सहयोग पुऱ्याउँदै आएको उनको भनाइ थियो।

■ राष्ट्रिय वाणिज्य बैंकले दियो एक करोड

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले भूकम्पपीडितको सहायताका लागि एक करोड रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। बैंक सञ्चालक समिति सदस्य दिलीपकुमार ढुंगानाले प्रधानमन्त्री पुष्पकमल दहाललाई मंगलबार एक कार्यक्रमका बीच एक करोड रुपैयाँको चेक रकम हस्तान्तरण गरेका हुन्।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत भूकम्पपीडितहरूको उद्धार र उपचारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खातामा बैंकको तर्फबाट एक करोड रुपैयाँ मंगलबार ट्रान्सफर गरेको जनाएको छ।

■ भिजी फाउन्डेसनले २१ लाख सहयोग गर्ने

शुक्रबारको मध्यरातमा पश्चिमको नेपालको जाजरकोट तथा रुकुममा गएको विनाशकारी भूकम्पबाट पुऱ्याएको मानवीय तथा संरचनागत क्षतिमा राहत पुगोस् भन्ने उद्देश्यले विशाल ग्रुपअन्तर्गतको भिजी फाउन्डेसनले २१ लाख रुपैयाँ सहयोग गर्ने भएको छ। ग्रुपले उक्त सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा प्रदान गर्ने भएको हो। यसका साथै फाउन्डेसनले विभिन्न संघ-संस्थाहरूको हातेमालोको आवश्यकता भएको जनाएको छ।

■ महालक्ष्मी विकास बैंकको १० लाख सहयोग

महालक्ष्मी विकास बैंकले भूकम्पपीडितहरूको सहायताका लागि १० लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। बैंकले उद्धार तथा राहत वितरण गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवीप्रकोप राहत उद्धार कोषमा सहयोग रकम प्रदान गरेको हो। बैंक सञ्चालक समितिका अध्यक्ष राजेश उपाध्याय र प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले अर्थमन्त्री प्रकाशशरण महतलाई उक्त रकमबराबरको चेक हस्तान्तरण गरेको बैंकले जनाएको छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

घर खाली गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०७/२३

काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ४ बस्ने तपाई श्री धन बहादुर खत्रीले तपसिल बमोजिमको सम्पत्ति (घरजग्गा) यस बैंकमा धितो सुरक्षण राखी कर्जा लिई तपाई र बैंक बिच भएको शर्त/सम्झौता बमोजिम बुझाउनु पर्ने कर्जा रकम नबुझाई लामो समयसम्म भाखा नघाई बसेकोले बैंकले धितोमा रहेको उक्त सम्पत्ति (घरजग्गा) लिलाम बिक्री गरी आफ्नो लेना रकम असुलउपर गर्ने उद्देश्यले पटक पटक लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गरी बोलपत्र आव्हान गर्दा समेत कसैको पनि बोलपत्र नपरी बैंक आफैले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरेको उपरोक्त सम्पत्ति (घरजग्गा) नियमानुसार लिलाम मार्फत बिक्री गर्ने गरी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेकोमा प्राप्त बोलपत्र स्वीकृत गरी उक्त सम्पत्ति (घरजग्गा) बोलपत्रदाता (खरिदकर्ता) को नाममा दाखिल खारेज नामसारी गरी दिए पश्चात् पनि घर खाली गर्नको लागि पटक पटक अनुरोध गर्दा समेत घर खाली नगरी अनधिकृत रुपमा कब्जा/भोग गरी आउनु भएकोले यो सूचना प्रकाशित गरेको मितिले ३५ दिन भित्रमा उक्त सम्पत्ति (घरजग्गा) खाली गरी खरिदकर्तालाई सहज रुपमा उपभोग तथा भोगचलन गर्ने वातावरण मिलाई दिनुहुन अनुरोध गरिन्छ। अन्यथा अनधिकृत रुपमा सम्पत्ति (घरजग्गा) कब्जा/भोगचलन गरी बसेको आधारमा तहाँलाई बैंक तथा वित्तीय सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा ९ तथा अन्य प्रचलित कानून बमोजिम घर खाली गराउनको लागि आवश्यक कारवाही प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

खाली गर्नुपर्ने सम्पत्ति (घर/जग्गा) को विवरण

क्र.स.	ठेगाना	कित्ता नं.	क्षेत्रफल (व.मि.)
१	काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४	४९७	१५८.९५ (घर समेत)

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०।०७।२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	ओभरड्राफ्ट सुविधा	**ऋणीको नामः निरभाना इन्टरप्राइजेज** (प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय मा दर्ता रहेको) दर्ता नं.: ५४२/०७०/०७१ दर्ता मितिः २०७०/०८/२६ स्थायी लेखा नं.: ३०४८१५७९१ ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं ६ । **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **नरेन्द्र पाठक** ना.प्र.प.नं (जारी मिति/स्थान): ११३९ (२०५२/०२/३०/चितवन) बाजेको नामः प्रेमनाथ पाठक बाबुको नामः हिरा लाल पाठक ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं ६ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सरिता बर्तौला** ना.प्र.प.नं (जारी मिति/स्थान): २०३१/०६० (२०६०/०८/०७/चितवन) बाबुको नामः राम कुमार बर्तौला ससुराको नामः हिरा लाल पाठक पतिको नामः नरेन्द्र पाठक ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं ६ । **२. श्याम प्रसाद पाठक** ना.प्र.प.नं (जारी मिति/स्थान): २१९९/२२१ (२०४५/०२/१३/चितवन) बाजेको नामः प्रेम नाथ पाठक बाबुको नामः हिरा लाल पाठक ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं ६ । **३. जमुना पाठक** ना.प्र.प.नं (जारी मिति/स्थान): २२९६/०६१ (२०६१/११/०६/चितवन) बाबुको नामः तारानाथ सुबेदी ससुराको नामः हिरा लाल पाठक पतिको नामः श्याम प्रसाद पाठक ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी.न.पा., वडा नं ६ । **४. हिरा लाल पाठक** ना.प्र.प.नं (जारी मिति/स्थान): १११४९ (२०३४/०१/२०/चितवन) बाजेको नामः नन्द लाल पाठक बाबुको नामः प्रेम नाथ पाठक ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं ६ । **५. बिन्दा कुमारी पाठक** ना.प्र.प.नं (जारी मिति/स्थान): २४३९ (२०४३/१०/०२/चितवन) ससुराको नामः प्रेम नाथ पाठक पतिको नामः हिरा लाल पाठक ठेगानाः चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं ६ ।	१. नन्द लाल पाठक को नाति, प्रेम नाथ पाठक को छोरा, चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं ६ बस्ने **हिरा लाल पाठक** को नाममा मालपोत कार्यालय भरतपुर, चितवन को लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स/न.पा., वडा नं. ८/ख स्थित कि.न. ४३६, ५७५, ४३४ र ५७६ को क्षेत्रफल क्रमशः ४२३३ , २९.१६ , १०९५७ र ९७.३६ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. प्रेम नाथ पाठक को बुहारी, हिरा लाल पाठक को पत्नी, चितवन जिल्ला, कुमरोज गा.वि.स, वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं ६ बस्ने **बिन्दा कुमारी पाठक** को नाममा मालपोत कार्यालय भरतपुर, चितवन को लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स/न.पा., वडा नं. ८/ख स्थित कि.न. ४३३, १७, ४३५ र २७२ को क्षेत्रफल क्रमशः ०-०-२, ०-०-१३, ०-०-२$^{१/२}$ र ०-०-७-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । ३. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान चल/अचल सम्पति तथा आय प्राप्ति ।
२.	चालुपूँजी कर्जा	**ऋणीको नामः जटाधारी सपिङ्ग सेन्टर** (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: १५१०५/०७५/०७६ दर्ता मितिः २०७५/०५/०१ स्थायी लेखा नं.: ६०८२६२०९९ ठेगानाः कास्की जिल्ला,पोखरा लेखनाथ म.न.पा., वडा नं ९। **प्रोप्राईटरः** **पवित्रा डुंगाना** ना.प्र.प.नं (जारी मिति/स्थान): ४६/३/००२/१०२९(२०६३/१०/२६/कास्की) बाबुको नामः बुद्धि सागर तिमिल्सिना ससुराको नामः डिल्ली रमण डुंगाना पतिको नामः शंकर प्रसाद डुङ्गाना ठेगानाः कास्की जिल्ला, लेखनाथ न.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं ९। **व्यक्तिगत जमानतकर्ताः** **शंकर प्रसाद डुंगाना** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२३४६ (२०५२/०२/०८/कास्की) बाजेको नामः बेनि माधव डुङ्गाना बाबुको नामः डिल्ली रमण डुङ्गाना ठेगानाः कास्की जिल्ला, राखी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं ९।	बुद्धि सागर तिमिल्सिना को छोरी, डिल्ली रमण डुङ्गाना को बुहारी, शंकर प्रसाद डुङ्गाना को पत्नी, कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं ९ बस्ने **पवित्रा डुंगाना**को नाममा मालपोत कार्यालय कास्की को लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा., वडा नं. ९ स्थित कि.न. ९० को क्षेत्रफल २४८५० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	व्यक्तिगत ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः पवित्रा डुंगाना** ना.प्र.प.नं (जारी मिति/स्थान): ४६/३/००२/१०२९ (२०६३/१०/२६/कास्की) बाबुको नामः बुद्धि सागर तिमिल्सिना ससुराको नामः डिल्ली रमण डुङ्गाना पतिको नामः शंकर प्रसाद डुङ्गाना ठेगानाः कास्की जिल्ला, लेखनाथ न.पा., वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं ९ । **व्यक्तिगत जमानतकर्ताः** **शंकर प्रसाद डुङ्गाना** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२३४६ (२०५२/०२/०८/कास्की) बाजेको नामः बेनिमाधव डुङ्गाना बाबुको नामः डिल्ली रमण डुङ्गाना ठेगानाः कास्की जिल्ला, राखी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा., वडा नं ९ ।	
४.	व्यक्तिगत ओभरड्राफ्ट	**ऋणीको नामः तुल्सी नारायण कोजु** ना.प्र.प.नं (जारी मिति/स्थान): २१५७९ (२०५५/०८/२९/भक्तपुर) बाजेको नामः लक्ष्मी दास कोजु बाबुको नामः तुल्सीदास कोजु ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. १७ । **व्यक्तिगत जमानतकर्ताः** **पूर्ण केशरी आचाजु** ना.प्र.प.नं (जारी मिति/स्थान): ९१५२ (२०५२/१२/०१/भक्तपुर) बाबुको नामः पूर्ण प्रसाद आचाजु ससुराको नामः तुल्सीदास कोजु पतिको नामः तुल्सी नारायण कोजु ठेगानाः भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. ८ ।	लक्ष्मी दास कोजु को नाति, तुल्सीदास कोजु को छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. १७ बस्ने **तुल्सी नारायण कोजु** को नाममा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर न.पा., वडा नं. १७/क स्थित कि.न. ६६०, ३६६ र ४७४ को क्षेत्रफल ०-०-१-०, ०-१-२-० र ०-२-२-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७

नबिल बैंक लिमिटेड, घोराही शाखा, दाङ तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०७/२३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी नाम र ठेगानाको विवरण

जय बहादुर तामाङकी छोरी, कर्म बहादुर पुनकी बुहारी, धन प्रताप पुनकी श्रीमती, दाङ जिल्ला, घोराही गा.वि.स. वडा नं. ६ स्थायी घर भइ हाल दाङ जिल्ला, घोराही न.पा. वडा नं. १८ बस्ने, नागरिकता नं. ८३६६/१४२१, (जारी मितिः २०४८/०५/१७, स्थान दाङ) भएकी **श्रीमती भागिरथी पुन ।**

जमानतकर्ताको नाम र ठेगानाको विवरण

सरपति पुनको नाति, कर्म बहादुर पुनको छोरा, रुकुम जिल्ला, काक्री गाउँ वडा नं. ६ स्थायी घर भइ हाल दाङ जिल्ला, घोराही न.पा. वडा नं. १८ बस्ने, नागरिकता नं. ५१११/२२९८, (जारी मितिः २०५१/१२/२१, स्थान रुकुम) भएको **श्री धन प्रताप पुन ।**

धितोको विवरण

धितोमा रहेको घर जग्गाको विवरण :

दाङ जिल्ला, घोराही गा.वि.स. वडा नं. ६ स्थायी घर भइ हाल दाङ जिल्ला, घोराही न.पा. वडा नं. १८ बस्ने, **श्रीमती भागिरथी पुन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ जिल्ला, घोराही न.पा. वडा नं. ९ सिट नं. ९ग मा अवस्थित कि.नं. १६३ क्षेत्रफल ४७४.१० व.मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिमराको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (सावित्रिक एन. सी.सी. बैंक लि.) शाखा कार्यालय सिमरावाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँ

चीन सरकारले पठाएको २८ करोडबराबरको राहत सामग्री पोखरा आइपुग्यो

कास्की/ भूकम्प प्रभावितको सहयोगका लागि चीन सरकारले पठाएको २८ करोड रुपैयाँ (१५ लाख चिनियाँ मुद्रा)बराबरको राहत सामग्री बुधबार पोखरा आइपुगेको छ। चिनियाँ जनमुक्ति सेनाको दुई कार्गो जहाज सिचुआनको छेन्दुबाट राहत सामग्री लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका थिए। पोखरामै चिनियाँ राजदूत चेन सोङले उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई राहत सामग्री हस्तान्तरण गरे।

भूकम्पलगत्तै चीनले नेपाललाई १० करोडबराबरको राहत सामग्री प्रदान गर्ने घोषणा गरेको थियो। उक्त राहत सामग्री मंगलबार आइसकेको छ। बुधबार पनि चीनले केरुङ नाकाबाट थप १० करोड रुपैयाँबराबरका राहत सामग्री पठाएको छ। पोखरामा सैन्य जहाजले ल्याएको सामग्री विगतमा घोषणा गरेको भन्दा बेग्लै हो।

चिनियाँ दुई जाहाज बिहान ९:३० बजे पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका थिए। विमानस्थलमा आयोजित कार्यक्रममा राजदूत सोङले उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठलाई चार हजार ६ सय थान कम्बल र उच्च गुणस्तरका ६ सय थान टेन्ट हस्तान्तरण गरेका थिए। ती सामग्रीको तौल एक लाख ७९ हजार केजी छ। चीनले प्रदान गरेका ती सामग्री सशस्त्र प्रहरीले पोखराबाट ट्रकमार्फत भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिम लाने भएको छ।

सहयोग सामग्री बुझेपछि उपप्रधानमन्त्री श्रेष्ठले चीनले प्रदान गरेको सामग्रीमध्ये कम्बल भूकम्प प्रभावित सर्वसाधारणलाई तत्कालै वितरण गरिने बताए। प्राप्त टेन्टहरू सरकारी कार्यालयहरू, पालिकाका कार्यालयहरू, स्वास्थ्य कार्यालयहरू, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत अन्य कार्यालयहरू सञ्चालनका लागि प्रयोग गरिने उनले बताए।

नेपाललाई संकटसँगै दुःख पर्दा चीनले सधैं साथ र सहयोग दिने गरेको भन्दै श्रेष्ठले चीनले आउँदा दिनमा समेत आवश्यक सहयोग गर्ने वचन दिएको बताए। नेपाल र चीनको सम्बन्ध निकै पुरानो रहेको भन्दै श्रेष्ठले ०७२ को भूकम्पसँगै तथा कोरोनाको समयमा चीनले गरेको सहयोगको स्मरण गरे।

राजदूत सोङले दुःखका समय नेपाली जनता र नेपाल सरकारसँग चीन सधैं साथमा साथ दिन तयार रहेको बताए। नेपालमा भूकम्पले गरेको क्षतिको जानकारी पाएसँगै राष्ट्रपति सी जिनपिङले दुःख व्यक्त गरेको भन्दै उनले चीन सरकार नेपालको सुख-दुःखमा सधैं साथ दिन तयार रहेको बताए।

५० हजारभन्दा...

पृष्ठ १ बाट क्रमशः

समस्या छ। प्रधानाध्यापक पदमबहादुर ओलीले समयमै विद्यालय सञ्चालन गर्न सकिने अवस्था नरहेको र वैकल्पिक व्यवस्थापनका विषयमा सोचिरहेको बताए। तर, कसरी विद्यालय सञ्चालन गर्ने भन्ने विषयमा ठोस योजना बनिनसकेको उनको भनाइ छ। त्यस्तै, विद्यार्थीहरू मनोवैज्ञानिक रूपमा त्रासमा रहेकाले पनि समयमै विद्यालय सञ्चालन हुने अवस्था नरहेको ओलीले बताए।

सानीभेरी गाउँपालिका- ५ को कालिका आधारभूत विद्यालयका त दुई भवन पूर्ण रूपमा ध्वस्त मात्रै भएका छैनन्, विद्यालयपरिसरमा नै धाँजा फाटेको छ। 'अब हाम्रो विद्यालय अहिले सञ्चालन भएको ठाउँमा चलाउन सकिने अवस्था छैन, दुई-दुईकोठे दुईवटा भवन पूर्ण रूपमा भत्किएका छन्, अर्को एउटा दुईकोठे भवन बस्न नमिल्ने गरी चर्किएको छ,' प्रधानाध्यापक रणजित पुनले भने, 'भवनको के कुरा गर्नु, जमिन नै धाँजा फाटेर बस्न सकिने अवस्था छैन।' ९५ विद्यार्थी अध्ययनरत यो विद्यालयमा बालविकासदेखि कक्षा पाँचसम्म पढाइ हुन्छ।

■ जाजरकोटमा ३२८ विद्यालयका १७३ भवन ध्वस्त, रुकुम पश्चिममा ७० विद्यालयमा क्षति

सामुदायिक र संस्थागत गरी चार सय ४४ विद्यालय रहेको जाजरकोटमा अधिकांश विद्यालयका भौतिक संरचना ध्वस्त भएका छन्। हालसम्मको विवरणअनुसार तीन सय २८ विद्यालयका एक सय ७३ भवन ध्वस्त भएको शिक्षा विकास तथा समन्वय इकाइ जाजरकोटका सूचना अधिकारी प्राविधिक सहायक तिलक भट्टराईले जानकारी दिए। उनका अनुसार पाँच सय १६ कक्षाकोठा ध्वस्त भएका छन्। त्यस्तै, एक सय ३९ शौचालय, ४३ घेराबार, पाँच विज्ञान प्रयोगशाला र दुई आइसिटी ल्याबमा पूर्ण क्षति पुगेको छ।

त्यस्तै, जिल्लाभर चार सय आठ विद्यालय भवनका एक हजार एक सय ४६ कक्षाकोठा, एक सय ९० शौचालय, ६१ घेराबार, नौ विज्ञान प्रयोगशाला, ११ पुस्तकालय र १५ आइसिटी ल्याबमा आंशिक क्षति पुगेको छ। यी भौतिक संरचनामा क्षति पुग्दा झन्डै ४० हजार विद्यार्थी प्रत्यक्ष प्रभावित हुने भट्टराईले बताए। जिल्लाभर ७१ हजार सात सय ६८ विद्यार्थी रहेको उनले बताए।

उता रुकुम पश्चिममा ५३ विद्यालयमा पूर्ण तथा १७ मा आंशिक क्षति भएको छ। जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका अनुसार आठबिसकोट नगरपालिकामा मात्रै ४३ विद्यालयमा क्षति पुगेको छ। ३३ विद्यालयमा पूर्ण र नौवटामा आंशिक क्षति भएको इकाइ प्रमुख ताराप्रकाश पुनले बताए। त्यस्तै, सानीभेरी गाउँपालिकामा १२ मा पूर्ण र सातमा आंशिक क्षति भएको गाउँ शिक्षा शाखा प्रमुख भूपालसिंह विष्टले बताए। त्यसबाहेक त्रिवेणी गाउँपालिकामा तीन विद्यालयमा पूर्ण, चौरजहारी नगरपालिकामा दुई विद्यालयमा पूर्ण, बाँफिकोट गाउँपालिकामा दुई विद्यालयमा पूर्ण तथा मुसिकोट नगरपालिकामा एकमा पूर्ण र एकमा आंशिक क्षति पुगेको शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ। आंशिक क्षति पुगेका विद्यालयमा पनि विद्यार्थीलाई भित्र राखेर पढाउन सकिने अवस्था नरहेको इकाइ प्रमुख पुनले बताए।

■ दुई जिल्लामा गरी ३९ विद्यार्थी, दुई शिक्षिका र एक कार्यालय सहयोगीको मृत्यु

जाजरकोटमा २१ र रुकुम पश्चिममा १८ गरी ३९ विद्यार्थीले भूकम्पमा ज्यान गुमाएका छन्। त्यस्तै, जाजरकोटमा दुई शिक्षिकाको पनि मृत्यु भएको छ भने रुकुम पश्चिममा एक कार्यालय सहयोगीको ज्यान गएको छ। शिक्षा विकास तथा समन्वय इकाइ जाजरकोटको तथ्यांकअनुसार जिल्लाभर ४८ विद्यार्थी घाइते भएका छन्। त्यस्तै, रुकुम पश्चिमा मृत्यु भएकामा १२ विद्यार्थी आठबिसकोट नगरपालिका र ६ जना सानीभेरी गाउँपालिकाका छन्। जिल्लामा एक शिक्षक र एक विद्यार्थी घाइते भएका छन्।

■ प्रभावित बालबालिकालाई मनोपरामर्श आवश्यक

भूकम्पका कारण सबैभन्दा बढी प्रभावित बालबालिका नै छन्। ज्यान गुमाउने पनि बालबालिका आधाभन्दा धेरै छन्। महिला पुनर्स्थापना केन्द्र ओरेक नेपाल रुकुम पश्चिमकी जिल्ला कार्यक्रम संयोजक दीपा धितालका अनुसार बालबालिकाहरूलाई सबैभन्दा बढी मनोसामाजिक परामर्शको आवश्यकता छ। यसतर्फ ध्यान नदिए बालबालिकामा ठूलो असर पर्ने उनको भनाइ छ। 'हेर्दा सामान्यजस्तो छ, तर बालमनोविज्ञानमा ठूलो चोट पुगेको छ, यसतर्फ ध्यान नदिने हो भने भोलिका दिनमा ठूलो समस्या निम्तिन सक्छ,' उनले भनिन्।'

आठबिसकोट नगर शिक्षा शाखाका प्राविधिक सहायक नरेन्द्र कार्की पनि बालमनोविज्ञानमा असर परेको बताउँछन्। यही अवस्थामा बालबालिका विद्यालय जाने अवस्था नरहेको उनको भनाइ छ। 'विद्यालयमा हुन्छ, घरमा हुन्छ वा सामुदायिक रूपमा हुन्छ मनोपरामर्शको आवश्यकता छ,' उनले भने।

भूकम्पपछि...

पृष्ठ १ बाट क्रमशः

प्रवेशद्वार भएको उपराष्ट्रपति यादवको भनाइ थियो। वाङको भ्रमणले सम्भावित सबै क्षेत्रमा नेपाल-चीन सम्बन्ध थप प्रगाढ हुने उनको विश्वास थियो।

तिब्बत सेक्रेटरी वाङले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको असोजमा भएको चीन भ्रमण तथा चार वर्षअघि चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणमा भएका समझदारी कार्यान्वयन गर्न तिब्बत सरकार तयार रहेको बताएका थिए। 'प्रधानमन्त्रीको भ्रमणमा भएका समझदारी लागू गर्ने उद्देश्यले म र प्रतिनिधिमण्डल नेपाल आएका छौं,' वाङलाई उद्धृत गर्दै उपराष्ट्रपतिका पराराष्ट्र मामिला सल्लाहकार विनोद पौडेलले भने।

वाङले २७ कात्तिकबाट मुस्ताङ र तिब्बतको ढोङ्बा काउन्टी जोड्ने कोरला नाका खुल्न लागेको पनि जानकारी दिएका थिए। 'कोरोनापछि बन्द भएका र परम्परागत नाकाहरू हामी क्रमशः खोल्दै जानेछौं,' वाङको भनाइ थियो। उपराष्ट्रपति यादवले ०२६ बाट नेपाल अल्पविकसित अवस्थाबाट विकासशील मुलुकमा स्तरोन्नति हुने आकांक्षामा सहयोग गर्न आग्रह गरेका थिए। 'तीव्र आर्थिक-सामाजिक रूपान्तरणको चिनियाँ अनुभवबाट हामी सिक्न चाहन्छौं,' उपराष्ट्रपति यादवले भने।

यादवले कनेक्टिभिटी, पूर्वाधार विकास, व्यापार, पर्यटन, लगानी र जनस्तरको सम्बन्धजस्ता महत्त्वपूर्ण क्षेत्रमा चीनसँगको साझेदारीलाई नेपालले प्रगाढ बनाउन चाहेको पनि उल्लेख गरे। उपराष्ट्रपति यादवले चीनका पूर्वप्रधानमन्त्री ली खछ्याङको निधनप्रति समवेदना व्यक्त गरे। तिब्बतका सेक्रेटरी वाङले उपराष्ट्रपति यादवलाई तिब्बत भ्रमणका लागि आग्रह पनि गरेको सल्लाहकार पौडेलले बताए।

दोलखाको...

पृष्ठ १ बाट क्रमशः

यसरी सुन तस्करीको रकम क्रिप्टोमार्फत भुक्तानीमा संलग्न महिमा माझीलाई प्रहरीले मंगलबार काठमाडौंमा पक्राउ गरेको छ। उनको मोबाइलमा क्रिप्टो करेन्टीको कारोबार देखिएको र विस्तृत अनुसन्धान भइरहेको सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले बताइन्।

'यसअघि विमानस्थलबाट भित्रिएको तीन सय ६३ केजी सुन तस्करीको पनि क्रिप्टोमार्फत नै कारोबार भएको देखिएको थियो,' एआइजी बज्राचार्य भन्छिन्, 'दोलखाबाट सुन तस्करी गर्ने गिरोहले पनि त्यसैगरी भुक्तानी गरेको पाइएको छ। यसतर्फ पनि अनुसन्धान भइरहेको छ।' विमानस्थलबाट सवारीसाधनका पाटपुर्जामा लुकाएर भएको सुन तस्करीमा क्रिप्टो कारोबारको अपराधमा नेपाल राष्ट्र बैंक ऐनअनुसार पनि अभियोग दायर भएको थियो। दोलखा प्रहरीले पनि क्रिप्टो कारोबार अपराधको पनि अनुसन्धान गरिरहेको छ।

पक्राउ परेका अभियुक्तहरूविरुद्ध नेपाल राष्ट्र बैंक ऐनअनुसार क्रिप्टो कारोबारको अभियोगमा पनि मुद्दा चलाउनेबारे छलफल भइरहेको दोलखाका प्रहरी प्रमुख डिएसपी दिपक खड्का बताउँछन्। क्रिप्टो कारोबारमा संलग्न अन्य केही व्यक्तिहरू फरार छन्। पछिल्लो सुन तस्करीको घटनामा क्रिप्टो कारोबारको मात्रा धेरै रहेको छ।

नेपालतर्फ सुन, चीनतर्फ यार्सागुम्बा तस्करी

दोलाबाट सुन तस्करी गर्ने चिनियाँ नेतृत्वको गिरोहले नेपालबाट भने चीनमा अवैध रूपमा यार्सागुम्बा लैजाने गरेको अनुसन्धानमा खुलेको छ। सुन तस्करीमै संलग्न व्यक्तिहरूलाई चिनियाँहरूले यार्सा ओसार्न पनि लगाएका थिए।

प्रहरी अनुसन्धानमा यार्सागुम्बा तस्करीको पनि पुष्टि भएको छ। तर, यार्सागुम्बा बरामद हुन नसकेकाले वनसम्बन्धी मुद्दा दायर गर्ने कि नगर्ने भन्नेमा टुंगो लागेको छैन।

डेढ महिनाअघि दोलखाको उत्तरी नाका फलेकबाट तस्करी भई आएको ११ किलो ४५ तोला सुन प्रहरीले बरामद गरेको थियो। पक्राउ परेकाविरुद्ध प्रहरीले अवैध रूपमा सुनको चोरी-पैठारी तथा संगठित अपराध कसुरमा अनुसन्धान गरिरहेको छ।

फलेक नाकाबाट सुन तस्करी गर्ने गिरोहका मुख्य नाइके चिनियाँ नागरिक ६६ वर्षीय टासी दावा भनिने आगर लामा र गेङ राउ भएको प्रहरीको भनाइ छ। त्यस्तै, दोलखाको बिगु गाउँपालिका- १ का ५५ वर्षीय नुर्बुछिरिङ शेर्पा र सुनमाला तामाङले पनि सघाएका थिए। तस्करीको सुन किन्ने काठमाडौंका सुन पसले दीपेन्द्र शाक्य र तिलक विक पनि पक्राउ परिसकेका छन्। सनत प्रधान, लालबहादुर तामाङ, पेम्बा तामाङ, च्याङ्बा भनिने चसमान तामाङ, केशर तामाङ, माधव मगर, चेतनाथ न्यौपाने पनि प्रहरी हिरासतमा छन्।

उनीहरूले यसअघि पनि सो नाकाबाट सुन तस्करी गर्दै आएका थिए। आलुको बोरामा लुकाएर सुन तस्करी गर्ने क्रममा बोरा नै चोरी भएपछि प्रहरीले तस्करीको सूचना पाएपछि सुन बरामद गरेको थियो। यो घटनाको अनुसन्धान अन्तिम चरणमा पुगेको प्रहरीले जनाएको छ।

अपडेट : जाजरकोट भूकम्पको भौतिक क्षति १२ जिल्लामा

२६ हजार ५२८ घर पूर्ण क्षतिग्रस्त, ३५ हजार ३९५ घरमा आंशिक क्षति

नयाँ पत्रिका

जाजरकोट भूकम्पले १२ जिल्लामा २६ हजार ५२८ निजी घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। अरू ३५ हजार ३९५ घरमा आंशिक क्षति भएको छ। यो तथ्यांक जिल्ला प्रशासन र पालिकाले उद्धार तथा आपतकालीन राहतपछि संकलन थालेयताको हो। एक सय ५३ जनाको ज्यान जाने गरी १७ कात्तिकको मध्यरात गएको भूकम्पबाट भएको भौतिक क्षतिको तथ्यांक संकलनकै क्रममा छ।

'यो प्रारम्भिक तथ्यांक हो, यही हप्ताभित्र तथ्यांक आइसक्छ,' राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले भने, 'पुनर्निर्माणको काम अगाडि बढाउन विस्तृत अध्ययन हुन्छ। त्यतिखर घरघरै गएर तथ्यांक संकलन हुनेछ।'

पश्चिम रुकुममा मात्र साढे १६ हजार घर ध्वस्त

जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रबिन्दु रहेको ६.४ म्याग्निच्युडको भूकम्पले निम्त्याएको भौतिक क्षति छिमेकी जिल्ला पश्चिम रुकुममा सबैभन्दा बढी छ। प्रारम्भिक तथ्यांकअनुसार पश्चिम रुकुममा मात्र १६ हजार ५७० घर पूर्ण क्षतिग्रस्त बनेका र नौ हजार ९६१ घरमा आंशिक क्षति पुगेको गृह मन्त्रालयले जनाएको छ।

त्यस्तै, जाजरकोटमा नौ हजार ७९४ घर पूर्ण क्षतिग्रस्त बन्दा २४ हजार ७०७ घरमा आंशिक क्षति पुगेको छ। तर, तथ्यांक संकलन जारी रहेकाले क्षतिग्रस्त घरको संख्या बढ्न सक्ने आकलन गरिएको छ। भूकम्पमा परी जाजरकोटमा १०१ र पश्चिम रुकुममा ५२ जनाको ज्यान गएको छ।

सल्यानमा १२९ घर ध्वस्त हुँदा ४१८ घरमा आंशिक क्षति पुगेको छ। रुकुम पूर्वमा दुई घरमा पूर्ण र १८२ घरमा आंशिक क्षति भएको छ। रोल्पामा २५ घर ध्वस्त हुँदा ८७ घरमा आंशिक क्षति पुगेको गृहले जनाएको छ। त्यस्तै, जुम्लामा पाँच घरमा पूर्ण क्षति पुगेको छ। दैलेख, बैतडी र कालीकोटमा एक-एक घर पूर्ण रूपमा क्षतिग्रस्त बनेका छन्। प्युठानमा ३१, दाडमा ७ तथा दैलेख र नवलपरासी पूर्वमा एक-एक घरमा आंशिक क्षति भएको छ।

जाजरकोटमा सबैभन्दा धेरै भौतिक क्षति सदरमुकाम खलंगामा

जाजरकोटमा सबैभन्दा धेरै भौतिक क्षति सदरमुकाम रहेको भेरी नगरपालिकामा भएको छ। खलंगा बजारसहितका क्षेत्रमा मात्र दुई हजार ५३० घर पूर्ण र चार हजार २३८ घरमा आंशिक क्षति पुगेको छ। यहाँ १४ हजार ९९७ जनसंख्या भूकम्पबाट विस्थापित भएको छ भने ३८ हजार २०१ व्यक्ति प्रभावित भएका छन्।

नलगाड नगरपालिकामा दुई हजार १०८ घर पूर्ण र चार हजार ४२८ घरमा आंशिक क्षति पुगेको छ। त्यस्तै, छेडागाड नगरपालिकामा एक हजार ९४५ घर ध्वस्त हुँदा चार हजार ५४५ घरमा आंशिक क्षति पुगेको विपत् प्राधिकरणको तथ्यांक छ। कुशे गाउँपालिकामा एक हजार ५०४ घर ध्वस्त भएका छन् भने तीन हजार ९८ घरमा आंशिक क्षति पुगेको छ।

भूकम्पको इपिसेन्टर बारेकोट गाउँपालिकामा मात्र एक हजार ३५ घर पूर्ण र दुई हजार २८६ घरमा आंशिक क्षति पुगेको छ। त्यस्तै, जुनीचाँदे गाउँपालिकामा ६३४ घरमा पूर्ण र तीन हजार ३४४ घरमा आंशिक क्षति पुगेको छ। शिवालय गाउँपालिकामा भने ३८ घर पूर्ण र दुई हजार ७६८ घरमा आंशिक क्षति पुगेको छ।

राष्ट्रपतिको एक महिनाको तलब भूकम्पपीडितलाई

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले एक महिनाको तलब भूकम्पपीडितलाई उपलब्ध गराउने भएका छन्। राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार आफ्नो एक महिनाको तलबबराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने भएका हुन्। राष्ट्रपति पौडेल मंगलबार भूकम्प प्रभावित क्षेत्रको अवस्था बुझ्न जाजरकोट र रुकुम पश्चिम पुगेका थिए। उनले २२ कात्तिकदेखि तय भएको युरोप भ्रमण भूकम्पका कारण स्थगित गरेका थिए। त्यस्तै, बुधबार राष्ट्रपति पौडेलले स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई शीतलनिवासमा बोलाएर भूकम्पबाट भएका घाइतेहरूको प्रभावकारी उपचार मिलाउन सुझाएका छन्।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०८/१३ गते दिनको ३:०० बजे सम्म

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय लहान, सिराहाँबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणीको नाम : अरुण कुमार यादव** बाबुको नाम : सुरज यादव बाजेको नाम : विहारी यादव ठेगाना : फुलकहाकट्टी-०५, सिरहा, हाल : धनगढीमाई-०५, सिरहा ना.प्र.नं. : १५३०४९/९७८, जारी मिति : २०६३/१०/११ जारी गर्ने कार्यालय : जि.प्र.का. सिरहा **कर्जा शिर्षक : हायर पर्चेज कर्जा** **कर्जा लिएको शाखा : लहान, सिराहा**	**क) नाम : सुरज यादव** बाबुको नामः विहारी यादव बाजेको नाम : विरे यादव ठेगाना : फुलकहाकट्टी-०५, सिरहा हाल : धनगढीमाई-०५, सिरहा ना.प्र.नं. : ११२०/४५०/२ जारी मिति : २०४४/१२/०९ जारी गर्ने कार्यालय : जि.का., सिराहा **ख) नाम : श्री वती देवी यादव** पतिको नामः सुरज यादव ससुराको नाम : विहारी यादव ठेगाना : फुलकाहाकट्टी-०५, सिरहा हाल : धनगढीमाई-०५, सिरहा ना.प्र.नं. : १५३०४९/९१६ जारी मिति : २०६३/१२/१० जारी गर्ने कार्यालयः जि.प्र.का., सिराहा
सुरक्षणमा रहेको धितोको विवरणः श्री सांग्रिला डेभलपमेन्ट बैंकको नाममा दर्ता कायम रहि ऋणी अरुण कुमार यादव भएको निम्नानुसारको सवारी साधन १ थान। **सवारी दर्ता नं.: प्र२–०१००१ च०४२१,** कम्पनीको नाम : टाटा मोटर्स लि. मोडेल : XENON - YODHA, सवारीको नाम : पिक अप बनेको साल :२०२१, हर्ष पावर/सि.सि. : २९५६ C.C. ईन्जिन नम्बर : 4SPCR10DYX616560, च्यासिस नम्बरः MAT464602MSR06697 सवारीको रङ्ग :सेतो, सवारीको प्रयोग : निजि	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०८२-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०८२-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदे जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय लहान, सिराहामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय, खादवारी संखुवासभाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मितिः २०८०/०७/२३ गते विहिवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (सांविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिएको विभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) लगायत भुक्तानी सम्बन्धि शर्त कबुलियत उलघंन गर्नु भएकोले निज ऋणीलाई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई बैक संग सम्पर्कमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलम

■ आइसिसी एकदिवसीय विश्वकप क्रिकेट-२०२३

पाँच खेलपछि साबिक विजेता इंग्ल्यान्ड विजयी

एजेन्सी



आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको साबिक विजेता इंग्ल्यान्डले लगातार पाँचौं हारपछि जित निकालेको छ। भारतमा चलिरहेको विश्वकपको बुधबारको खेलमा इंग्ल्यान्डले नेदरल्यान्ड्सलाई १६० रनले हरायो। जितसँगै इंग्ल्यान्ड सातौं स्थानमा उक्लेको छ। इंग्ल्यान्डले आठ खेलमा दुई जितका साथ ४ अंक बटुलेको छ। हारसँगै नेदरल्यान्ड्स पुछारमा रह्यो। यसअघि इंग्ल्यान्ड अस्ट्रेलियासँग ३३ रन, भारतसँग सय रन, श्रीलंकासँग आठ विकेट, दक्षिण अफ्रिकासँग २२९ रन र अफगानिस्तानसँग ६९ रनले पराजित भएको थियो।

पुनेमा पहिलो ब्याटिङ गरेको इंग्ल्यान्डले ५० ओभरमा नौ विकेटको नोक्सानीमा तीन सय ३९ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नेदरल्यान्ड्सले ३७.२ ओभरमा सबै विकेट गुमाएर १७९ रन मात्र जोड्यो। इंग्ल्यान्डको जितमा मोइन अलीले ८.२ ओभरमा ४२ रन खर्चेर तीन विकेट लिए। आदिल रसिदले आठ ओभरमा ५४ रन खर्चेर तीन विकेट हात पारे।

३४० रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले इनिङ्सको कुनै पनि समयमा इंग्ल्यान्डलाई चुनौती दिन सकेन। नेदरल्यान्ड्सका पाँच ब्याट्समान्यले गतिलो योगदान दिए पनि जितका लागि पर्याप्त भएन्।

ओपनर वेस्ले वारेसीले ६२ बलमा ३७ रन जोडेका थिए। नेदरल्यान्डले पहिलो दुई विकेट १३ रनको अन्तरमा गुमाएको थियो। ओपनर म्याक्स ओडवाडले ५ रन जोडे। कोलिन शून्यमा आउट भए। सो इनिङ्समा कप्तान स्कट एडवार्डले ४२ बलमा ३८ रन र तेजाले ४१ रनको योगदान दिए।

वेनको शतकीय इनिङ्स

यसअघि ब्याटिङ गरेको इंग्ल्यान्डका लागि वेन स्टोक्सले १०८ रनको शतकीय इनिङ्स खेलेका थिए। उनले ८४ बलको सामना गरी समान ६ चौका र छक्का प्रहार गरेका थिए। पुछारका क्रिस वाक्सले ४५ बलमा पाँच चौका र एक छक्काको सहयोगमा ५१ रन बनाए। ओपनर डाविद मालनले ७४ बलमा ८७ रन जोडे। उनले १० चौका र दुई छक्का प्रहार गरे। जोए रुटले ३५ बलमा २८ रन बनाए।

■ न्युजिल्यान्ड, पाकिस्तान र अफगानिस्तानबीच सेमिफाइनल समीकरण

विश्वकपको सेमिफाइनल दौडमा न्युजिल्यान्ड, पाकिस्तान र अफगानिस्तानबीच प्रतिस्पर्धा हुने देखिएको छ। इंग्ल्यान्डसँग १६० रनले पराजित भएसँगै नेदरल्यान्ड अन्तिम चारको दौडबाट बाहिरिएको छ। यसअघि सेमिफाइनलमा न्युजिल्यान्ड, पाकिस्तान, अफगानिस्तान र नेदरल्यान्डमध्ये एक टोली पुग्ने समीकरण बनेको थियो। विश्वकपमा भारत, दक्षिण अफ्रिका र अस्ट्रेलिया अन्तिम चारमा पुगेका छन्। ग्लेन म्याक्सवेलको करिअरकै उत्कृष्ट दोहोरो शतकीय इनिङ्सको मद्दतमा अस्ट्रेलियाले अफगानिस्तानलाई तीन विकेटले हराउँदै सेमिफाइनल स्थान पक्का गरेको थियो।

आयोजक भारत आठ खेलमा १६ अंकका साथ शीर्ष स्थानमा छ। विश्वकपको सेमिफाइनलमा पुग्ने पहिलो टोली भारत हो। भारतले चौथो स्थानमा रहने टोलीसँग १५ नोभेम्बरमा सेमिफाइनल खेल्नेछ। दोस्रो स्थानमा रहेको दक्षिण अफ्रिकाले आठ खेलमा १२ अंक जोडेको छ। दक्षिण अफ्रिकाले ६ खेलमा जित निकालेको छ। तेस्रो स्थानमा रहेको अस्ट्रेलियाले आठ खेलमा ६ जित निकाल्दै १२ अंक जोडेको छ। अस्ट्रेलियाले सेमिफाइनलमा दक्षिण अफ्रिकाविरुद्ध १६ नोभेम्बरमा प्रतिस्पर्धा गर्नेछ।

न्युजिल्यान्ड

विश्वकपमा उत्कृष्ट सुरुवात गरेको न्युजिल्यान्डले पछिल्ला चार खेलमा खराब नतिजा हात पारेको थियो। न्युजिल्यान्डले लगातार चार खेल जितदै सेमिफाइनलको दौड बलियो बनाएको थियो। तर, त्यसपछिका खेलमा पराजित हुँदा न्युजिल्यान्डले अन्तिम खेलको प्रतीक्षा गर्नुपरेको छ। न्युजिल्यान्डले आठ खेलमा समान चार जित र हारको सामना गरी आठ अंक जोडेको छ।

रनरेटको आधारमा न्युजिल्यान्ड चौथो स्थानमा छ। न्युजिल्यान्डले अन्तिम खेल बिहीबार श्रीलंकासँग खेल्नेछ। श्रीलंकालाई हराउँदा न्युजिल्यान्डको १० अंक हुनेछ। न्युजिल्यान्डको जितले सेमिफाइनल काफी छैन। न्युजिल्यान्डले पाकिस्तान र इंग्ल्यान्डबीचको खेलको नतिजा प्रतीक्षा गर्नुपर्छ।

पाकिस्तान

पाकिस्तानले विश्वकपमा सुरुका दुई खेल जित्यो। त्यसपछि पाकिस्तान लगातार चार खेलमा पराजित भयो। एक समय पाकिस्तान सेमिफाइनल दौडबाट बाहिरिने अवस्थामा थियो। पाकिस्तानले आठ खेलमा आठ अंक जोडेको छ। पाकिस्तान अहिले पाँचौं स्थानमा छ। पाकिस्तानले अन्तिम खेल शनिबार इंग्ल्यान्डसँग खेल्नेछ। रनरेट सुधार गर्न पाकिस्तानले इंग्ल्यान्डलाई फराकिलो अन्तरले हराउनुपर्नेछ। अफगानिस्तान र न्युजिल्यान्डले आ-आफ्नो अन्तिम खेल गुमाउँदा पाकिस्तानलाई फाइदा हुनेछ, हारले सेमिफाइनल दौडबाट बाहिरिनेछ।

अफगानिस्तान

चालू विश्वकपमा अफगानिस्तानले सनसनी नतिजा निकालेको छ। मंगलबार वाँखडे रंगशालामा अफगानिस्तानले विश्वकपको सर्वाधिक विजेता अस्ट्रेलियालाई हराउने लागेको थियो। तर, ग्लेन म्याक्सवेलको एकल इनिङ्समा अफगानिस्तान निराश भयो। अफगानिस्तानले पूर्वविश्वविजेता पाकिस्तान, इंग्ल्यान्ड र श्रीलंकालाई हराएको थियो। अफगानिस्तानले आठ खेलमा आठ अंक जोडेको छ। अहिले अफगानिस्तान छैटौं स्थानमा छ। अफगानिस्तान सेमिफाइनल खेल्न अन्तिम खेलमा शुक्रबार दक्षिण अफ्रिकालाई फराकिलो अन्तरले हराउनुपर्छ। सामान्य जितले अफगानिस्तान सेमिफाइनलमा पुग्न सक्दैन।

अंक-तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
भारत	८	८	०	१६	२.४५
द.अफ्रिका	८	६	२	१२	१.३७
अस्ट्रेलिया	८	६	२	१२	०.८६
न्युजिल्यान्ड	८	४	४	८	०.३९
पाकिस्तान	८	४	४	८	०.०३
अफगानिस्तान	८	४	४	८	-०.३३
इंग्ल्यान्ड	८	२	६	४	-०.८८
बंगलादेश	८	२	६	४	-१.१४
श्रीलंका	८	२	६	४	-१.१६
नेदरल्यान्ड	८	२	६	४	-१.६३

खेल संक्षेप

पशुपति कप २२ मंसिरबाट

धनगढी / छैटौं फारवेस्ट पशुपति कप फुटबल प्रतियोगिता २२ मंसिरबाट सुरु हुने भएको छ। आयोजक फारवेस्ट पशुपति युवा क्लबले बुधबार पत्रकार सम्मेलन गरी प्रतियोगिता २२ देखि २९ मंसिरसम्म धनगढी रंगशालामा हुने जानकारी दिएको हो। विजेताले पाँच लाख र उपविजेताले दुई लाख रुपैयाँ पुरस्कार पाउनेछन्। उत्कृष्ट खेलाडीलाई २५ हजार रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ। विभिन्न विधामा उत्कृष्ट खेलाडीलाई जनही १५ हजार रुपैयाँ दिइने आयोजक क्लबका अध्यक्ष खेम रावतले बताए।

खाँदबारी युथ क्लब विजयी

संखुवासभा / मानेभञ्ज्याङमा चलिरहेको आठौं अरुणभ्याली आमन्त्रित फुटबल प्रतियोगितामा बुधबार मिर्मिरे युथ क्लब विजयी भएको छ। मिर्मिरेले शीतलपाटी एफसीलाई टाइब्रेकरमा हरायो। निर्धारित समयमा दुवै क्लबले बराबरी खेलेका थिए। अर्को खेलमा पञ्चकन्या युथले कोशी प्रदेश पुलिसलाई २-० ले पाखा लगायो। यसैगरी, लोहोरुङ क्लबमाथि खाँदबारी युथ क्लबले टाइब्रकेरमा पाखा लगाएको छ। दुवै टोलीले निर्धारित समयभित्र १-१ गोल गरेका थिए।

आदर्श युवा विजयी

कास्की / शीतल ज्योति युवा क्लब र आदर्श युवा क्लब प्रथम खुला लामाचौर कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताअन्तर्गत बुधबार भएको पहिलो क्वार्टरफाइनमा शीतल ज्योतिले नेपाल प्रहरी गण्डकी प्रदेशको टोलीलाई ३-२ ले पाखा लगाउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेको हो। खेलमा शीतल ज्योतिका लागि सन्दीप गुरुङले ह्याट्रिक गरेका थिए। आदर्शले बानियाँ ब्रदर्स लामाचौरलाई ३-० ले पराजित गऱ्यो।

नवलपुरले तनहुँलाई हरायो

बागलुङ / प्रदेशस्तरीय बाग्लुङ टी-२० क्रिकेट प्रतियोगितामा नवलपुरले तनहुँलाई ५५ रनले हराउँदै सेमिफाइनल स्थान पक्का गरेको छ। समूह चरणको दोस्रो खेलमा २१२ रनको लक्ष्य पछ्याएको तनहुँ १७.५ ओभरमा १५६ रनमा अलआउट भयो। तनहुँका लागि दिनेश बुढामगरले ४५ बलमा ९७ रन बनाए। उनले १० चौका र ८ चक्का प्रहार गरेका थिए। नवलपुरका कप्तान कमल परियारले ४ ओभरमा १६ रन खर्चेर ४ विकेट लिए।

नेपाल पुलिस उपाधिनजिक

तिवारी यादव / नयाँ पत्रिका



नेपाल पुलिस क्लब प्रथम वीरगन्ज गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। पुलिसले बुधबार भएको सेमिफाइनलमा आयोजक भेट्रान सिटी क्लब वीरगन्जलाई टाइब्रेकरमा हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। निर्धारित समयमा दुवै पक्षले गोलरहित बराबरी खेल खेलेका थिए। त्यसपछि फाइनल पुग्ने टोलीको छिनोफनो टाइब्रेकरबाट भयो, जसमा पुलिसले बाजी मार्‍यो। टाइब्रेकरमा पुलिस र आयोजक टोलीले सात-सात पेनाल्टी प्रहार गरेका थिए। पुलिसका पाँच खेलाडीले गोल गरे। आयोजक टोलीका दुई खेलाडीले असफल प्रहार गरेपछि पुलिस फाइनलमा पुगेको हो।

नेपाल पुलिसका लागि उज्ज्वल राई, प्रताप गुरुङ र पृथ्वी चौधरीले गोल गरे। रामचन्द्र बाजे र बुद्ध तामाङको प्रहारलाई आयोजकका गोलरक्षकले बचाए। आयोजकका कार्लोस पटेलको पेनाल्टी मिस भएपछि नेपाल पुलिस विजयी भयो। खेलमा पुलिस क्लबका गोलरक्षक शत्रुधन चौधरी म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ प्राप्त गरे।

प्रतियोगितामा बिहीबार दोस्रो सेमिफाइनल खेल त्रिभुवन आर्मी र संकटा क्लबबीच हुनेछ। मधेश प्रदेशकै सबैभन्दा उच्च धनराशिको यो प्रतियोगिता २५ कात्तिकसम्म चल्नेछ। प्रतियोगितामा प्रथम हुने क्लबले ११ लाख ११ हजार र दोस्रो हुनेले पाँच लाख ५५ हजार रुपैयाँ पाउनेछन्।

अभिलाषा र प्रकृति फाइनलमा

नयाँ पत्रिका

अभिलाषा विष्ट र प्रकृति श्रेष्ठ तेस्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको महिला एकलमा बुधबार फाइनलमा प्रवेश गरेका छन्। वीर गणेशमान सिंह फाउन्डेसन तथा वीर गणेशमान सिंह स्पोर्टस् कमिटीद्वारा संयुक्त आयोजित प्रतियोगिताको सेमिफाइनलमा अभिलाषाले माहिका राणालाई ७-५ र ६-२ ले हराइन्। प्रकृतिले शुभांगीलक्ष्मी शाहलाई ४-६, ६-३ र ६-० को सेटमा पराजित गरिन्। पुरुष डबल्समा प्रदीप खड्का र निहालजंगबहादुर थापाको जोडीले स्वर्ण जित्यो। खड्काको जोडीले फाइनलमा सक्षमविक्रम शाह र प्रीतम परियारको जोडीलाई ४-६, ६-४ र १०-१ ले हरायो। भेट्रान ६५ वर्षमाथि पुरुष एकल फाइनलमा कमल थापाले विदुर विष्टलाई ४-१ र ४-० ले पराजित गर्दै शीर्ष स्थान हात पारे। यसैगरी, भेट्रान ३५ वर्षमाथि पुरुष एकलमा जितेन्द्र परियारले सन्तोष खत्रीलाई ६-२ र ७-६ ले पाखा लगाए।

कमलबहादुर भण्डारीले सीमान्त गुरुङलाई ६-३ र ६-२ ले पाखा लगाउँदै फाइनलमा स्थान पक्का गरे। ४५ वर्षमाथि पुरुष एकलमा विमलकुमार गुरुङलाई ६-२ र ६-२ को सोझो सेटमा पन्छ्याउँदै महेश श्रेष्ठ सेमिफाइनलमा पुगे। ४५ वर्षमाथि पुरुष डबल्समा रोहित सुनुवार र यज्ञबहादुर भण्डारीको जोडीले डेगेन्द्र श्रेष्ठ र चन्द्र शाहीको जोडीलाई ६-४ र ६-४ को सोझो सेटमा निराश पार्दै फाइनल यात्रा तय गऱ्यो।

सरालाई दोहोरो स्वर्ण

प्रतियोगिताअन्तर्गत जुनियरमा सरा पन्तले बुधबार दोहोरो स्वर्ण जितिन्। सराले यू-९ र यू-१० महिला एकलमा स्वर्ण जितेकी हुन्। सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको यू-९ फाइनलमा सराले थिअ श्रेष्ठलाई ४-० र ४-१ ले पराजित गरिन्। अर्को फाइनलमा सराले अनुश्री धोजूमाथि ६-२ र ७-६ (१३) को जित दर्ता गरिन्। यू-१० पुरुष एकल फाइनलमा विश्वविशेष डल्लाकोटी सुजन कुइँकेलेलाई ६-३ र ६-३ ले हराउँदै पहिलो भए। यू-१२ महिला एकलमा शिभाली गुरुङले साल्भी महर्जनलाई ६-१ र ६-० को सोझो सेटमा पाखा लगाउँदै पहिलो स्थान हात पारिन्।

यू-१४ पुरुष एकल फाइनलमा वृजेश अर्याल बोरिस अधिकारीलाई ६-२ र ६-३ ले पन्छ्याउदै शीर्ष स्थानमा रहे। पुरुष डबल्समा वृजेश अर्याल र शाश्वत बज्राचार्यको जोडीले अर्याश झा र सौर्य झाको जोडीलाई ६-० र ६-० ले हरायो।



एन्फा विशेष साधारणसभा आज

एन्फा अध्यक्ष नेम्वाङले अविश्वासको प्रस्ताव सामना गर्ने

रमेश सुवेदी / नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङले बिहीबार आफूविरुद्ध लागेको अविश्वासको प्रस्तावको सामना गर्दै छन्। एन्फाले बागमती प्रदेशको राजधानी हेटौंडामा विशेष साधारणसभा गर्दै छ। विशेष साधारण सभाका लागि एन्फाले कार्यसूची तयार गरिसकेको छ। गत २५ भदौमा एन्फाका ४९ सदस्यले अध्यक्ष र महासचिव किरण राईमाथि बर्खास्तीको निवेदन राखेका थिए। नेतृत्वमा पुगेको एक वर्ष नपुग्दै अध्यक्ष र महासचिवले आफूविरुद्ध बर्खास्त सामना गर्नुपरेका हुन्। एन्फामा कुल १०५ सदस्य छन्। जसमध्ये साधारणसभामा ८६ सदस्यसँग मात्र मताधिकार रहेको छ।

एन्फाको गत १७ असोजमा आपत्कालीन बैठक बसेको थियो। सो बैठकले महासचिव राईको बर्खास्तगी कार्यसमितिले मात्रै गर्न सक्ने र अध्यक्षले विशेष साधारणसभाबाट अविश्वासको प्रस्ताव सामना गर्ने निर्णय गरेको थियो। सो आपत्कालीन बैठकमा १२ सदस्य सहभागी भएका थिएनन्। हेटौंडामा बुधबार बिहान ११ बजेका लागि बोलाएको बैठक दिउँसो ४ बजे मात्र बस्न सक्यो। बैठकले मकवानपुरमा साधारणसभा गर्ने निर्णय गरेको हो। अध्यक्ष नेम्वाङले आवश्यक मत प्राप्त गर्न नसक्ने बैठकमा सहभागी एक सदस्यले बताएका छन्।

बहुमत सदस्यले राखेको महासचिवको बर्खास्तगी माग कार्यसमितिले निर्णय गर्न नसक्दा एन्फाको विवाद अदालतसम्म पुगेको थियो। भक्तपुर जिल्लाका सदस्य सुनील श्रेष्ठले अध्यक्ष नेम्वाङ, महासचिव राई र प्रवक्तालाई विपक्षी बनाउँदै २६ असोजमा मुद्दा राखेका थिए। पाटन उच्च अदालतले १६ कात्तिकमा अन्तरिम आदेश जारी नहुने भन्दै फैसला गरेको थियो। त्यसपछि अध्यक्ष र महासचिवविरुद्धको छिनोफनो साधारणसभाबाट हुने तय भएको हो।

वैधानिक साधारणसभा माग

एन्फाका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाले एन्फा विशेष साधारणसभा विधानसम्मत हुनुपर्ने माग राखेका छन्। शेर्पाले गत आइतबार एन्फालाई पत्र लेख्दै आसन्न विशेष साधारणसभा विधानअनुसार हुनुपर्ने र विधानविपरीत हुने कार्य रोक्न माग राखेका थिए। 'हामी साधारणसभाका सदस्यले अध्यक्ष र महासचिवको बर्खास्तगीका लागि विशेष साधारणसभा माग गरेका थियौं, एन्फाबाट सदस्यलाई पठाइएको पत्रअनुसार कार्यसूचीमा दुईमध्ये एउटा मात्र विषय समावेश गरिनु एन्फा विधानविपरीत छ,' उनले भनेका छन्, 'विधानको धारा ३६ को ४ बमोजिम सदस्यहरूले माग गरेको विषयवस्तु तथा बुँदाहरू विषयसूचीमा समावेश गरिनुपर्छ भन्ने स्पष्ट व्यवस्था गरिएको छ।' शेर्पाका अनुसार एन्फा विधानबमोजिम सदस्यको माग समावेश नगर्दा विशेष साधारणसभा औचित्यहीन हुनेछ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com